सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ पुस २०८१, आइतबार (12 Jan 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रविविरुद्ध जिल्लैपिच्छे फरक-फरक कानुन

कास्कीमा सहकारी ऐन, काठमाडौंमा मुलुकी अपराध संहिता, एउटै प्रकृतिका घटनामा फरक-फरक कानुनी प्रावधानको प्रयोगले अनुसन्धान र अभियोजन प्रक्रियाप्रति प्रश्न



■ स्वर्णलक्ष्मीको मुद्दामा हदम्यादको प्रश्न

■ सबैतिर संगठित अपराध चलाउने तयारी



● **रमण श्रेष्ठ**
वरिष्ठ अधिवक्ता

यो सरकारको बहुलट्ठीका आधारमा मुद्दा चलाएको हो। हदम्यादसम्बन्धी व्यवस्थादेखि कानुनहरू जथाभावी प्रयोग गरिएको छ।

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध एउटै घटनाका लागि प्रहरीले कास्की र काठमाडौंमा फरक-फरक कानुनअनुसार मुद्दा दायर गरेको छ। सहकारी ठगीको आरोप लागेका लामिछानेविरुद्ध कास्कीमा सहकारी ऐन, २०७४ अनुसार मुद्दा दायर छ भने काठमाडौंमा भने मुलुकी अपराध संहिता, २०७४ को ठगीसम्बन्धी महलअनुसार अभियोजन गरिएको छ।

विभिन्न सहकारीबाट गोर्खा मिडियामा रकम अपचलन गरेको उस्तै प्रकृतिका घटनामा फरक-फरक कानुनअनुसार अभियोग लगाइएको भन्दै अनुसन्धान प्रक्रियामाथि नै प्रश्न उठेको छ। रास्वपासहित विपक्षी दलका नेता र कतिपय कानुन व्यवसायीले रविविरुद्ध राज्य संयन्त्रले प्रतिशोधपूर्ण व्यवहार र अनुसन्धान गरेको आरोप लगाउँदै आएका छन्।

कास्कीको सहकारी ठगी मुद्दामा ६५ लाख रुपैयाँ धरौटीमा छुटेका लामिछाने आइतबार जिल्ला अदालत काठमाडौंमा उपस्थित हुँदै छन्। काठमाडौंमा उनलाई मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ठगी र संगठित अपराधको अभियोग लगाइएको छ।

स्रोतका अनुसार काठमाडौंमा सहकारी ऐन, २०७४ अनुसार मुद्दा चलाउन हदम्याद गुज्रिएकाले मुलुकी अपराध संहिताको सहायता लिइएको हो। सरकारी वकिल कार्यालयका एक अधिकारीले बताएअनुसार सहकारी ऐनअनुसार जाहेरी दर्ता भएको तीन महिनाभित्र मुद्दा दायर गर्नुपर्ने प्रावधान छ। तर, उक्त म्याद सकिएपछि मुलुकी अपराध संहिताको प्रयोग गरी मुद्दा दायर गरिएको हो।

पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठले अनुसन्धान र कानुनी प्रक्रियामा सरकारको हस्तक्षेप भएको टिप्पणी गरेका छन्। सरकारको निर्देशनमा मुद्दा

» पृष्ठ २ मा क्रमशः

■ सर्वोच्चको नजिर-

ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएकालाई थुन्न मिल्दैन

सर्वोच्च अदालतले सहकारीबाट ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएकालाई थुनामै राख्न नपर्ने आदेश दिएको छ। शिव शिखर सहकारीको बचत अपचलन मुद्दामा शिखर अर्गनाइजेसनका सञ्चालक तथा प्रबन्ध निर्देशक गीता शर्माको हकमा गत ५ पुसमा सर्वोच्च अदालतका



न्यायाधीश मल्ल न्यायाधीश पोखरेल

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुनीलकुमार पोखरेलको इजलासले यस्तो आदेश गरेको हो। अदालतले शर्मा ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएको भन्दै उनलाई थुनामै राख्न आवश्यक नरहेको ठहर गरेको छ।

त्यसअघि भक्तपुर जिल्ला अदालतले शर्मालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। तर, सर्वोच्च अदालतले उक्त आदेश उल्ट्याउँदै उनलाई थुनामै राख्न नपर्ने निर्णय सुनाएको हो। यस निर्णयले सहकारीसम्बन्धी मुद्दामा प्रत्यक्ष संलग्नता र जिम्मेवारीका आधारमा थुनामा राख्ने वा नराख्ने विषयमा नजिर प्रस्तुत गरेको छ।

शर्माको मुद्दामा अदालतको आदेशमा भनिएको छ, 'गीता शर्माले अनुसन्धान क्रममा र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी बयान गरेको देखिन्छ। निज प्रतिवादी शिव शिखर बहुउद्देश्य सहकारी संस्थाको अध्यक्ष, सञ्चालक अथवा ऋण प्रवाह गर्ने तहको कर्मचारी रहे-भएको भन्ने अभियोगपत्रलगायतका मिसिल संलग्न कागजातबाट नदेखिएको, केवल शिव शिखर सहकारीको तत्कालीन अध्यक्ष केदारनाथ शर्माको पत्नी यी निवेदक प्रतिवादीसमेत सञ्चालक रहेको शिव शिखर अर्गनाइजेसनमा सहकारीबाट ऋण प्रवाह भएको, यी निवेदक उल्लेखित सहकारीको कर्मचारी रही सहकारीबाट अपचलन भएको बचतकर्ताहरूको रकम म तिर्छु भनी प्रतिवादीले कागज गरेको भन्नेसमेतका प्रमाणबाट यी प्रतिवादीको हकमा मुलुकी फौजदारी कार्यविधि, २०७४ को दफा ६७ को अवस्था विद्यमान रही थुनामै राखी कारबाही गर्नुपर्ने स्थिति नदेखिँदा प्रतिवादी गीता शर्मालाई थुनामा राख्ने गरी जिल्ला अदालत भक्तपुरबाट भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट २०८० पुस १२ गते भएको आदेश मिलेको नदेखिँदा बदर गरिएको छ।'

लामिछानेका कानुन व्यवसायी राजेन्द्र सेढाईंले समेत कास्की जिल्ला अदालतमा यो नजिर पेस गरेका थिए। शर्मा सहकारीका अध्यक्षकी श्रीमती र सहकारीको कर्मचारीसमेत थिइन्। तर, लामिछानेको सहकारीसँग कुनै साइनो नभएको र कुनै पनि कर्जा नलिएकाले उनीविरुद्ध यो मुद्दा नै प्रतिशोधस्वरूप आएको अधिवक्ता सेढाईंको भनाइ थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

स्वार्थ समूहलाई स्टक एक्सचेन्जको लाइसेन्स दिन प्रतिवेदनमै चलखेल

अध्ययन समितिले सुरुमा धितोपत्र बोर्डका अधिकारी र विज्ञहरूसँग सहकार्य गरी प्रतिवेदनको मस्यौदामा कसिला मापदण्ड सिफारिसको प्रस्ताव गरेको थियो। तर, मन्त्रिपरिषद्मा बुझाइएको प्रतिवेदनमा ती कसिला मापदण्ड नै हटाइएको छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन हुने वा नहुने सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदनमै चलखेल भएको भेटिएको छ। नेपाल राष्ट्र बैंकका सञ्चालक चिन्तामणि शिवाकोटीको संयोजकत्वमा गठित समितिले धितोपत्र बोर्डका अधिकारीहरूसँगको सहकार्यमा तयार गरेको प्रतिवेदनमा नयाँ स्टक एक्सचेन्जको लाइसेन्स 'जोसुकैलाई दिनु उपयुक्त नभएको' निष्कर्ष निकालेको थियो। साथै, स्टक एक्सचेन्ज खोल्न चाहने सेयरधनी संगठित संस्थाको न्यूनतम चुक्ता पुँजी, सेयर संरचना र ट्र्याक रेकर्डसम्बन्धी कसिलो प्रावधान राखेर मापदण्ड बनाउनुपर्ने प्रस्ताव उल्लेख थियो। तर, अध्ययन समितिले सरकारलाई बुझाएको प्रतिवेदनमा ती सबै कसिला प्रावधान सिफारिसबाट हटाइएको छ।

राजस्वसचिवको टेबुलमै अड्कियो अध्ययन प्रतिवेदन

नयाँ पत्रिकाले शिवाकोटीको संयोजकत्वमा ०८० मा तयार भएको र ०८१ मा मन्त्रिपरिषद्मा बुझाएको दुईवटै प्रतिवेदन प्राप्त गरेको छ। ०८० मा तयार गरिएको प्रतिवेदनमा नयाँ स्टक एक्सचेन्जका लागि कडा मापदण्ड तय गर्नुपर्ने सिफारिस उल्लेख छ। स्टक एक्सचेन्जमा एक संगठित संस्थाले बढीमा पाँच प्रतिशत स्वामित्व लिने व्यवस्था हुनुपर्ने, स्टक एक्सचेन्ज खोल्न चाहने संस्थापक कम्पनीहरूको चुक्ता पुँजी कम्तीमा दुई अर्ब हुनुपर्ने, त्यस्ता कम्पनीहरूको कम्तीमा सात वर्षको सञ्चालित इतिहास (ट्र्याक रेकर्ड) हुनुपर्ने तथा तीन वर्षदेखि मुनाफामा रहेको हुनुपर्नेजस्ता मापदण्ड थिए। तर, ०८१ मा सरकारलाई बुझाइएको प्रतिवेदनमा यी मापदण्ड हटाइएको छ।

तथ्यांक संकलन र सम्बन्धित विवरणको विश्लेषणका लागि सहकार्य गरेर प्रतिवेदन तयार गरिएको बोर्डका एक अधिकारीले जानकारी दिए। ती अधिकारीले भने, 'हामीसँग (धितोपत्र बोर्ड) सहकार्य गरेर तयार पारिएको प्रतिवेदनमा

» पृष्ठ २ मा क्रमशः

यस्ता छन् हटाइएका कसिला मापदण्ड



प्रतिवेदन निर्माणका क्रममा विज्ञले स्टक एक्सचेन्जको लाइसेन्सको मापदण्ड कसिलो बनाउन सुझाएका थिए। सोहीअनुसार प्रारम्भिक प्रतिवेदन तयार पारियो। तर, स्वार्थ समूहको दबाबमा समितिले कसिला मापदण्ड हटाएर खुकुलो बनाई प्रतिवेदन प्रधानमन्त्री कार्यालयलाई बुझाएको छ।

- **स्टक एक्सचेन्जमा एक संगठित संस्थाले बढीमा पाँच प्रतिशत स्वामित्व लिने व्यवस्था हुनुपर्ने** (हाल बढीमा १५ प्रतिशत स्वामित्व लिन सक्ने व्यवस्था छ। यसमा प्रतिवेदन मौन छ।)
- **स्टक एक्सचेन्ज खोल्न चाहने कम्पनीहरूको कम्तीमा सात वर्षको सञ्चालित इतिहास (ट्र्याक रेकर्ड) हुनुपर्ने**
- **संस्थापक कम्पनीहरू तीन वर्षदेखि मुनाफामा सञ्चालनमा रहेको हुनुपर्ने**
- **स्टक एक्सचेन्ज खोल्न चाहने संस्थापक कम्पनीहरूको चुक्ता पुँजी कम्तीमा दुई अर्ब रुपैयाँ हुनुपर्ने**

(विज्ञहरूले स्टक एक्सचेन्जको नयाँ लाइसेन्स दिँदा कडा व्यवस्था गर्न माथिका तीन बुँदा प्राथमिकताका साथ राखेर ड्राफ्ट तयार गरेको थियो। तर, पछि अन्तिम रूप दिएर बुझाएको प्रतिवेदनमा स्वार्थ समूहको चलखेलका कारण यी प्रावधानहरू हटाइएको छ।)

१५ वर्षसम्म नेप्से सुधार्न सकिन्न भन्ने अध्ययन समितिको तर्क नै गलत



● **मुकुन्द पौडेल**, पूर्वसचिव

१५ वर्षसम्म पनि नेप्सेलाई सुधार गर्न सकिन्न भन्ने तर्क गलत छ। यो सरकारको इच्छाशक्तिमा भर पर्ने विषय हो। अध्ययन समितिले यस्ता तर्क गर्नु नै अनौठो भयो। नयाँ खोल्नुभन्दा हालको नेप्सेलाई नै सुधार गर्नुपर्ने आवश्यकता हो। रियल सेक्टर अझै विकसित भएका छैनन्। उत्पादनमूलक क्षेत्रमा काम गर्नुपर्ने र जोखिम मोल्नुपर्ने भएकाले कम चलखेल हुन्छ। तर, फाइनान्सियल सेक्टर र स्टक मार्केटजस्ता क्षेत्रमा जोखिम कम हुने र मुनाफा सुनिश्चित हुने भएकाले स्वार्थ समूहले चलखेल गर्छन्। सानो बजार र पुँजीबजार परिपक्व नभइसकेको अवस्थामा नयाँ स्टक एक्सचेन्जको आवश्यकता पनि छैन।

हामी तीन सदस्यले हस्ताक्षर गरेको प्रतिवेदनमा मात्र हामी जिम्मेवार छौं



● **चिन्तामणि शिवाकोटी**, संयोजक, अध्ययन समिति

सरकारले हामीलाई अध्ययनको जिम्मेवारी लगायो। हामीले सकेसम्म खोजतलास गर्यौं। बुद्धि-विवेकले भ्याएसम्म खोजी गर्यौं। रिपोर्ट बुझाइसकेपछि अब यो सरकारको सम्पत्ति भयो। सार्वजनिक गर्ने-नगर्ने सरकारको जिम्मा हो। हामी तीन सदस्यले हस्ताक्षर गरेको प्रतिवेदनमा मात्रै हामी जिम्मेवार छौं। अरू प्रतिवेदनमा के लेख्या छ, त्यसमा हामी जिम्मेवार छैनौं। १८० पेजको प्रतिवेदन आधिकारिक हो।

■ मदन भण्डारी राजमार्ग स्तरोन्नति

सट्टाभर्नाका लागि जग्गा नभेटिएपछि वनलाई ४६ किमिमा २३ करोड बुझाउनुपर्ने



मदन भण्डारी राजमार्गअन्तर्गत दमक- ३ बेलडाँगीमा सडकमा रहेका रुख

झापामा **चिरञ्जीवी घिमिरे**

मदन भण्डारी राजमार्गअन्तर्गत सुनसरी-झापा खण्ड निर्माणका लागि ठेक्का लागेको साढे तीन वर्षपछि बल्ल रुख कटानका लागि कागजी प्रक्रिया अघि बढेको छ। रुखका कारण ठेक्का लागेको सडक समयमा निर्माण सम्पन्न हुन सकेको थिए।

६ मंसिरको मन्त्रिपरिषद् बैठकले रुख कटान हुने क्षेत्रबराबरको जग्गा सट्टाभर्ना गर्ने निर्णय गरेसँगै कागजी प्रक्रिया अघि बढेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकले जनाएको छ। निर्माण सुरु भएको साढे तीन वर्षपछि मन्त्रिपरिषद्ले निर्णय गर्दा पनि ठेक्का लागेको ९८.८ किलोमिटरमध्ये बल्ल ४६ मिलोमिटरमा रहेको रुख हटाउन जग्गा सट्टाभर्नाको निर्णय गरेको आयोजना कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर सुवासकुमार दत्तले बताए।

» पृष्ठ २ मा क्रमशः

माओवादी, एकीकृत समाजवादी, नेकपा र नेसपाबिचको एकता अन्योलमा

चारै दलले एकताको सैद्धान्तिक निर्णय गरेको ६ महिना बित्नलाग्दा पनि अघि बढ्न सकेन एकता प्रक्रिया

(विस्तृत पृष्ठ ३)

बदलिँदो विश्व परिवेश र हाम्रो स्थिति



अग्रलेख

● डा. चन्द्र भण्डारी

नेतृत्व दूरदृष्टियुक्त, विश्वास गर्नलायक र जनतामा भरोसा जगाउन सक्ने भएन भने मुलुक अघि बढ्न सक्दैन

(पृष्ठ ४)

प्रहरीका १२ हजार जुनियर अधिकृत निराश

३० वर्षमा एक तह बढुवा भएर अवकाश लिनुपर्ने बाध्यता

संगठनको मेरुदण्ड मानिएका जुनियर प्रहरी अधिकारीको अपराध अनुसन्धानदेखि भिआइपी सुरक्षा तथा अपरेसनमा महत्त्वपूर्ण भूमिका, बढुवा नहुँदाको खस्किँदो मनोबलले शान्ति सुरक्षाकै प्रभावकारिता प्रभावित हुने जोखिम

नवराज मैनाली/नयाँ पत्रिका

नेपाल प्रहरी संगठनमा वृत्तिविकास योजनाको अभावले कनिष्ठ प्रहरी अधिकृतको मनोबल खस्कने अवस्था देखिएको छ। प्रहरी नेतृत्वले उनीहरूको वृत्तिविकासलाई प्राथमिकतामा नराख्दा ३० वर्षसम्म सेवा गरेका प्रहरी सहायक निरीक्षक (असइ)हरूले वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सइ) पदमै अवकाश लिनुपर्ने परिस्थिति उत्पन्न भएको छ। जुनियर प्रहरी अधिकारी नेपाल प्रहरी संगठनका मेरुदण्ड मानिन्छन्।


तल्लो तहमा बढुवाको जामका कारण लामो समयसम्म कनिष्ठ प्रहरी अधिकृत एउटै पदमा बस्नुपर्ने अवस्था छ। असइमा भर्ना भएर एक तह बढुवा भएपछि अवकाश पाउने अवस्थाले प्रहरी अधिकारीमा जागिरप्रतिको नैराश्यता बढ्दै गएको छ। 'एकातर्फ प्रहरीमा सेवा-सुविधा घट्दै गएको छ, अर्कोतर्फ बढुवामा यस्तो जामको अवस्था छ,' एक वरिष्ठ सइ भन्छन्, 'यस्तो अवस्थामा कसरी राम्रो सेवा दिन सक्छौं ?'

हाल बढुवाबाट पूर्ति हुने इन्स्पेक्टरका ४४ पद

» पृष्ठ २ मा क्रमशः

जुनियर अधिकृतमा कति दरबन्दी ?

प्रहरीमा जुनियर अधिकृतको दरबन्दी १२ हजार २११ छ। जसमध्ये वरिष्ठ नायब निरीक्षकको दरबन्दी एक हजार ४१८, नायब निरीक्षकको दुई हजार ८७८ तथा प्रहरी सहायक निरीक्षकको दरबन्दी सात हजार ९१५ छ।



● **पुस्कर कार्की**, पूर्वएआइजी

प्रहरीमा जुनियर अधिकृतको संख्या ठुलो छ, कुनै पनि घटनामा पहिला पुगेर नागरिकसँग डिल गर्ने भनेका उनीहरू नै हुन्। चौकी चलाउनेदेखि पेट्रोलिङमा यही दर्जा खटिन्छ, त्यसकारण उनीहरूको करिअरमा राज्यले ध्यान दिनुपर्छ। विगतमा धेरैपटक यस विषयमा प्रहरी प्रधान कार्यालयमा योजना बने पनि गृह र प्रहरी नेतृत्व बारम्बार परिवर्तन हुँदा कार्यान्वयन हुन सकेन। यो विषयमा गम्भीरताका साथ रिथिंक गर्ने वेला भएको छ। प्रहरी जुनियर अधिकृतलाई प्रोत्साहन गर्न नसक्ने पुलिसिङ खस्कन सक्छ।

● **एसएसपी विश्व अधिकारी**, प्रवक्ता, नेपाल प्रहरी

तुलनात्मक रूपमा प्रहरीको तल्लो तहको बढुवामा केही ढिलाइ हुने गरेको वास्तविकता हो। प्रहरी प्रधान कार्यालयले जुनियर प्रहरी अधिकृतका समस्याबारे विस्तृत अध्ययन नै गरेर समाधानका लागि पहल गर्दै आएको छ। अध्ययनपछि वरिष्ठ सइको दरबन्दी सिर्जना पनि भयो, प्रहरीमा थप दरबन्दी माग पनि भएको छ, राज्यले प्रहरी जनशक्ति व्यवस्थापनमा ध्यान दिन सकेमा वृत्तिविकासमा हुने ढिलाइ समाधान हुन्छ।

■ जवानको पनि उस्तै पीडा : **३० वर्ष सेवा गर्दा वरिष्ठ हवल्दारबाटै अवकाश हुने अवस्था**

जवानको पीडा पनि त्यस्तै छ। जवानमा भर्ना भएकाहरू ३० वर्ष सेवा गर्दा वरिष्ठ हवल्दारबाटै अवकाश हुने अवस्था सिर्जना भएको छ। जब कि विगतमा जवानबाट भर्ना भएका इन्स्पेक्टर तहसम्म पुग्थे। सशस्त्र प्रहरीले भने जवानमा भर्ना भएकाको वृत्तिविकासलाई ध्यानमा राखी असइ पदमा भर्ना नलिने प्रक्रिया अघि बढाएको छ। प्रहरीमा उच्च तहका लागि आवश्यक नै नभए पनि रातारात दरबन्दी थप्नेदेखि नियमावली नै संशोधनसम्मका घटना भएका छन्। तर, तल्लो तहका प्रहरीमाथि अन्याय हुँदा पनि प्रहरी नेतृत्व र गृह मन्त्रालयले उनीहरूको पीडा सम्बोधन गर्न सकेको छैन।



विकट गाउँमा जलविद्युत्सँगै सडक

मोटरबाटो पुगेपछि सिन्धुपाल्चोकका लिदी, नाम्फा, सञ्चगाउँ, निम्लुङ र गोल्चेका स्थानीयको जनजीवनमा फेरिएको छ। जलविद्युत् कम्पनीले धमाधम सडक पुऱ्याएकाले विकट गाउँमा उत्पादित आलु, मुला, जडीबुटीलगायत लेकाली क्षेत्रमा उपलब्ध कृषिउपज जलबिरे बजार र काठमाडौं सहरसम्म एकैदिनमा पुग्छ।



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

ब्रह्मायणी करिडोरमा दुई स्थानीय तह छन् बलेफी र जुगल। जुगल गाउँपालिका हिमालमुनिको विकट पहाडी क्षेत्र हो। एक वर्षअघि तेम्बाथाङ, दिपु, लिदी, गोल्चे, निम्लुङ, सञ्चगाउँ, नाम्फा र गुम्बा गाउँको जनजीवन भौगोलिक विकटताले कठिन थियो। तर, जब ब्रह्मायणी नदीमा मिसिने ठुला-साना सबै खोलामा जलविद्युत् आयोजना बन्न थाले, तब विकट गाउँको दुःख कम हुँदै गएको छ। किनकि, जलविद्युत् कम्पनीले गाउँमा मोटरबाटो पुऱ्याउन लगानी गरेका छन्।

» पृष्ठ २ मा क्रमशः

रविविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

दायर भएकाले जिल्लाअनुसार फरक-फरक कानुनको सहारा लिइएको उनको भनाइ छ। 'यो सरकारको बहुलट्ठीका आधारमा मुद्दा चलाइएको हो। हदम्यादसम्बन्धी व्यवस्थादेखि कानुनहरू जथाभावी प्रयोग गरिएको छ,' उनले भने।

कास्की र काठमाडौंमा उनीमाथि लागेको अभियोग एकै प्रकृतिको छ। सहकारीबाट गोर्खा मिडियामा गएको रकम चेक काटेर खर्च गरेको अभियोग उनीमाथि छ। कास्की र काठमाडौंमा उनीविरुद्ध मुद्दा दायर भइसकेको छ भने चितवन, रुपन्देही र पर्सामा दायरको तयारी भइरहेको छ।

उस्तै कसुरमा फरक-फरका कानुनअनुसार मुद्दा दायर गरिएपछि लामिछानेका कानुन व्यवसायीले प्रश्न उठाएका छन्। 'नेपालमा विशेष कसुरहरूको कानुनी व्यवस्थाका लागि विशेष ऐनहरू बनाइएका छन्,' लामिछानेका कानुन व्यवसायी अधिवक्ता नारायण कँडेल भन्छन्, 'त्यसैले सहकारी संस्थामा आर्थिक अपचलन वा ठगीका मुद्दाहरूमा सहकारी ऐन लागू हुनुपर्ने हो।'

अभियोगपत्रमा प्रमाणका रूपमा भने सहकारी ऐनअनुसारका प्रावधान राखिएका छन्। 'अभियोगपत्रमा कसुर स्थापित गर्न सहकारी ऐनअनुसार त्यसको दफा ५० को आफ्ना सदस्यहरूलाई मात्र ऋण दिन सक्ने परिच्छेदलाई उद्धृत गरिएको छ र अनि अभियोजनमा चाहिँ सोही ऐनअनुसार नगरी मुलुकी अपराधसंहिताको दफाको सहारा लिइएको छ,' एक कानुन व्यवसायी भन्छन्, 'मुलुकी अपराध संहिता दफा ३८ ले विशेष ऐन लागू हुने अवस्थामा साधारण ऐनको प्राथमिकता नहुने व्यवस्था गरेको छ।'

लामिछानेमाथि विशेष ऐनको नभई मुलुकी अपराध संहिताको दफा लगाएपछि यसमा पनि राजनीतिक प्रतिशोध भएको आरोप रास्वपा नेताहरूको छ। महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहाल भने लामिछानेमाथि फरक-फरक कानुन लगाइएको विषयमा मिसिल हेरेर मात्र त्यसबारे प्रतिक्रिया दिन सकिने बताउँछन्।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीसम्बन्धी अभियोगपत्रमा सहकारी ऐनअनुसार आवश्यक कारबाही र अनुसन्धान गरिदिन बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय कानुन तथा कार्यान्वयन फैसला शाखा, हेटौंडाले ४ माघ ०८० मा लेखेको पत्रमा उल्लेख छ। तर, लामो समय प्रहरीले अनुसन्धानमा चासो दिएन। झन्डै एक वर्षपछि बल्ल फरक ऐनअनुसार मुद्दा दायर गरिएको छ।

स्वर्णलक्ष्मीको मुद्दामा पनि हदम्याद नाघिसकेको कानुनी व्यवसायीहरूको दाबी छ। सहकारी ऐन, २०७४ अनुसार जानकारी प्राप्त भएको मितिले ९० दिनभित्र मुद्दा दर्ता गरिसक्नुपर्ने हुन्छ। यो मुद्दाको जाहेरी २५ चैत ०८० मा परेको थियो, जसको हदम्याद २५ असार ०८१ मा सकिएको देखिन्छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ (१) अनुसार मुद्दा प्रस्तुत गरेको अनुसन्धान प्रतिवेदनमा छ।

हदम्याद गुज्रिएको अवस्थामा स्वर्णलक्ष्मीको मुद्दा अघि बढाइएको हुँदा कानुनी प्रक्रिया र अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठेको छ। यसअघि कास्कीको मुद्दा पनि हदम्याद नाघिसकेपछि चलाइएको भन्दै प्रतिवादीतर्फका वकिलहरूले समेत प्रतिवाद गरेका थिए।

काठमाडौंमा पनि रवि लामिछानेलगायतविरुद्ध ठगीसहित संगठित अपराधको मुद्दा पनि लगाइएको छ। रविपक्षीय कानुन-व्यवसायीहरूले अभियोजन पक्षले सामूहिक अपराध र संगठित अपराधका भिन्नता नै नबुझेको विषय कास्की जिल्ला अदालतमा पनि उठाएका थिए। 'धेरैजनाले अपराध गर्दैमा त्यो संगठित अपराध हुँदैन' भन्ने उनीहरूको तर्क थियो।

ऐनअनुसार संगठित अपराधमा समान उद्देश्य लिएर कार्य गर्ने संगठित समूहको उपस्थिति आवश्यक हुन्छ। 'सहकारीको अनियमिततामा रवि लामिछानेको संलग्नता देखाउन कुनै संगठित समूहको योजनाबद्ध गतिविधि प्रमाणित भएको छैन,' रविपक्षीय कानुन व्यवसायी भन्छन्, 'उनले सहकारीमा कुनै नेतृत्वपूर्ण भूमिका लिएको प्रमाण छैन।'

उनलाई सबै सहकारीमा संगठित अपराध लगाउनु र संगठित अपराध लागेका सहकारीको मुद्दा मिलापत्रसमेत गर्न नमिल्ने गरी सरकारले अध्यादेशमार्फत कानुन ल्याउनुले यो प्रावधान उनलाई नै लक्षित गरी ल्याइएको आरोप लागेको छ। प्रहरी स्रोतका अनुसार रविविरुद्ध रुपन्देही, चितवन र पर्सामा पनि संगठित अपराध लगाउने तयारी छ। सामान्यतः मूल अभियोगमा संगठित अपराध नलगाएर पूरक अभियोगमा मात्र संगठित अपराधको अभियोग जोडिएको यो पहिलो घटना भएको प्रहरी अधिकारी बताउँछन्।

प्रहरीका १२ हजार...

पृष्ठ १ बाट क्रमशः

रिक्त छन्। जसमा ०५८ मा भर्ना असइको टोली दाबेदार छ। जुन ब्याचमा ८८ जना हाल वरिष्ठ नायब निरीक्षक छन्। यो ब्याच इन्स्पेक्टर हुन अझ दुई वर्ष लाग्नेछ। त्यसपछि ०६० मा भर्ना भएका १३२ जना असइको ब्याच छ। सो ब्याच इन्स्पेक्टर हुन ०८७ लाग्ने अवस्था छ। यही हिसाबले त्यसपछिका असइका ब्याचका अधिकारी ३० वर्ष सेवाअवधि पुग्दा पनि इन्स्पेक्टरमा बढुवा नहुने परिदृश्य छ।

०७२ मा ल्याइएको प्रहरी नियमावलीका कारण पनि तल्लो तहमा जाम बढेको हो। ०४९ को प्रहरी नियमावलीअनुसार रिक्त हुने इन्स्पेक्टरका पदमा ५० प्रतिशत बढुवाबाट तथा ५० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने प्रावधान थियो। ०७२ मा संशोधन गरी ६० प्रतिशत खुला प्रतिस्पर्धा तथा ४० प्रतिशत मात्र बढुवाबाट पदपूर्ति गर्ने प्रावधान राखियो। जसले तल्लो तहको बढुवा प्रभावित हुँदा २०औँ वर्षसम्म एउटै पदमा रहनुपर्ने पीडाजनक अवस्था जुनियर प्रहरी अधिकारीको छ।

प्रहरी प्रधान कार्यालयले यही समस्या समाधान गर्न भन्दै तीन वर्षअघि इन्स्पेक्टर र सइको बिचमा वरिष्ठ सइको नयाँ पद सिर्जना गऱ्यो। तर, उनीहरूको फुली थपिए पनि तलब सइको भन्दा घटेपछि उनीहरू थप निराश छन्। एक वरिष्ठ सइ आफ्नो पीडा सुनाउँछन्, '०५८ मा असइमा भर्ना भएँ, ०६२ मा सइ भएँ, सइ हुँदा जन्मिएको छोरा स्नातक गरेर इन्स्पेक्टरमा भर्ना हुने वेला हुन लागिसक्यो। म २० वर्षदेखि एउटै पदमा छु, पीडाका के कुरा गर्नु ?'

थपिएको पदलाई कनिष्ठ प्रहरी अधिकृतमै राखिएको छ। 'यदि हामीलाई अधिकृत तहको पद मानिएको भए पनि एउटा प्रोत्साहन हुन्थ्यो,' अर्का वरिष्ठ सइ भन्छन्, 'एउटा तारा थपिदिए केही दिनलाई खुसी बनाएजस्तो मात्र भयो। नेतृत्वले हाम्रो पीडा बुझ्न सकेन।'

अपराध अनुसन्धानदेखि भिआइपी सुरक्षा तथा अपरेसनमा जुनियर प्रहरी अधिकारीकै महत्वपूर्ण भूमिकामा हुने भएकाले उनीहरूलाई संगठनको मेरुदण्ड मानिन्छ। जोखिमपूर्ण काममा पनि उनीहरू नै खटिँदै आएका छन्। प्रहरीकै यही वर्ग हतोत्साहित हुँदा सिंगो सुरक्षा व्यवस्थामै यसको नकारात्मक प्रभाव पर्ने अवस्था छ।

प्रहरीमा जुनियर अधिकृतको दरबन्दी १२ हजारभन्दा धेरै छ। कुल ७९ हजार ५४१ दरबन्दी रहेकोमा वरिष्ठ नायब निरीक्षकको दरबन्दी एक हजार ४१८, नायब निरीक्षकको दुई हजार ८७८ तथा प्रहरी सहायक निरीक्षकको दरबन्दी सात हजार ९१५ गरी कुल १२ हजार २११ दरबन्दी छ।

बढुवा जामको समस्या समाधानका लागि गृह मन्त्रालयमा माथिल्लो पदमा समायोजन गर्नबारे पनि गृह मन्त्रालयमा छलफल भइरहेको स्रोत बताउँछ। सशस्त्र प्रहरी बलमा पनि गत वर्ष तल्लो तहका केही पद कटौती गरी माथिल्लो पद थपेर बढुवाको जाम खुलाइएको थियो। सामान्य मात्र आर्थिक भार पर्ने भएकाले नेपाल प्रहरीमा पनि यही मोडालिटीअनुसार समायोजन गरेर तल्लो तहका प्रहरीको मनोबल बढाउनुपर्ने विषयमा कुरा उठेको छ।

दोस्रो विकल्पका रूपमा इन्स्पेक्टरको दरबन्दी थपको विषय छ। प्रहरी समायोजनका लागि ३०४ थप इन्स्पेक्टर आवश्यक रहेको भनेर प्रहरी प्रधान कार्यालयले औँल्याएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार हरेक स्थानीय तहमा कम्तीमा इन्स्पेक्टरको नेतृत्वमा प्रहरी परिचालन गर्ने संगठन तथा व्यवस्थापन सर्वेक्षण पास भइसकेको छ। तर, सरकारले दरबन्दी नथप्दा कार्यान्वयन हुन सकेको छैन। तेस्रो विकल्पका रूपमा वरिष्ठ सइलाई अधिकृत तहको दर्जा दिन सकिने विषयमा पनि प्रस्ताव अघि बढेको गृह मन्त्रालयका एक अधिकारी बताउँछन्। यो विकल्पले वरिष्ठ सइ दर्जाको सम्मान पनि हुने र राज्यलाई ठूलो भार पनि नपर्ने अवस्था छ।

दिनमा १६ घण्टासम्म ड्युटीमा खटिनुपर्ने, तर सेवा-सुविधा कम हुँदा प्रहरीको जागिरमा पछिल्लो समय आकर्षण कम छ भने जागिर छाड्ने प्रवृत्ति पनि बढेको छ। अनुसन्धानलगायत विभिन्न क्षेत्रमा दक्ष प्रहरी अधिकारी सेवा-सुविधा र करिअरको कारण देखाएर राजीनामा दिएर बाहिरिने गरेका छन्। यसको मुख्य कारण बढुवामा भइरहेको ढिलाइ पनि एक हो।

विगतमा राष्ट्रसंघीय शान्ति मिसनमा जाने अवसर पनि प्रहरीलाई थियो। त्यो पनि हाल वर्षमा करिब ४० जनाले मात्र अवसर पाउँछन्। त्यसमा जुनियर अधिकृत थोरै हुन्छन्। विदेश तालिममा पनि माथिल्लो तहकै प्रहरीको हालिमुहाली हुने गरेको छ। यस्तो अवस्थामा बढुवामा पनि समस्या बढ्दै गएपछि प्रहरीको तल्लो तहमा प्रहरी जागिरप्रति विरक्त भइरहेका छन्। यसले शान्ति सुरक्षाकै प्रभावकारिता खस्कने जोखिम छ। पूर्वएआइजी पुस्कर कार्की प्रहरी जुनियर अधिकृतलाई प्रोत्साहन गर्न नसक्ने पुलिसिङ खस्कने बताउँछन्। प्रहरी प्रवक्ता एसएसपी विश्व अधिकारी कनिष्ठ प्रहरी अधिकृतहरूको बढुवा तुलनात्मक रूपमा ढिला हुने गरेको स्वीकार गर्छन्।

६ महिनासम्म कार्यान्वयन भएन वरिष्ठ सइको ग्रेड बढाउने सर्वोच्चको परमादेश

एउटै तहमा लामो समय बस्नुपरेको भन्दै सरकारले तीन वर्षअघि नेपाल प्रहरीमा वरिष्ठ नायब निरीक्षक पद सिर्जना गरी बढुवा गऱ्यो। बढुवा गरेर सरकारले उनीहरूको काँधमा फुली त थप्यो, तर तलब भने खाइपाइ आएको भन्दा घट्यो। दर्जा बढ्दा तलब घटेपछि वरिष्ठ सइहरूले त्यसविरुद्ध विभिन्न निकायमा गुनासो गरे, तर सुनुवाइ भएन। अन्ततः उनीहरू अदालतको ढोकामा पुगे। सर्वोच्च अदालतले गत १६ साउनमा उनीहरूको तलब वृद्धि गर्न सरकारलाई परमादेश दियो। तर, त्यो परमादेश पनि ६ महिनासम्म कार्यान्वयन हुन सकेको छैन। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र शारंगा सुवेदीको इजलासले दिएको परमादेश कार्यान्वयन नभएपछि प्रहरी अधिकारीहरू अदालतको अवहेलना मुद्दामा जाने तयारी गरेका छन्।

कनिष्ठ प्रहरी अधिकृतहरूको बढुवा हुन लामो समय लाग्ने गरेको भन्दै ०७८ मा सरकारले प्रहरी नियमावली संशोधन गरी सइ र इन्स्पेक्टरबिच वरिष्ठ सइ पद थपेको थियो। जसअनुसार ०७८ को चैतमा एक हजार ४१८ जना वरिष्ठ सइमा बढुवा भएका थिए। तर, उनीहरूको तलब २६२ रुपैयाँ घटेको थियो। वरिष्ठ सइको आधारभूत तलब ४० हजार ९९८ रुपैयाँ छ। उनीहरूले अधिकतम दुई ग्रेड थप पाउने भएकाले तीन हजार ७३२ मात्र पाउने गरेका छन्। तर, सइको तलब भने ४३ हजार ९९४ रुपैयाँसम्म छ।

स्वार्थ समूहलाई...

पृष्ठ १ बाट क्रमशः

कसिला प्रावधान उल्लेख थिए। तर, मन्त्रिपरिषद्लाई बुझाइएको प्रतिवेदनमा के छ त्यो हेर्न पाइएन।' प्रारम्भिक प्रतिवेदनमा नयाँ स्टक एक्सचेन्जमा एउटा संगठित संस्थाले पाँच प्रतिशतभन्दा बढी सेयर स्वामित्व लिन नपाउने मापदण्ड ल्याउन सिफारिस गरिएको थियो। त्यस्तै, प्रतिवेदनले चुक्ता पुँजी तीन अर्ब रहेको कम्पनीमा एउटा संगठित संस्थाले बढीमा पाँच प्रतिशत मात्रै स्वामित्व लिएको हुनुपर्ने मापदण्ड निर्धारण गर्नुपर्ने सुझाव दिएको थियो। स्टक एक्सचेन्ज स्थापना गर्न चाहने संस्थापक कम्पनीहरूको चुक्ता पुँजी कम्तीमा दुई अर्बको हुनुपर्ने व्यवस्था गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख थियो।

स्टक एक्सचेन्ज खुलाउन इच्छुक संस्थापक कम्पनीहरू कम्तीमा सात वर्षदेखि निरन्तर सञ्चालनरत हुनुपर्ने मापदण्ड तय गर्नसमेत सुझाव दिइएको थियो। तर, मन्त्रिपरिषद्मा पेस भएको प्रतिवेदनमा यी सबै सिफारिसका विषय हटाइएको छ।

हाल धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ (दोस्रो संशोधन)ले एक संगठित संस्थाले बढीमा १५ प्रतिशत मात्रै स्वामित्व लिन पाउने व्यवस्था गरेको छ। समितिले प्रारम्भमा तयार पारेको प्रतिवेदन कार्यान्वयन गर्न नियमावली नै संशोधन गर्नुपर्ने हुन्थ्यो। त्यसमा पनि नियमावलीले तोकेको मापदण्डबमोजिम व्यापारिक घराना समूहका सेयर स्वामित्वका अन्नपूर्ण स्टक एक्सचेन्ज र हिमालयन स्टक एक्सचेन्जले यसअघि नै बोर्डमा आवेदन दिइसकेका थिए। कसिला मापदण्ड सिफारिस गरिएको प्रतिवेदन संशोधन गरेर निश्चित घराना समूहकै कम्पनीलाई लाभ पुग्ने गरी स्टक एक्सचेन्जको लाइसेन्स दिन चलखेल भएको देखिन्छ। समितिका संयोजक चिन्तामणि शिवाकोटीले सरकारलाई बुझाएको प्रतिवेदन आधिकारिक हुने भएकाले अरू रिपोर्टको औचित्य नभएको जिकिर गरे। उनले हस्ताक्षर नभएको प्रतिवेदन मान्य नहुनेसमेत बताए।

यस्ता छन् नयाँ स्टक एक्सचेन्ज खुलाउने विषयमा समितिको सिफारिस

नयाँ स्टक एक्सचेन्ज खोल्न हाल धितोपत्रसम्बन्धी कानुनले तोकेको न्यूनतम चुक्ता पुँजी तीन अर्ब कायम गरेको हुनुपर्ने तथा यस्तो न्यूनतम चुक्ता पुँजी वेलावेलामा नियामक निकायले तोकेबमोजिम कायम गर्नुपर्ने सर्त तोक्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। विश्वका अन्य देशहरूमा संस्थागत रूपमा सुशासन कायम गरेका संगठित संस्था तथा विकसित धितोपत्र बजारलाई रणनीतिक साझेदारको रूपमा भित्र्याएको संस्थालाई अनुमतिमा प्राथमिकता दिनुपर्ने सिफारिसमा उल्लेख छ। नयाँ स्टक एक्सचेन्जको स्वामित्वमा विविधीकरण हुने गरी धितोपत्र विनिमय बजारमा विशेष अनुभव एवं व्यावसायिक रूपमा दक्ष संस्थाहरूको प्रवेशलाई अनुकूल हुने गरी दोस्रो बजार सञ्चालन गर्नुपर्ने उल्लेख छ।

त्यस्तै, योग्य, अनुभवी र न्यूनतम शैक्षिक योग्यता भएको व्यक्तिलाई सञ्चालक बनाउनुपर्ने, सञ्चालकले गर्न हुने र नहुने कार्यहरू तोक्नुपर्ने, कम्तीमा एक महिलासहित कम्तीमा पाँचजनाको सञ्चालक समिति बनाउने र बहुमत सदस्य स्वतन्त्र व्यक्ति हुनुपर्ने सुझावमा उल्लेख छ। स्टक एक्सचेन्जले चुक्ता पुँजीको कम्तीमा ३० प्रतिशत साधारण सेयर सर्वसाधारणका लागि निष्कासन गर्ने प्रतिबद्धता गरेको हुनुपर्ने पनि उल्लेख छ। त्यस्तै, नेप्से र धितोपत्र बोर्डको पुनर्संरचनाका लागि पनि समितिले सुझाव दिएको छ। बोर्डले १५ वर्षदेखि नयाँ स्टक एक्सचेन्जका लागि अर्थ मन्त्रालय गुहार्दै आएको उल्लेख गर्दै समितिले यसलाई स्वायत्तता दिनुपर्ने तर्क राखेको छ।

१५ वर्षसम्म पनि नेप्से पुनर्संरचना गर्न नसकिने अनौठो दाबी

अध्ययन समितिले प्रतिवेदनमा आगामी १५ वर्षसम्म पनि नेप्सेको पुनर्संरचना हुने विश्वस्त आधार नभएको तर्क राखेको छ। प्रतिवेदनको निष्कर्ष छ, 'नेप्से को पुनर्संरचना गर्ने धारणालाई नराम्रो भन्न सकिएन। तर, नेप्सेको पुनर्संरचना गर्ने सोच राख्यो भने अर्को १५ वर्षसम्म पनि पुनर्संरचनाको योजनाले सार्थकता पाउने कुरामा विश्वस्त बन्न सकिएन। विगत १५ वर्षको अनुभवले यही देखायो।'

तर, १५ वर्षसम्म नेप्से पुनर्संरचना गर्न सकिन्न भन्ने अध्ययन समितिको तर्क निराधार भएको विज्ञहरू बताउँछन्। पूर्वसचिव मुकुन्द पौडेलले सरकारको इच्छाशक्ति दृढ भएमा कुनै पनि सार्वजनिक संस्थान वा निकाय पुनर्संरचना गर्न सम्भव भएको बताए। उनले भने, '१५ वर्षसम्म पनि नेप्सेलाई सुधार गर्न सकिन्न भन्ने तर्क गलत छ। यो सरकारको इच्छाशक्तिमा भर पर्ने विषय हो। अध्ययन समितिले यस्ता तर्क गर्नु नै अनौठो भयो। नयाँ स्टक एक्सचेन्ज खोल्नुभन्दा हालको नेप्सेलाई नै सुधार गर्नुपर्ने आवश्यकता हो।'

उनले उद्योग, जलविद्युत्जस्ता वास्तविक क्षेत्रहरू पूर्ण रूपमा विकसित नभएकाले नयाँ स्टक एक्सचेन्जको विकल्पमा जानुपर्ने अवस्था नरहेको बताए। गैरवित्तीय वा वास्तविक क्षेत्रमा उद्यम, लगानी र जोखिम हुने भएकाले बैंक तथा पुँजीबजारजस्ता वित्तीय क्षेत्रको लाइसेन्समा स्वार्थ समूहको चलखेल स्वाभाविक हुने गरेको उनको बुझाइ छ। उनले भने, 'उत्पादनमूलक क्षेत्रमा काम गर्नुपर्ने र जोखिम मोल्नुपर्ने भएकाले कम चलखेल हुन्छ। तर, फाइनान्सियल सेक्टर र स्टक मार्केटजस्ता क्षेत्रमा जोखिम कम हुने र मुनाफा सुनिश्चित हुने भएकाले स्वार्थ समूहले चलखेल गर्छन्। नेपालजस्तो सानो बजार र पुँजीबजार परिपक्व नभइसकेको अवस्थामा नयाँ स्टक एक्सचेन्जको आवश्यकता पनि छैन।'

राजस्वसचिवको टेबुलमै अड्कियो अध्ययन प्रतिवेदन

गत ५ पुसमा मन्त्रिपरिषद्को बैठकले अध्ययन समितिको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने निर्णय गरेको थियो। ११ पुसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक कारबाहीका लागि प्रतिवेदन अर्थ मन्त्रालयमा पठाइसकेको जानकारी दिएको थियो। मन्त्रिपरिषद्बाट निर्णय भएको २० दिन बितिसक्दा पनि अर्थ मन्त्रालयको वित्तीय क्षेत्र समन्वय महाशाखाले हालसम्म प्रतिवेदन प्राप्त नभएको जानकारी दिएको छ। तर, राजस्वसचिव दिनेश घिमिरेको टेबुलमा अध्ययन प्रतिवेदन रहेको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन्।

सट्टाभर्नाका...

पृष्ठ १ बाट क्रमशः

दमकस्थित बेलडाँगीसम्मको ४६ किलोमिटरमा पर्ने रुखका लागि जग्गा सट्टाभर्ना गर्न मन्त्रिपरिषद्ले निर्णय गरेको हो। ठेक्का लागेको झापा र इलाम खण्डको बाँकी ५२.८ किलोमिटर क्षेत्रको रुख हटाउनका लागि भने मन्त्रिपरिषद्ले निर्णय गरेको छैन। यसका लागि अझै करिब डेढ महिनाहाराहारी लाग्ने दत्तले नयाँ पत्रिकालाई बताए। 'सुनसरीदेखि झापासम्मको ४८ किलोमिटर सडकको रुख हटाउन अहिले कागजी प्रक्रिया अघि बढिरहेको छ,' उनले भने, 'खासगरी सुनसरी र मोरङको धेरै भाग पर्छ। झापाको थोरै मात्र छ।'

मन्त्रिपरिषद्को निर्णयपछि जग्गा सट्टाभर्नाका लागि जग्गा खोजी गर्न प्रत्येक जिल्लामा त्यहाँका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जग्गा प्राप्ति समिति बन्यो। राजमार्ग निर्माण हुने सबै स्थानीय तहलाई जग्गा उपलब्ध गराउन पत्र लेख्यो। जग्गा प्राप्तिका लागि सात दिनको म्याद राखेर सूचना पनि जारी भयो। तर, त्यो अवधिमा जग्गा प्राप्त नभएको इन्जिनियर दत्तले जानकारी दिए। 'जग्गा प्राप्ति नभएपछि त्यसबापत वन विभागमा पैसा जम्मा गर्नुपर्छ,' उनले भने, 'अहिले हामी पैसा जम्मा गर्ने प्रक्रियामा अघि बढेका छौं।' ४६ किलोमिटरमा रहेको वन क्षेत्रमा सात हजार ७१० वटा रुख पर्ने लगत संकलन भएको इन्जिनियर दत्तले बताए। जग्गा नपाएपछि उक्त रुख भएको जग्गाको मूल्यको स्टिमेट तयार पारिएको उनले बताए। उनका अनुसार करिब २३ करोड रुपैयाँ स्टेटमेन्ट निकालिएको छ।

विकट गाउँमा...

पृष्ठ १ बाट क्रमशः

कात्तिकेबाट कुम्भेश्वरसम्म विद्युत् उत्पादन गर्ने लक्ष्य बोकेर दशकअघि जलबिरे क्षेत्र प्रवेश गरेको ग्रिन भेन्चर प्रालि भेलबाडाले अरनिको राजमार्ग छोडेर बलेफीबाट कात्तिकेसम्म २५ किलोमिटर सडक चौंडा पाऱ्यो। त्यसपछि दुई करोड खर्च गरेर अपर बलेफी हाइड्रोपावर कम्पनीले कात्तिकेबाट लिदीमुनिसम्म आठ किलोमिटर सडक निर्माण गरेको छ। ३६ मेगावाटको अपर बलेफी हाइड्रोपावरले तीन वर्षदेखि विद्युत् उत्पादन गरिरहेको छ। जलविद्युत् व्यवसायी उमेश कसजूले ३६ मेगावाटको सफलतापछि ४६ मेगावाटको अपर बलेफी-२ को निर्माण गरिरहेका छन्। उनै कसजूले सामाजिक उत्तरदायित्वअन्तर्गत काम गरेर विकट बस्तीमा सडकको ट्र्याक पुऱ्याएका हुन्। लिदीमुनिबाट नेसमखोलासम्म ६ करोड ५० लाख खर्च गरेर १० किलोमिटर सडक बनाएका छन्। हिमालमुनिको विकट गाउँ लिदीसम्म चार करोड खर्च गरेर सात किलोमिटर सडक निर्माण गरिएको छ। कुम्भेश्वरबाट गोल्चेसम्म १२ किलोमिटर सडक पाँच करोड लागतमा निर्माण भएको छ।

त्यस्तै, गोल्चे बगरबाट निम्लुङसम्मको ६ किलोमिटर सडक दुई करोड लगानी गरेर निर्माण भएको छ। गोल्चे बगरबाट नाम्फा र सञ्चगाउँमा पनि दुई करोड खर्च गरेर आठ किलोमिटर सडक तयार भएको छ। मोटरबाटो पुगेपछि लिदी, नाम्फा, सञ्चगाउँ, निम्लुङ र गोल्चेका स्थानीयको जनजीवनमा फेरिएको छ। जलविद्युत् कम्पनीले धमाधम सडक पुऱ्याएकाले विकट गाउँमा उत्पादित आलु, मुला, जडीबुटीलगायत लेकाली क्षेत्रमा उपलब्ध कृषिउपज जलबिरे बजार र काठमाडौं सहरसम्म एकैदिनमा पुग्छ। ६२ मेगावाट क्षमताको ब्रह्मायणी हाइड्रोपावरले नेसमबाट दिपुसम्म पाँच करोड खर्च गरेर १० किलोमिटर नयाँ ट्र्याक निर्माण गरेको छ।

LALITPUR METROPOLITAN CITY
OFFICE OF MUNICIPAL EXECUTIVE
PULCHOWK, LALITPUR
BAGMATI PROVINCE, NEPAL

Invitation for Electronic Bids

Date of Publication: 2081-09-28 [2025-01-12]

The **Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur** invites **Electronic Bids** from eligible bidders under **National Competitive Bidding: Single Stage Single Envelope** Bidding Procedures for the procurement of following goods, as detailed in the table below. Electronic bids shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp before the deadline specified below. Bidders may obtain further information from Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur or may visit PPMO website at www.bolpatra.gov.np/egp. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act 2063, Public Procurement Regulations 2064 and other prevailing Nepalese Laws.

S.N.	Contract ID	Contract Name	Quantity	Bid Fee	Bid Security	Lead Time	Pre-Bid Meeting	Submission Deadline	Bid Opening
1.	LMC-NCB-GOODS-2081/82-05	Procurement of Medicine and Medical related items	91 Types	NRs. 3,000/-	NRs. 2,30,000/-	45 Days	2081-10-17 [2025-01-30] at 14:00 Hrs.	2081-10-29 [2025-02-11] at 12:00 Hrs.	2081-10-29 [2025-02-11] at 13:30 Hrs.
2.	LMC-NCB-GOODS-2081/82-06	Procurement, Storage, Supply, and Delivery of Pneumonia Vaccine	1500 Vials	NRs. 3,000/-	NRs. 2,50,000/-	90 Days	2081-10-17 [2025-01-30] at 14:00 Hrs.	2081-10-29 [2025-02-11] at 12:00 Hrs.	2081-10-29 [2025-02-11] at 13:30 Hrs.

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
भैंसेपाटी, ललितपुर

सीपमूलक तालिमको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०५/२८

आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अन्तर्गत निम्नलिखित विषयका ३ महिने आधारभुत सीपमुलक तालिम यस कार्यालय मार्फत संचालन गरिने भएको हुँदा इच्छुक आवेदकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएका केन्द्रहरूमा आवेदन दिनुहुन जानकारी गराइन्छ।

तपसिलः

सि. नं.	तालिमको विषय	तालिम अवधि	तालिमको कार्यदिन/कार्यघण्टा	प्रशिक्षार्थीको न्युनतम शैक्षिक योग्यता	प्रति समूह सहभागी संख्या	तालिम संचालन हुने स्थान	अन्तर्वार्ता मिति	आवेदन फाराम पाइने स्थान र सम्पर्क व्यक्ति
१)	कटाई सिलाई बेसिक (टेलरिङ)	३ महिने	६५ कार्यदिन/दैनिक ६ घण्टा /३९० घण्टा	कम्तिमा कक्षा-८, उत्तिर्ण	२१ जना	अन्तर्वाताको दिन तोकिनेछ।	२०८१।१०।१४	श्री पद्मकन्या विद्याश्रम मा.वि., का.म.न.पा.-२९ डिल्लीबजार, काठमाडौं (राम माया ढुंगाना- ९८४१६२८१३२), (रचना राजथला- ९८६५५१४६७३)
२)	विद्युत जडान	३ महिने	७८ कार्यदिन /३९० घण्टा	कम्तिमा कक्षा-८, उत्तिर्ण	२३ जना	शिखरापुर सामुदायिक सिकाई केन्द्र दक्षिणकाली-५, काठमाडौं	२०८१।१०।१८	शिखरापुर सामुदायिक सिकाई केन्द्र दक्षिणकाली-५, काठमाडौं (सन्तोष धमला- ९८४३९३५९१२)
३)	केश श्रृगांर तथा सौन्दर्य	३ महिने	७८ कार्यदिन /३९० घण्टा	कम्तिमा कक्षा-८, उत्तिर्ण	३१ जना	बालप्रेमी मा.वि. मध्यपुरथिमी न.पा.-४, भक्तपुर	२०८१।१०।२७	बालप्रेमी मा.वि. मध्यपुर थिमी न.पा.-४, भक्तपुर (निर्मला गुरागाईं-९८४५२९२१२३)

उपर्युक्त तालिममा भाग लिन इच्छुक आवेदकहरूको योग्यता र पेश गर्ने कागजातहरू :

१) आवेदकहरूको उमेर १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्नेछ।

२) आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू :

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रती, **ख.** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रती, **ग.** हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रती

३) नतिजा प्रकाशनको मिति अन्तर्वार्ताको दिन नै तोकिनेछ

४) सहभागी छनौटको किसिमः अन्तरवार्ता

५) तालिममा गरिब, विपन्न, दलित, पिछडिएको वर्ग/समुदाय, घाइते तथा शहिदका परिवार, एकल महिलालाई प्राथमिकता दिईनेछ।

६) तालिम सञ्चालन हुने मिति नतिजा प्रकाशनको सूचनामा तोकिने छ।

नोट : क) फारमको लागि सम्पर्क समयः विहान १०:३० देखि अपराहन्न ३:०० बजेसम्म।

ख) तालिमको सहभागीलाई निःशुल्क तालिम र खाजा खर्च बापत तालिम चलेको दिनको दैनिक रु. १०० (एक सय) बराबर हुन आउने रकम तालिमको अन्तमा एकमुष्ट उपलब्ध गराइनेछ।

कार्यालय प्रमुख

माओवादी, एकीकृत समाजवादी, नेकपा र नेसपाबिचको एकता अन्योलमा

चारै दलले एकताको सैद्धान्तिक निर्णय गरेको ६ महिना बित्न लाग्दा पनि अघि बढ्न सकेन एकता प्रक्रिया



■ **देव गुरुङ**, महासचिव माओवादी


वैज्ञानिक समाजवाद मान्ने दलसँग ढिलोचाँडो एकता गर्नैपर्छ। एकताको पहल पनि भइरहेको छ। तर, निचोड निस्किसकेको छैन। केन्द्रीय कमिटीको म्यान्डेटअनुसार समिति गठन गरेर फेरि पहल गर्छौं।



■ **गंगानारायण श्रेष्ठ**, सहअध्यक्ष, नेसपा

हामीले दस्ताबेजको मस्यौदा तयार पारिसकेका छौं। तर, शीर्ष नेताहरूको समय अभावका कारण बुझाउन पाइएको छैन। छिट्टै मस्यौदा बुझाउने तयारी छ। हाम्रो सोच पार्टी एकताकै हो।

प्रेम गौतम/नयाँ पत्रिका




पुष्पकमल दाहाल प्रचण्ड



माधव नेपाल



नेत्रविक्रम चन्द



महिन्द्र राय यादव

■ विचार मिल्ने दलहरूसँग सहकार्य गर्दै अगाडि बढ्छौं : नेपाल

एकीकृत समाजवादीका अध्यक्ष नेपालले मन र विचार मिल्ने दलसँग एकता हुने बताए। शनिबार आयोजित कार्यक्रममा नेपालले विचार मिल्न बाँकी दलहरूसँग सहकार्य गर्दै अगाडि बढ्ने स्पष्ट पारे। 'वामपन्थी, कम्युनिस्ट र समाजवादीहरूलाई एक ठाउँमा ल्याउन पहल गर्नौं। अरूलाई पनि भनौं, विचारमा भिन्नता छ भने बहस गरौं। मन मिल्छ, विचार मिल्छ भने सँगै जाऔं। सँगै जान मन मिल्न बाँकी छ, विचारै मिल्न बाँकी छ भने साझा विषयमा सहकार्य गरौं,' उनले भने। राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, जनजीविकाको विषयमा सहकार्य गर्दै अगाडि बढ्न चाहेको उनले बताए। 'आन्दोलनको मैदानमा मिलेर अगाडि बढौं भनेर सहकार्यको सोचमा छौं। राष्ट्र, समाज र जनताको समस्यामा केन्द्रित भएर अगाडि बढ्न चाहन्छौं,' उनले भने।

गठन गरेको थियो। समितिमा डा. गंगालाल तुलाधर र डा. विजय पौडेल थिए। समितिले माओवादी, जसपालगायतका दलसँग वार्ता गरेको थियो। तर, अहिले माओवादी र समाजवादीका वार्ता समिति अस्तित्वमा छैनन्।

■ १ साउनमै एकताका लागि गठन भएको थियो कार्यदल

पार्टी एकताको लक्ष्यसहित माओवादी, एकीकृत समाजवादी, नेकपा र नेसपा सम्मिलित समाजवादी मोर्चाले गत १ साउनमा कार्यदल गठन गरेको थियो। मोर्चामा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लव र नेसपा अध्यक्ष यादव सदस्य छन्। आलोपालो नेतृत्वको समझदारीअनुसार हाल मोर्चाको संयोजक विप्लव छन्। यसअघि एकीकृत समाजवादीका अध्यक्ष नेपाल संयोजक थिए। मोर्चाले माओवादीका महासचिव देव गुरुङ, एकीकृत समाजवादीका वरिष्ठ नेता प्रमेश हमाल, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा र नेसपाका सहअध्यक्ष गंगानारायण श्रेष्ठ सम्मिलित कार्यदललाई दस्तावेज तयार पार्न १५ दिनको समय दिएको थियो। तर, ६ महिनासम्म पनि कार्यदलले दस्तावेज तयार पार्न सकेको छैन।

दस्तावेजको मस्यौदा तयार भइसकेको कार्यदल सदस्य श्रेष्ठले दाबी गरे। 'हामीले दस्तावेजको मस्यौदा तयार पारिसकेका छौं। तर, शीर्ष नेताहरूको समय अभावका कारण बुझाउन पाइएको छैन। छिट्टै मस्यौदा बुझाउने तयारी छ,' उनले भने। पार्टी एकातर्फ नै गृहकार्य भएको उनले बताए। 'हाम्रो सोच पार्टी एकताकै हो। सहकार्य गर्दै जाँदा मिलनविन्दुमा पुग्न सकिन्छ,' उनले भने।

विप्लव नेतृत्वको नेकपाले पनि एकता र ध्रुवीकरणमा जोड दिएको छ। 'एकताका लागि हामी सकारात्मक छौं। एकता हामी सबैको चाहना हो। आज पनि माओवादी, समाजवादीसहित सबैको एकता र ध्रुवीकरण आवश्यक छ,' नेकपा महासचिव विप्लवले भने। एकताको लक्ष्यसहित मोर्चा अगाडि बढे पनि बिचमा केही सुस्तता आएको उनले स्विकारे।

स्रोतका अनुसार माओवादीले सुरुमा एकीकृत समाजवादीसँग एकता टुंग्याउने रणनीति लिएको छ। तर, एकीकृत समाजवादीमा पार्टी एकताबारे दुई धार छ। एकता गर्दै अगाडि बढ्नुपर्ने र एकतामा भन्दा संगठन निर्माणमा लाग्नुपर्नेमा एकीकृत समाजवादीका नेताहरू विभाजित छन्। एकीकृत समाजवादीको भर्खरै सम्पन्न सचिवालय बैठकले 'आन्दोलनद्वारा पार्टी निर्माण'को प्रस्ताव पारित गरेको छ। विचार मिल्ने वामपन्थी, समाजवादी दलसँग एकता गर्दै जानुपर्ने सैद्धान्तिक निर्णय पनि एकीकृत समाजवादीको छ।

एकीकृत समाजवादीसँग समझदारीपछि नेसपा, आमजनता पार्टी, नेकपा र नेकपा बहुमतलाई एकता प्रक्रियामा ल्याउने माओवादीका एक नेताले बताए। एकताको आधार समाजवादी मोर्चाले तयार पार्ने मोर्चामा आबद्ध दलका नेताहरूले दाबी गरेका छन्। 'सहकार्य गर्दै जाँदा एकतामा पुग्न सकिन्छ। त्यसका लागि मोर्चा उपयुक्त माध्यम हो,' मोर्चाका सचिवालय सदस्यसमेत रहेका गुरुङले भने।

एकीकृत समाजवादी र आमजनता पार्टीसँग एकता गर्दा प्रतिनिधिसभामा ४३ सिट हुने र संसद्मा आवाज बुलन्द गर्न सकिने माओवादी नेताहरू बताउँछन्। प्रतिनिधिसभामा एकीकृत समाजवादीका १० र आमजनता पार्टीका प्रभु साह गरी ११ सांसद छन्। नेसपाका अध्यक्ष यादव भने माओवादीकै चुनाव चिह्नबाट निर्वाचित भएका हुन्। हाल संसदीय राजनीतिबाट बाहिर रहेको नेकपाले गत पुस पहिलो साता सम्पन्न केन्द्रीय समिति बैठकबाट आगामी निर्वाचनमा भाग लिने निर्णय लिएको छ।

■ ६ महिनापछि सक्रिय हुँदै समाजवादी मोर्चा

प्रमुख प्रतिपक्ष दल माओवादीसहित चार पार्टी सम्मिलित समाजवादी मोर्चा फेरि सक्रिय हुने भएको छ। माओवादी र एकीकृत समाजवादीका शीर्ष नेताले तत्काल बैठक बोलाउने र मोर्चालाई सक्रिय बनाउने निष्कर्ष निकालेका छन्। बिहीबार र शुक्रबार सिंहदरबारमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबिच पछिल्लो राजनीति र समाजवादी मोर्चाको सक्रियताबारे छलफल भएको थियो। 'मुख्यतः समाजवादी मोर्चालाई सक्रिय बनाउने विषयमा छलफल गरेका छौं,' एकीकृत समाजवादीका वरिष्ठ नेता भुसालले भने, 'छिट्टै मोर्चाको बैठक राख्ने तयारी छ।'

संसद् अधिवेशन, समाजवादी मोर्चासहित समसामयिक विषयमा छलफल भएको माओवादी महासचिव गुरुङले बताए। 'सिंहदरबारमा भएका वेला नेताहरूबिचमा छलफल भएको हो। समसामायिक विषयमा कुराकानी भयो। समाजवादी मोर्चालाई सक्रिय बनाउनुपर्छ भन्ने छ,' गुरुङले भने। संसद् अधिवेशन बोलाउन सरकारलाई दबाब दिने विषयमा समेत छलफल भएको छ। समय घर्किंदासमेत संसद् अधिवेशन नबोलाइएको माओवादी र एकीकृत समाजवादीका नेता रुष्ट छन्। नेपाली विशेषताको समाजवाद निर्माण गर्ने लक्ष्यसहित ४ असार ०८० मा गठन भएको मोर्चाको बैठक ६ महिनायता बस्न सकेको छैन। मोर्चाले आफैंले घोषणा गरेका कार्यक्रमसमेत अलपत्र छन्।



● **बेदुराम भुसाल**, वरिष्ठ नेता, एकीकृत समाजवादी

मुख्यतः समाजवादी मोर्चालाई सक्रिय बनाउने विषयमा छलफल गरेका छौं। छिट्टै मोर्चाको बैठक राख्ने तयारी छ।

नेसपा अध्यक्ष महिन्द्र राय यादवले मोर्चाको भेउ नै पाउन सकेका छैनन्। यादव मोर्चाको एउटा बैठकमा मात्रै सहभागी भएका छन्। मोर्चालाई सक्रिय बनाउन यादवले यसअघि नेपाल र विप्लवलाई भेटेर ध्यानाकर्षण गराएका थिए। मोर्चा गठनताका सदस्य रहेका जसपा अध्यक्ष उपेन्द्र यादव पार्टी विभाजनपछि औचित्य समाप्त भएको भन्दै मोर्चाबाट अलग भएका छन्। विगतमा एमाले-माओवादी-एकीकृत समाजवादी-जसपा सत्तागठबन्धन भएपछि मोर्चा संकटमा परेको थियो। त्यही वेला जसपा नेपाल विभाजन भएको थियो। त्यसपछि मोर्चा पुरानो लयमा फर्किन सकेको छैन। कांग्रेस-एमाले सत्तागठबन्धन बनेपछि गत १ साउनमा मोर्चाको बैठक बसेको थियो। बैठकमा महिन्द्र राय यादव सहभागी थिए। मोर्चाका घटकबिचमा पार्टी एकतासम्मको कुरा भए पनि त्यसपछि बैठक नै बस्न सकेको छैन। साउनमा बसेको बैठकले राजनीतिक घटनाक्रमको समीक्षा र भावी योजनासहित राजनीतिक दस्ताबेज तयार पार्न १५ दिनको समय दिएर कार्यदल गठन गरेको थियो। कार्यदलले कुनै निचोड दिन सकेन।

संक्षेप

कार दुर्घटनामा दुईको मृत्यु, १२ घाइते

मकवानपुर/ मकवानपुरको मनहरीमा शनिबार भएको कार दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। घटनामा परी १२ जना घाइते छन्। मृत्यु हुनेमा चितवनको राप्ती नगरपालिका- २, गड्यौलीकी ५० वर्षीया सुनिता श्रेष्ठ र हेटौंडा उपमहानगरपालिका-४ घर भएका ६० वर्षीय सुरेन्द्रलाल श्रेष्ठ छन्। वीरगन्जबाट चितवनतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२६ च ५२५० नम्बरको स्कार्पियो र चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा१६च ८३२४ नम्बरको कार आपसमा ठोकिँदा दुर्घटना भएको थियो। मृत्यु भएका दुवैजना कारमा सवार व्यक्ति रहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ। मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार सुरेन्द्रले कार चलाएका थिए। घाइते सबैको चितवन भरतपुरस्थित एलाइभ अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

ट्रान्समिटरको लाइन जोड्ने क्रममा करेन्ट लागेर मृत्यु

सिन्धुपाल्चोक/ बाह्रबिसेस्थित ट्रान्समिटरको हुक जोड्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ। शनिबार साँझ ट्रान्समिटरको हुक र तार जोड्न लाग्दा करेन्ट सर्ट हुँदा मकवानपुरको थाहा नगरपालिका-७ का ३३ वर्षीय रामचन्द्र तामाङको मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक सुमेश पाण्डेका अनुसार ती युवा विद्युतीय काममा संलग्न लाइनम्यान हुन्। विश्व तथा माया निर्माण सेवाले बाह्रबिसेआसपास विद्युत्को ठेक्का लिएको छ। तामाङ सोही कम्पनीमा काम गर्ने लाइनम्यान हुन्। दिउँसोभरि लाइन जोड्ने काममा रहेका तामाङ साँझपख बाह्रबिसे नगरपालिका-३ खुर्सानीबारीमा रहेको ट्रान्समिटरमा चढेका थिए। उनी पोलमा चढेको केहीबेरमै ट्रान्समिटरमा आगोको मुस्लो निस्केको थियो। करेन्ट लागेर तामाङको घटनामस्थलमै मृत्यु भएको हो। प्रहरी र स्थानीयले ट्रान्समिटरको खम्बामा मृत्यु भएका तामाङलाई भुइँमा खसालेका थिए। विद्युत् प्राधिकरण सुनकोशी वितरण केन्द्रका प्रमुख दीपक सापकोटाले तामाङ ठेकेदार जितबहादुर तामाङको कम्पनीमातहत रहेर काम गर्ने लाइनम्यान भएको बताए।

एकता दिवसमा राप्रपा र राप्रपा नेपालको चियापान



काठमाडौं/ राष्ट्रिय प्रजातन्त्र पार्टी र राप्रपा नेपालले राष्ट्रिय एकता दिवस तथा पृथ्वीजयन्ती बेग्लाबेग्लै मनाएका छन्। राप्रपाले भृकुटीमण्डपमा तथा राप्रपा नेपालले भाटभटेनीस्थित एक बैंक्वेटमा एकता दिवसका अवसरमा चियापान आयोजना गरे। प्रधानमन्त्री केपी ओली सुरुमा राप्रपा नेपालको चियापानमा सहभागी भए र पछि राप्रपाको चियापानमा सरिक हुन भृकुटीमण्डप पुगे। राप्रपाको चियापानमा कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, एमालेबाट निष्कासनमा परेका नेता भीम रावललगायत सहभागी भए। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने राप्रपाको चियापानमा सहभागी भएनन्।

राप्रपाको चियापानमा राप्रपा नेपालका अध्यक्ष कमल थापा अपरान्ह सहभागी भएका थिए। राप्रपा नेपालको चियापानमा भने राप्रपा अध्यक्ष लिङ्देन सहभागी भएनन्। दरबारमार्गबाट सिंहदरबार गेटमा रहेको पृथ्वीनारायण शाहको सालिकमा जुलुससहित माल्यार्पण गर्न जाँदा समय लागेका कारण लिङ्देन राप्रपा नेपालको कार्यक्रममा सहभागी हुन सकेनन्। अध्यक्ष थापालाई चियापानमा स्वागत गर्ने क्रममा लिङ्देनले समय अपुगका कारण सहभागी हुन नसकेको बाध्यता सुनाएका थिए। यसपटक दुवै पार्टीका अध्यक्षले एकअर्कालाई चियापानमा आमन्त्रण गरेका थिए। दुवै नेताले केही दिनअघि एक होटेलमा लामो कुराकानी गरेका थिए, जहाँ पार्टी एकताको विषयले प्रवेश पाएको थियो। राप्रपा नेपालका अध्यक्ष थापाले पार्टी एकतामा बढी जोड दिएका थिए भने राप्रपा अध्यक्ष लिङ्देनले पनि समयक्रममा मिल्नुपर्ने जवाफ दिएका थिए। शनिबार सञ्चारकर्मीसँगका कुराकानीमा लिङ्देन र थापा दुवैले पार्टी एकता हुनुपर्ने बताएका थिए।

दुवै प्रहरी संगठनको संशोधन र समायोजनसम्बन्धी विधेयक मन्त्रिपरिषद्बाट पास

आइजिपीको पदावधि एक वर्ष घटाइयो, उमेरहद दुई वर्ष थप

टेकराज थामी/नयाँ पत्रिका

सरकारले दुवै प्रहरी संगठनका प्रमुख (आइजिपी)को पदावधि एक वर्ष घटाउने र उमेरहद दुई वर्ष थप्नेगरी तयारी पारिएको विधेयक पास गरेको छ। शुक्रबार राति बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको विद्यमान कानुन संशोधन तथा समायोजनसम्बन्धी विधेयक पास गरेको हो। अब हुने संसद्को हिउँदे अधिवेशनमा विधेयक निर्णयार्थ पेस हुनेछ र कार्यान्वयनमा जानेछ।

विधेयकमा प्रहरी संगठनकाआइजिपीको पदावधि तीन वर्ष कायम गरिएको छ भने उमेरहद ६० वर्ष कायम गरिएको छ। हाल दुवै संगठनमा संगठन प्रमुखको उमेरहद ५८ वर्ष छ भने पदावधि चार वर्ष छ। त्यस्तै, एआइजी र डिआइजीको उमेरहद ५९ वर्ष कायम गरिएको छ। हालको कानुनमादुवैको ५६ वर्ष छ। त्यस्तै, उनीहरूको सेवावधि क्रमशः चार र पाँच वर्ष तोकिएको छ, जुन हाल दुवैको पाँच वर्ष छ। एसएसपी ५८ वर्षमा अवकाशमा जानेछन् भने पदावधि आठ वर्ष राखिएको छ। चालू ऐनअनुसार एसएसपीको उमेरहद ५५ वर्ष छ भने पदावधि ६ वर्ष मात्रै छ। त्यसबाहेकका पदमा भने अवकाशको पदावधि तोकिएको छैन। तर, उनीहरू



उमेरहदका कारण अनिवार्य अवकाशमा जानेछन्। मन्त्रिपरिषद्बाट स्वीकृत मस्यौदाअनुसार एसपी र डिएसपी समान ५८, इन्स्पेक्टर ५७, सइ र असइ ५४, जवान ५१ र कार्यालय सहयोगी ५५ वर्षमा अवकाशमा जानेछन्। हाल मौजुदा ऐनमा एसपीको ५५, डिएसपीको ५४, इन्स्पेक्टरको ५३, सइको ५२, असइको ५१, जवानको ४८ र कार्यालय सहयोगीको ५५ वर्ष उमेरहद कायम गरिएको छ।

त्यस्तै, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा ३० वर्षे सेवावधि भने तीन चरणमा हटाउने भनिएको छ। ऐन कार्यान्वयन हुँदाको बखत ३० वर्षे सेवावधिका कारण अवकाशको सम्मुखमा रहेका प्रहरी कर्मचारीका लागि पहिलो चरणमा ६ महिना सेवावधि थप हुनेछ। दोस्रो चरणमा एक वर्ष र तेस्रो चरणमा एक वर्ष ६ महिना सेवावधि थप हुनेछ। त्यसपछि ऐन पूर्ण तवरले कार्यान्वयनमा आउनेछ। बढुवा र अवकाशको सम्मुखमा रहेका कुनै पनि प्रहरी कर्मचारीलाई मर्का नपर्ने गरी तरिका अपनाइएको गृहको भनाइ छ।

गृहमन्त्री रमेश लेखकले गहन छलफलपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको ऐन संशोधन तथा समायोजन गर्नबनेको विधेयक मन्त्रिपरिषद्बाट पास भएको बताए। 'विधेयकमा विभिन्न 'कन्टेन्ट' समावेश छन्। त्यसको 'डिटेल'मा म जान चाहिनँ। यस सम्बन्धमा सम्बन्धित महाशाखका प्रमुखसँग बुझ्दा अझ 'बेटर' होला। किनकि यसमा 'होमवर्क' गरेको उहाँहरूले नै हो,' उनले भने।

विधेयकअनुसार दुवै प्रहरीमा जवान, सइ र इन्स्पेक्टर गरी तीन तहमार्फत कर्मचारी भर्ना लिइनेछ। जवान पदको भर्ना शतप्रतिशत खुला प्रतिस्पर्धाबाट हुनेछ भने इन्स्पेक्टरको ६०-४० को अनुपातबाट लिइनेछ। अर्थात् उक्त पदमा ६० प्रतिशत कर्मचारी खुला र ४० प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट पूर्ति गरिनेछ। त्यस्तै, सइको भर्ना भने ५१-४९ को अनुपातमा लिइनेछ। अर्थात् सइ पदको पूर्ति ५१ प्रतिशत खुला प्रतिस्पर्धा र ४९ प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट हुनेछ।

मलद्वारमा सुन लुकाएर ल्याउने तीनजना भन्सार कार्यालय चलान

काठमाडौं/ कतारको दोहाबाट मलद्वारमा सुन लुकाएर ल्याएका तीनजनालाई नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ गरी कारबाहीका लागि भन्सार कार्यालय चलान गरेको छ। प्रहरी प्रधान कार्यालयले शनिबार घटना विवरण सार्वजनिक गर्दै सप्तरी घर भएका ३२ वर्षीय कृष्णप्रसाद चौधरी, ३० वर्षीय मोहम्मद इलियास र सुनसरीको इटहरी उपमहानगरपालिका- १९ का २७ वर्षीय शिवशंकर चौधरीलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको जनाएको हो।

प्रहरी प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले शुक्रबार पक्राउ परेका उनीहरूलाई आवश्यक कारबाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा बुझाइएको बताए। हिमालय एयरलाइन्सको उडानद्वारा दोहाबाट काठमाडौं आएका उनीहरूलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको आगमन टनेल गेटमा जाँच गर्ने क्रममा पक्राउ गरिएको थियो। प्रहरीले कृष्णप्रसादको साथबाट करिब ५८ दशमलव ३३ ग्राम तौलको सिक्री १ थान, मोहम्मदको साथबाट करिब ५८ दशमलव ३३ ग्राम तौलको सिक्री १ थान र शिवशंकरको साथबाट करिब ५८ दशमलव ३३ ग्राम तौलको सिक्री १ थान बरामद गरेको जनाइएको छ।

बालविवाहका मुद्दा राजनीतिक दबाबमा मिलाइने गरेको गुनासो

अछाममा **ध्रुव बीसी**

बालविवाहसम्बन्धी घटनाका उजुरी प्रहरीमा दर्ता हुन नपाउँदै राजनीतिक दबाबमा मिलाउने गरिएको पाइएको छ। दलका नेता र जनप्रतिनिधिले नै यस्ता घटना मिलाउने गरेका हुन्।

अछामको कमलबजार नगरपालिका- २ बजुडामा आयोजित बाल कचहरी नामक छलफलमा वडा नम्बर ४ चाल्साकी १६ वर्षीया मनीषा साउदले इलाका प्रहरी कार्यालय कमलबजार पुग्ने अधिकांश बालविवाहका उजुरी दलका नेता, जनप्रतिनिधि र सरोकारवालाहरूले दबाबमा मिलाउने गरेको बताइन्। 'प्रहरीमा पुगेका उजुरी दर्ता नगरेर उल्टै छलफल गरी नेताहरूले पीडकलाई जोगाउँछन्,' उनले भनिन्।

दबाब दिएर मुद्दा मिलाउने गरिएका कारण बालविवाह अन्त्य गर्ने अभियान प्रभावित भइरहेको वडा बाल सञ्जालकी सदस्य ललिता विष्टको बुझाइ छ। उनले नेता र जनप्रतिनिधिलाई पीडक जोगाउनेतर्फ नलाग्न र अभिभावकलाई सचेत पार्ने गतिविधि सञ्चालन गर्न सुझाव दिइन्। त्यसो गरे मात्र नगरलाई ०८३ मा बालविवाहमुक्त घोषणा गर्ने लक्ष्य पूरा गर्न सकिने विष्टको बुझाइ छ।

कमलबजार नगरपालिका प्रमुख यज्ञप्रसाद ढकाल, अछामका प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साल र प्रहरी प्रमुख ईश्वरीप्रसाद भण्डारीसमेतको उपस्थितिमा भएको छलफलमा सहभागी बालबालिकाहरूले बालविवाह रोक्ने आफूहरूको



बजुडामा शनिबार आयोजित बालकचहरी।

अभियानमा सहयोग गरिदिन आग्रह गरेका थिए।

स्थानीय शिशुसुधार माविमा अध्ययनरत १५ वर्षीय दीपेश खड्काले बालविवाह अन्त्य गर्न बालबालिका, अभिभावक र पुरोहितहरूलाई सचेत पार्ने खालका अभियान सुरु गर्नुपर्ने बताए। वर्ल्ड भिजनसँगको साझेदारीमा आस्था नेपालले बाल विकास, बाल समृद्धि र बाल सरोकारबारे विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएका समुदायमा सुरु भएको बाल कचहरीमा कमलबजार नगरपालिका प्रमुख ढकालले जान्ने बुझ्नेहरूले मात्र नभएर अभिभावकले समेत बालविवाहका घटना मिलाइदिन दबाब दिने गरेको बताए। 'यो हाम्रा लागि ठुलो चुनौती हो,' उनले भने, 'अब कडा रूपमा प्रस्तुत हुनुपर्छ।' उनले सबै वडाका बालबालिकाको विकास र समृद्धिका लागि बजेट व्यवस्थापन गरेर कार्यक्रम कार्यान्वयन गरी उनीहरूको हक, हित र संरक्षण गरिने बताए।

प्रमुख जिल्ला अधिकारी लम्सालले बालविवाह र बालश्रमका घटनाबारे खुलेर उजुरी दिन आग्रह गरे। उनले त्यस्ता उजुरीमाथि तत्काल कानुनी कारबाही गरिने प्रतिबद्धता जनाए। अछामका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीले महिला र बालबालिकासम्बन्धी प्रायः मुद्दा अदालत पुगेर होस्टाइल हुने गरेको बताए। जसकारण राजनीतिक दबाब र आर्थिक प्रभाव रहेको उनले बताए। यद्यपि, बालविवाहबारे कुनै पनि उजुरी लिखित रूपमा प्रहरीसम्म पुग्ने नगरेको भण्डारीले बताए।

अधिवक्ता पुष्पराज शर्माले बालविवाह अन्त्य गरी बालबालिकाको चौतर्फी विकास गर्न स्थानीय तहमा नीतिगत सुधार हुन जरुरी रहेको बताए। त्यसका लागि नगरपालिका र गाउँपालिकाहरूले बालमैत्री नीति तर्जुमा गर्नुपर्ने उनको सुझाव छ। बजुडाबाट सुरु भएको बाल कचहरी कमल बजारका अन्य तीनवटा वडासहित पञ्चदेवल विनायक नगरपालिका, साँफेबगर नगरपालिका र मेल्लेख गाउँपालिकाका १९ वटा वडामा सञ्चालन हुनेछ। जहाँ हिंसामा परेका, अभिभावक गुमाएका, पढ्न नपाएका, अपांगता भएका, कुलतमा फसेका, बालविवाह गरेर समस्यामा परेका तथा विपन्न परिवारका बालबालिकाका समस्याबारे छलफल गरिनेछ।

बदलिँदो विश्व परिवेश र हाम्रो स्थिति

नेतृत्व दूरदृष्टियुक्त, विश्वास गर्नलायक र जनतामा भरोसा जगाउन सक्ने भएन भने मुलुक अघि बढ्न सक्दैन



● डा. चन्द्र भण्डारी

अग्रलेख

यतिखेर हामीभन्दा बाहिरको विश्व कहाँ पुगिसकेको छ र हामी नेपाली कहाँ छौँ, हाम्रो नेपाल कहाँ छ ? हामी नेपाली के गर्दै छौँ ? हामीले के गर्नुपर्थ्यो र अबका दिनमा हामीले के गर्नुपर्छ ? यी तमाम प्रश्नको उत्तर नखोजी हाम्रो देश नेपाल विकास र समृद्धिको पथमा अघि बढ्न सक्दैन। प्रणालीले नै देशको विकास, निर्माण र समृद्धिलाई अघि बढाउँछ भन्ने हामीले बुझेका थियौँ। तर, यथार्थमा त्यसले मात्र अघि बढ्न सकिँदो रहेनछ।


बहुदलीय व्यवस्था भएको भारत आज विश्व रंगमञ्चमा कहाँबाट कहाँ पुगिसक्यो ? आर्थिक, सामाजिक, राजनीतिक र विकासका दृष्टिले ऊ विश्वको तेस्रो शक्तिराष्ट्र बन्ने दौडमा छ। उता एकदलीय व्यवस्था भएको चीन विश्वको पहिलो शक्ति बन्ने होडमा अर्थतन्त्र, विकास, प्रविधि, सुशासनलगायत हरेक कोणबाट धेरै अघि पुगिसकेको छ। तर, यी दुई शक्तिशाली देशको बिचमा रहेको तथा विश्वकै अनुपम प्राकृतिक स्रोत र साधन, उर्वर जमिन, अपार जलस्रोत, एकताबद्ध समाज, अनुकरणीय संस्कृति, अद्वितीय पर्यटकीय क्षेत्र आदिले भरिपूर्ण हाम्रो देशका युवा जनशक्ति आज दैनिक लर्को लागेर किन विदेश पलायन भइरहेका छन् ? किन देश वृद्धाश्रममा रूपान्तरित हुने बाटोतिर अघि बढ्दै छ ? जनसंख्या वृद्धिदर किन ऋणात्मक बन्दै छ ?

माथिका प्रश्नको समुचित जवाफको खोजी गर्नु नयाँ पिँढीको गुरुतर दायित्व बनेको छ। नेतृत्वमा इच्छाशक्ति भएन भने कुनै पनि प्रणाली चलायमान हुन सक्दो रहेनछ। प्रणाली चलायमान भएन, देशका राजनीतिक दल गतिशील भएनन्, तिनका नेतृत्व दूरदृष्टियुक्त भएन भने मुलुक अघि बढ्न सक्दो रहेनछ भन्ने उदाहरण खोज्न टाढा जानुपर्दैन, हाम्रै देशको निकट विगत हेर्दा पुग्छ। हाम्रो पीडामय वर्तमानले उपर्युक्त तथ्यलाई पुष्टि गरिरहेकै छ।

यतिखेर अन्तर्राष्ट्रिय जगत्मा के भइरहेको छ ? अरू देश के गर्दै छन् ? उनीहरूको प्रगति कहाँ पुगेको छ ? उनीहरूको शिक्षा, स्वास्थ्य, गाँस, वास र कपासको अवस्था के छ ? प्रविधिको विकास र उपयोग कसरी भइरहेको छ ? यस्ता असंख्य प्रश्नको समुचित जवाफ नखोजी हाम्रो आफ्नो अवस्थाबारे बुझ्न सकिन्न। अहिलेको विश्वमा कसैमाथि आधिपत्य स्थापना गर्न होस्, आफ्नो प्रभुत्व देखाउन होस्, 'न्यायको स्थापना'का लागि होस् या अन्य कुनै घोषित या अघोषित उद्देश्य पूर्तिका लागि नै किन नहोस्, युद्धका भयानक साइरन बजिरहेका छन्। ती युद्धले रचेका विनाशलीला अकल्पनीय छन्। पहिलो र दोस्रो विश्वयुद्धले निम्त्याएको मानवीय विनाशपछि पछिल्ला दिनमा मानवीय विनाश डरलाग्दो रूपमा बढिरहेको छ। मानवीय हितमा उपयोग गरिनुपर्ने वैज्ञानिक उपलब्धि र आविष्कारलाई विनाशकारी बम निर्माण, आणविक तथा रासायनिक हतियार उत्पादनमा प्रयोग गरिँदै छ। मानव कल्याणमा लगाइनुपर्ने विज्ञानका वरदानलाई मानव विनाशमा दुरुपयोग गरिँदा अकल्पनीय मानवीय क्षति भइरहेको छ।

बढ्दो 'ग्लोबल वार्मिङ'का कारण अहिले विश्वकै वातावरण दिनदिनै विनाश भइरहेको छ। विज्ञानले प्रविधि विकासमा त सघायो। मानव जीवनलाई सहज र सुविधासम्पन्न त बनायो। तर, त्यसैको उपभोगका कारण हाम्रो पृथ्वी दिनदिनै तात्दै गएको छ। पृथ्वीको बढ्दो तापमानका कारण कुनै दिन यस पृथ्वी नामको ग्रहबाट मानिसलगायत प्राणीको अस्तित्व नामेट नै हुने त होइन ? गम्भीर प्रश्न उठिरहेको छ। यही ग्लोबल वार्मिङकै कारण हाम्रा गाउँघरमा उत्पादन हुने रैथाने कृषिबाली, बोटबिरुवा, जडीबुटी तथा अन्य वनस्पति हराउँदै गएका छन्। यो अवस्थामा हामीले समयमै सुधार ल्याउन र परिवर्तित परिस्थितिसित जुध्न आफूलाई आजैदेखि पूर्ण रूपले तयार बनाउन सकेनौँ भने हामी पनि कुनै वेला अस्तित्वमा रहेका भीमकाय प्राणी डायनोसरजस्तै विलुप्त हुन बेर लाग्नेछैन। पछिल्लो समयमा एआईको विकासले चामत्कारिक परिवर्तन ल्याइरहेको छ। यसको उपयोगले मानिसलाई सुख, सुविधा हुने धेरैको विश्वास छ। मैले दश कक्षामा कम्प्युटरको विकासले बेरोजगारी बढाउँछ भन्ने पढेको थिएँ। अहिलेको एआईको विकास र उपयोगले मानव सभ्यतामा कति परिवर्तन ल्याउने हो, अहिल्यै अनुमान गर्न कठिन छ। कतिपय वैज्ञानिकले मानव सभ्यतालाई नै ध्वस्त पार्ने त होइन भन्ने आशंकासमेत गरेका छन्।

पछिल्लो समयमा रासायनिक तथा आणविक हतियारको तीव्र विकास भइरहेको छ। शक्तिको उन्मादमा रमाउने बानी परेकाहरू तिनै हतियारको आडमा आफ्नो देश र आफूहरू सुरक्षित रहेको भ्रममा अहिलेसम्म बाँचिरहेका थिए। तर, कोरोनाले तिनीहरू कति गलत थिए भन्ने साबित गरिदिएको छ। अहिलेसम्मका सुपर अत्याधुनिक हतियार, अहिलेसम्म बनेका औषधि, उपचार विधि र प्रविधि खुला आँखाले देख्न नसक्ने एउटा सूक्ष्म भाइरससामु निरीह देखिए। त्यही अदृश्य भाइरसले लाखौँको ज्यान लियो।



विश्वलाई एक हिसाबले ठप्प पारिदियो। त्यसले विश्व अर्थतन्त्रलाई ध्वस्त पारेर गयो। जसबाट यो विश्व अझै राम्ररी उठिसकेको छैन, तंग्रिसकेको छैन। अहिलेको पुस्ताले यी सबै चुनौतीबारे राम्ररी बुझ्न र अध्ययन गर्न जरुरी छ।

वैज्ञानिक आविष्कारको आडमा आजको विश्व विकासको चुलीतिर लम्किँदै छ, शिक्षा र स्वास्थ्य क्षेत्रमा अकल्पनीय परिवर्तन भइरहेको छ र अन्य अन्तरिक्षको खोजीमा समेत अगाडि लम्किरहेको छ। आजको यो विश्व परिवेशमा हामी कहाँ छौँ त ? यस प्रश्नको जवाफ हामीले नै खोज्नुपर्ने समय आएको छ। आज हामी नेताका लामा र फोस्रा भाषणबाट थाकिरहेका छौँ। जसले केही गर्न सक्दैन, जसमा केही गर्ने इच्छाशक्ति र दृष्टिकोण छैन, जसमा कुनै दूरदृष्टि छैन, जसमा कुनै भिजन छैन, उसैले अर्थहीन लामा भाषणको जालमा पारेर आमजनतामा निराशा र अन्योल बढाइरहेको छ। यतिखेरका नेतृत्वले न आफ्नो पार्टीमा सुधार ल्याउन सकेका छन्, न त यिनले पार्टीभित्रबाट आशालाग्दा नयाँ अनुहारका नयाँ नेतृत्व नै जन्माउन सकेका छन्। पुरानै सोच, शैली, दृष्टिकोण, आश्वासन, अनुहार र नेतृत्वबाट जनता वाक्कदिक्क भइसकेका छन्। यिनले आमजनतामा चरम निराशा बढाइरहेका छन्। हामीकहाँ कुनै योजना सुरु भइसकेपछि कहिल्यै समाप्त हुँदैनन् र ती दिगो पनि हुँदैनन्। तिनलाई विभिन्न बहानामा लम्ब्याएर, तन्काएर र अल्झाएर दुहुनु गाई बनाउने परिपाटी अन्त्य हुनुको साटो मौलाउँदै गएको छ।

देशमा भ्रष्टाचारको आकार र क्षेत्र अकल्पनीय रूपमा फैलिरहेको छ। बिहानदेखि साँझसम्म सञ्चार माध्यमबाट आउने समाचारमा भ्रष्टाचारका खबरबाहेक केही भेटिँदैनन्। यसले यति र उसले उति खायो भन्नेबाहेक कुनै सकारात्मक र उत्प्रेरणा जगाउने खालका समाचार सुन्न पाउनु दुर्लभ छ। जो सत्ताको वरिपरि छन्, जसले सत्ताको परिक्रमा गरिरहेका छन्, तिनैले यो देशलाई लुटिरहेका छन्, रसातलमा पुऱ्याइरहेका छन्। देशको शासन सत्तामा बिचौलियाको रजगज छ। नेताका वरिपरि तिनै छन्। सरकार परिवर्तन पनि तिनैले गराउँछन्। सरकारी जग्गाजमिन तिनैले हत्याउँछन्। हाम्रा संवैधानिक निकायदेखि हतियारको आपूर्तिसम्मका निर्णयमा निर्णायक उनीहरू नै हुन्छन्। नेताहरूको विदेश सयरका सारथीसमेत तिनै बन्छन्। देशको शिक्षामा राज्यले जेजति लगानी गरिरहेको छ, त्यसको 'आउटपुट' कहिल्यै देखिएन। हाम्रो शिक्षाले हामीमा विश्वास जगाउन सकेन। यसले हाम्रो समाज, संस्कृति र भूगोललाई जोड्न सकेन। यसले हाम्रो पहिचानलाई माथि उठाउन सकेन। हाम्रा पाठ्यक्रम समयानुकूल बन्न सकेनन्। विश्व रंगमञ्चसामु कसरी प्रस्तुत हुने, कसरी प्रतिस्पर्धा गर्ने भनेर हाम्रो शिक्षाले हामीलाई सिकाउन सकेन। शिक्षा विकासको जिम्मेवारी लिनेहरू स्वयं हाम्रा शैक्षिक कार्यक्रम बेचेर आफू धनी बन्ने गलत काममा लागे। शिक्षाका माध्यमबाट देशलाई निकास दिने दिशामा कसैको ध्यान गएन। हाम्रो शिक्षा श्रमसित कहिल्यै जोडिन सकेन। जसले गर्दा यहाँका शैक्षिक संस्था बेरोजगार उत्पादन गर्ने कारखानामा परिणत भइरहेका छन्। हाम्रा विश्वविद्यालयमा हुनुपर्ने समयमा पठनपाठन हुँदैन। समयमै परीक्षा हुँदैन। परीक्षा भइहाले पनि परीक्षाफल प्रकाशित हुँदैन। चार वर्ष लाग्ने कोर्सको पढाइ सकिन पाँच वर्षभन्दा बढी लाग्छ। जसले गर्दा विद्यार्थीमा यहाँको शिक्षाप्रति चरम निराशा र अविश्वास बढ्दै गएको छ। यसलाई सुधार्न कम्मर कसेर लागिपर्ने नेतृत्व हाम्रो शिक्षाले पाउन नसक्नु गम्भीर दुर्भाग्य हो।

> हाम्रो देश बन्न यहाँका राजनीतिक दलमा रूपान्तरण जरुरी छ। सर्वत्र पुनर्संरचनाको खाँचो छ। संविधान संशोधन गरेर सांसद र मन्त्रीहरूको संख्या घटाउनुपर्छ। काम नगर्ने कर्मचारीको संख्या कटौती गर्नुपर्छ। डाक्टर, इन्जिनियरको दरबन्दी थप्नुपर्छ।

भन्ने वेलामा यो देशलाई कृषिप्रधान देश भनिन्छ। तर, यही देशका किसान र कृषि क्षेत्र सबैभन्दा बढी उपेक्षित छन्। यहाँ राज्यले वास्तविक किसानलाई अनुदान दिँदैन। किसानको नाममा अनुदान बिचौलियाको हातमा जान्छ। वास्तविक किसानले त भनेको वेलामा पैसा तिरेर किन्छु भन्दा पनि मल पाउँदैन। बिउबिजन, औषधि, प्रविधि, प्राविधिक सल्लाह त झनै परका विषय भए। आफ्नै खर्च र बलबुतामा विदेश गई केही सिकेपछि स्वदेश फर्केर कुनै किसानले खेती गर्छ भने पनि उसले बजार पाउँदैन। उसलाई बिचौलियाले लुट्छ, राज्यले किसानलाई होइन, बिचौलियालाई प्रोत्साहन गर्छ। जतिवेला किसान बजारको खोजीमा हुन्छ, त्यतिखेर राज्यले सिमाना खुला गरिदिन्छ, जहाँबाट विषादियुक्त उत्पादन भरमार भित्रिन्छन् र तिनका राज्यले भरपूर अनुदान दिएका विदेशी उत्पादनसित प्रतिस्पर्धा गर्न नसकेर बजारमा नबिकेपछि नेपाली किसानको दुध सडकमा पोखिन्छ, तरकारी सडक र खेतबारीमा फ्याँकिन्छन्। सीमाबाट विनापरीक्षण बेरोकटोक भित्रिने विषादीयुक्त खाद्यान्नले गर्दा आज हामी क्यान्सर, मुटुरोगलगायत घातक रोगका सिकार बन्दै गएको यथार्थप्रति राज्यले आँखा चिम्लिरहेको छ।

एकातिर विश्वको अवस्था विकासको चरम चुलीमा पुगेको छ भने अर्कातिर हाम्रो अवस्था यस्तो छ। यहाँनेर 'वसुधैव कुटुम्बकम्' को मन्त्रमा विश्वास गर्ने हामीले यो मुलुक हामी सबैका लागि हो भन्ने तथ्य भुल्नुहुँदैन। देश अघि बढ्न सुशासन र पारदर्शिता चाहिन्छ। साथै, अहिले विश्वमा विकसित प्रविधिको पनि सही उपयोग हुनु जरुरी छ। देश बन्न हाम्रा राजनीतिक दलमा पनि रूपान्तरण जरुरी छ। अब सर्वत्र पुनर्संरचनाको खाँचो छ। संविधान संशोधन गरेर सांसद र मन्त्रीहरूको संख्या घटाउनुपर्छ। काम नगर्ने कर्मचारीको संख्या कटौती गर्नुपर्छ। डाक्टर, इन्जिनियरको दरबन्दी थप्नुपर्छ। संवैधानिक अंगलाई हिजोका असफल र बदनाम कर्मचारी थुपार्ने 'डम्पिङ साइट' बन्नबाट रोक्नुपर्छ। तब मात्र यो मुलुक अघि बढ्न सक्छ। आफैँले आफैँलाई सोधौँ, अझै कतिपटक ढाँट्ने ? विनाकाम कति माला लगाउने ? कहिलेसम्म आफ्नो परिवार र गुटसँग रमाउने ?

(डा. भण्डारी कांग्रेस केन्द्रीय सदस्य हुन्)

---

३ प्रश्न

राष्ट्रिय उपभोक्ता मञ्चका केन्द्रीय अध्यक्ष **प्रेमलाल महर्जन**लाई



नेपाली बजारमा मूल्यवृद्धिको अवस्था कस्तो छ ?

यतिखेर हाम्रो बजारमा मूल्यवृद्धिको 'ट्रेन्ड' अत्यन्त अराजक देखिएको छ। स्थानीय बजारमा मूल्यवृद्धिको यो स्थिति १५-२० वर्षयता आएकै थिएन। भन्नलाई देशमा तीन तहका सरकार अस्तित्वमा छन्। तर, बजारमा भने कुनै पनि सरकारको उपस्थितिको संकेतसम्म देखिन्न। अहिले सागसब्जी र तरकारीजन्य उत्पादनको सिजन हो। यस्तोमा यस्ता उत्पादन अत्यन्त सस्तो मूल्यमा पाउनुपर्ने हो। तर, तिनै वस्तुको मूल्य पनि छोई नसक्नु छ। जाडोमा अन्डा उत्पादन घटेकाले यसमा मूल्यवृद्धि भएको भन्ने तर्क पनि गलत छ। अहिले पोल्ट्री फार्महरूको संख्या वृद्धि भएकाले उत्पादन पनि विगतका तुलनामा बढेको छ। तैपनि, कम उत्पादनको बहाना बनाएर मिलेमतोमा कृत्रिम र अस्वाभाविक रूपमा मूल्य बढाइएको छ। समग्रमा भन्नुपर्दा नेपाली बजार व्यवसायीको अराजकतातर्फ गइरहेको छ।

मूल्यवृद्धिले आमउपभोक्तामाथि कस्तो असर पारिरहेको छ ?

आमउपभोक्ताको क्रयशक्ति निकै न्यून भएको छ। बजारमा अनियन्त्रित गतिमा बढिरहेको महँगीले आमउपभोक्ताको ढाड सेकिरहेको छ। दैनिक उपभोग्य दाल, तरकारीको मूल्य बढ्दा उपभोक्ताको भान्छा महँगो बनेको छ। सिमेन्टलगायत उपभोग्य सामग्रीको मूल्यवृद्धिले निर्माण क्षेत्रमा पनि गम्भीर असर पारिरहेको छ।

मूल्यवृद्धि नियन्त्रणमा राज्य किन उदासीन देखिएको होला ?

राजनीतिक दलहरू आफैँले कालोबजारिया र बिचौलियालाई आआफ्ना दलका झन्डा बोकाउँदै आएका छन्। त्यसले गर्दा तिनै दलको सरकारले कालोबजारिया र बिचौलियालाई फुक्काफाल छाडिदिएको छ। तिनले बजारमा उपभोक्तामाथि जतिसुकै शोषण गरे पनि सरकारले मौन समर्थन दिँदै आएको छ। हामीले यसबारे बारम्बार उजुरी गर्दै आएका छौँ। तर, व्यापारी, कर्मचारी र राज्यको त्रिपक्षीय लगनगाँठो कस्सिएकाले हाम्रो उजुरीलाई उनीहरूले सुन्न पनि चाहेका छैनन्।

प्रेरक प्रसंग

खेलप्रति बालकको लगाव

एक स्कुले बालक हरेक दिन फुटबल अभ्यासका लागि मैदानमा आउने गर्थे। तर, उनी कहिल्यै टिममा सामेल हुन सकेनन्। उनी अभ्यास गर्दा उनका पिता मैदानको छेउमा बसेर प्रतीक्षा गरिरहन्थे। अन्तरस्कुल फुटबल प्रतियोगिता सुरु भयो। तर, चार दिनसम्म ती बालक अभ्यास गर्न आएनन्।

बालकको स्कुल क्वार्टर फाइनल हुँदै सेमिफाइनल प्रवेश गऱ्यो। तैपनि, उनी खेलमा आएनन्। तर, जब उनको स्कुल फाइनलमा पुग्यो। त्यसपछि उनी मैदानमा पुगे र प्रशिक्षकसित आफूलाई पनि टोलीमा सामेल गरेर फाइनल खेल खेल्न दिन अनुरोध गरे। उनले भने- हजुरले मलाई जहिल्यै रिजर्भमा राख्नुभयो, कहिल्यै खेल्न दिनुभएन। आज एकपटक मौका दिनुहोस्, म हजुरलाई निराश पार्नेछैन। प्रशिक्षकले भने- म तिमीलाई आजको खेलमा पनि मौका दिन सक्दिनँ। किनकि, टोलीमा तिमीभन्दा निकै राम्रा खेलाडी छन्। आज फाइनल खेल भइरहेको छ। स्कुलको इज्जत दाउमा छ। म कुनै खतरा उठाउन चाहन्नँ। बालकले फेरि पनि आफूलाई मौका दिन अनुनय गरिरहे। बालकको उत्कट इच्छा देखेर प्रशिक्षकले उनलाई अनुमति दिए। खेल सुरु भयो। बालकले हावाको गतिमा उत्कृष्ट खेल प्रदर्शन गरे। उनले जब-जब आफ्नो नजिक बल भेटे, गोल गरेरै छाडे। त्यसैले, उनी टोलीका नायक बने र उनको स्कुलले खेल जित्यो।



खेल समाप्तिपछि प्रशिक्षकले भने- मैले यसअघि तिमीले कहिल्यै यसरी खेलेको देखेको थिइनँ। यो चमत्कार कसरी सम्भव भयो ? बालकले भने- सर, आज मेरा पिताले मैले खेलेको हेरिरहनुभएको थियो। प्रशिक्षकले पहिले-पहिले उनका पिता बस्ने स्थानमा हेरे, त्यहाँ कोही थिएन। उनले प्रश्न गरे- खोइ त तिम्रा पिता, कहाँ हुनुहुन्छ ?

बालकले गम्भीर हुँदै उत्तर दिए- सर, मेरा पिता दृष्टिविहीन हुनुहुन्थ्यो। यसअघि उहाँले कहिल्यै मेरो खेल देख्न सक्नुभएन। चार दिनअघि उहाँको मृत्यु भयो। त्यसैले, आज उहाँ माथिबाट मेरो खेल हेरिरहनुभएको छ। बाबाले हेरिरहेको उत्साहमा मैले यसरी खेल्न सकेँ आज।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सातबुँदेको पहिलो बुँदामै ढुंगा

रातको १२ बजे सातबुँदे सहमति गरी गठन भएको वर्तमान सरकार आफ्नै सहमतिबाट पछि हटेको स्पष्ट प्रमाण प्रधानमन्त्रीको आफ्नै बोलीले दिएको छ। सातबुँदे सहमतिको पहिलो बुँदामै संविधानमा भएका कमी-कमजोरी हटाउन संविधान संशोधन गर्ने उल्लेख थियो। वर्तमान सरकार केका लागि ? भन्ने प्रश्नको उत्तरका रूपमा सो बुँदालाई पहिलो नम्बरमा राखिएको थियो। अन्यथा, संसारको कुनै कुनामा पनि पहिलो र दोस्रो पार्टी मिलेर सरकार बनाउने चलन थिएन, छैन। न भारतमा भाजपा र कंग्रेसको सरकार बन्न सक्छ, न त अमेरिकामै रिपब्लिकन र डेमोक्र्याटको मिलिजुली सरकार बन्छ। त्यसरी सरकार बनाएमा त्यो अप्राकृतिक मात्र होइन, लोकतन्त्रको मर्मविपरीत पनि हुन्छ। तर, जे गर्नुहुँदैन, त्यही गरिन्छ नेपालमा। त्यसैले त सरकार गठनका लागि दुई ठुला दल मिले। त्यसका लागि कांग्रेस-एमालेले संविधान संशोधनको नारा दिए। जुन केवल भ्रम र मिथ्या रहेछ भन्ने कुरा प्रधानमन्त्री केपी ओलीले आफ्नै पार्टीको केन्द्रीय समिति बैठकमा दिएको सार्वजनिक अभिव्यक्तिले पुष्टि गरेको छ।

● गोपाल देवकोटा, गोकर्णेश्वर- ८, काठमाडौँ
gopaldevkota@gmail.com

अध्यादेशबाटै चलाउने हो देश ?

अहिलेको सरकार विधेयक अधिवेशनका रूपमा लिइने हिउँदे अधिवेशनको सामना गर्न डराइरहेको छ। उसले एकपछि अर्को अध्यादेश ल्याएर देश चलाउन खोजिरहेको छ। तर, यसरी अध्यादेशबाट देश चलाउने सपना देख्नु सर्वथा अनुचित र अलोकतान्त्रिक छ। देश चलाउन ऐन, कानुन चाहिन्छ। त्यस्ता ऐन, कानुन संसद्ले बनाउँछ। तर, त्यही संसद्को अधिवेशन आह्वान नगरेर यो सरकार अध्यादेशको बलमा सरकार चलाउन खोज्दै छ, किन ?

● गौरी महर्जन
ट्यांलाफाँट, काठमाडौँ

महँगी नियन्त्रण नगर्ने सरकार ?

पछिल्लो भदौमा ३.८६ प्रतिशत रहेको मूल्यवृद्धि यही मंसिरमा ६.०५ प्रतिशत पुग्दा पनि यो देशमा रहेको एकथान संघीय सरकारले त्यसको भनकसम्म पाएको छैन। उसलाई अध्यादेश ल्याउन र रास्वपा सभापति रवि लामिछानेको पछिपछि दौडिँदैमा फुर्सद छैन। महँगीले गरिब जनताको ढाड भाँचिरहँदा पनि नेपाल सरकारलाई चासो छैन। उसलाई संविधान संशोधन कहिले गर्ने भनेर मिति तोक्दैमा फुर्सद छैन। महँगी नियन्त्रण नगर्ने नै हो त सरकार ?

● ललित तामाङ
सातघुम्ती, काठमाडौँ

शक्तिको दुरुपयोग गरेको छैन

नयाँ पत्रिका राष्ट्रिय दैनिकको २३ पुसको अंकमा प्रकाशित 'ससुरालीको जग्गा विवादमा मोहीलाई तर्साउन पूर्वउपरथी पाण्डेले सेना र गाडीको दुरुपयोग गरेको आरोप' शीर्षकको समाचारमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ। अदालतका विभिन्न तहमा करिब ३० वर्ष चलेको बन्डापत्रसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट न्याय निरुपण भई मिति २०८० भदौ ३१ गते अन्तिम फैसला भएको हुनाले त्यसको कार्यान्वयनको सिलसिलामा सरोकारवाला निकायसँग लामो छलफल र समन्वयपश्चात् वैधानिक प्रक्रियाअनुसार प्रहरी, कास्की जिल्लाका स्थानीय प्रशासन र नापी विभागका प्रतिनिधिको रोहबरमा बन्डा मुचुल्का प्रयोजनका लागि भएको कार्यमा अवरोध गरिएको हुनाले म त्यहाँ पुगेको हुँ। मेरा ८८ वर्षीय वृद्ध ससुराका प्रतिनिधिका रूपमा त्यहाँ भएको मेरो उपस्थितिलाई अतिरञ्जित गरी समाचारमा प्रस्तुत गरिएको हुँदा आपत्ति जनाउनुपरेको हो। यस्तो विषयलाई बंग्याएर विषयान्तर गरी नेपाली सेनाजस्तो सम्मानित र अनुशासित संस्थालाई हुँदै नभएको विवादमा तान्ने प्रयासप्रति मेरो गम्भीर आपत्ति छ। मैले कतै पनि मेरो शक्तिको दुरुपयोग नगरेको प्रस्ट पार्न चाहन्छु।

● उपरथी (अ.प्रा) विज्ञानदेव पाण्डे, सैँबु, ललितपुर

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मेटाको तथ्य-जाँच रोक्ने निर्णय दुःखद

मेटाको तथ्य-जाँच रोक्ने निर्णय अनलाइन मिथ्या सूचना र भ्रामक जानकारी फैलावटविरुद्धको लडाइँका लागि सकारात्मक संकेत होइन

देश / विदेश

● नेड वाट ● मिसेल रेडलिंगर
● सिल्भिया मोन्टाना निनो

मेटाले आफ्नो तथ्य-जाँच कार्यक्रम त्याग्ने घोषणा गरेको छ र यसको सुरुवात अमेरिकाबाट हुनेछ। यो कार्यक्रम फेसबुक, इन्स्टाग्राम, थ्रेड्सजस्ता मेटाका सामाजिक सञ्जाल मञ्च प्रयोग गर्ने तीन अर्बभन्दा बढी मानिसमा अनलाइन मिथ्या सूचना प्रसार रोक्नका लागि चलाइएको थियो। एक भिडियोमा कम्पनीका प्रमुख मार्क जुकरबर्गले तथ्य-जाँचले 'धेरै सेन्सरसिप (नियमन)' ल्याएको बताएका छन्। उनले मेटा 'अभिव्यक्ति स्वतन्त्रताका पक्षमा फर्कने समय' भएको पनि बताएका छन्। यो भनाइ विशेषतः हालै अमेरिकी राष्ट्रपति चुनावमा डोनाल्ड ट्रम्पले जितेपछि आएको छ। जुकरबर्गले यसलाई 'सांस्कृतिक पुनरागमन बिन्दु'को संज्ञा दिँदै 'अभिव्यक्तिमा प्राथमिकता दिन थालिएको' भनेका छन्।

व्यावसायिक तथ्य-जाँचकर्तामा भर पर्नुको सट्टा विशाल प्राविधिक कम्पनीले अब सामाजिक सञ्जालका सामग्री नियमन गर्न 'कम्युनिटी नोट्स' मोडेल अपनाउनेछ, जुन एक्स (पहिले ट्विटर) ले प्रयोग गरेको मोडेलसँग मिल्दोजुल्दो छ। यो मोडेल सामाजिक सञ्जाल प्रयोगकर्ताले कुनै पोस्टमा प्रसंग वा चेतावनी थप्छ वा थप्दैन भन्नेमा भर पर्छ। हाल यो मोडेलको प्रभावकारिताबारे युरोपियन युनियनले अनुसन्धान गरिरहेको छ। मेटाको यो नाटकीय परिवर्तन अनलाइन मिथ्या सूचना र भ्रामक जानकारीको फैलावटविरुद्ध लडाइँका लागि सकारात्मक संकेत होइन।

मेटाले आफ्नो स्वतन्त्र र तेस्रो पक्षद्वारा सञ्चालित तथ्य-जाँच कार्यक्रम सन् २०१६ मा सुरु गरेको थियो। यो कार्यक्रम त्यस्तो समयमा सुरु गरिएको थियो, जब सूचना सत्यतामाथिको चिन्ता तीव्र रूपमा बढेको थियो। यो डोनाल्ड ट्रम्पको अमेरिकी राष्ट्रपति निर्वाचनसँगै र सामाजिक सञ्जाल मञ्चले गलत सूचना र भ्रामक जानकारी फैलाउन खेलेको भूमिकाबारे आएको विवादबिच देखिएको थियो।

कार्यक्रमअन्तर्गत मेटाले रोयटर्स तथ्य-जाँच, अस्ट्रेलियन एसोसिएटेड प्रेस, एजन्स फ्रान्स-प्रेस, पोलिटिफ्याक्टजस्ता तथ्य-जाँच गर्ने साझेदारलाई आफ्नो सामाजिक सञ्जाल मञ्चमा पोस्ट गरिएका समस्याग्रस्त सामग्रीको स्वतन्त्र मूल्यांकन गर्न आर्थिक सहयोग गरेको थियो। कुनै सामग्री गलत वा भ्रामक ठहरिएमा त्यसमा चेतावनी सूचना जोडिन्थे। यसले प्रयोगकर्तालाई अनलाइनमा देखिएको सामग्रीबारे राम्रोसँग जानकारी लिन सहयोग पुऱ्याएको थियो।

जुकरबर्गले मेटाको तथ्य-जाँच कार्यक्रमले कम्पनीका प्लेटफर्ममा फैलिएको मिथ्या सूचनालाई प्रभावकारी रूपमा सम्बोधन गर्न नसकेको, अभिव्यक्ति स्वतन्त्रता दबाएको र व्यापक सेन्सरसिपको कारण बनेको दाबी गरेका छन्। तर, इन्टरनेसनल फ्याक्ट-चेकिङ नेटवर्ककी प्रमुख एन्जी ड्रबनिक होलानले यसको खण्डन गरेकी छन्। मेटाको निर्णयप्रति प्रतिक्रिया जनाउँदै उनले 'फ्याक्ट-चेकिङ पत्रकारिताले कहिल्यै सामाजिक सञ्जाल पोस्ट सेन्सर (नियमन) वा हटाएको छैन, यसले विवादास्पद दाबीबारे थप जानकारी र प्रसंग प्रदान गरेको छ। र, गलत सामग्री तथा षड्यन्त्र सिद्धान्तको खण्डन गरेको छ। मेटाले प्रयोग गर्ने तथ्य-जाँचकर्ताले गैरपक्षपातिता र पारदर्शिता आवश्यक पर्ने कोड अफ प्रिन्सिपल्स (सिद्धान्तको संहिता) पालना गर्छन्' जवाफ दिएकी छिन्।

होलानको मतलाई समर्थन गर्न व्यापक प्रमाण उपलब्ध छन्। सन् २०२३ मा मात्र अस्ट्रेलियामा मेटाले फेसबुकमा ९२ लाखभन्दा बढी विभिन्न सामग्री (पोस्ट, तस्बिर र भिडियो) र इन्स्टाग्राममा पाँच लाख १० हजारभन्दा बढी पोस्ट (पुनः सेयरसमेत) मा चेतावनी देखाएको थियो। यी चेतावनी मेटाका तेस्रो-पक्षीय तथ्य-जाँच साझेदारले लेखेका लेखमा आधारित थिए। धेरै अध्ययनले यस्ता चेतावनीले गलत सूचनाको



तस्बिर : गोडोफ्रेडो ए. भास्किज/एपी

फैलावटलाई प्रभावकारी रूपमा मत्थर गर्ने देखाएको छ। मेटाको तथ्य-जाँच नीतिले पनि साझेदार तथ्य-जाँच संस्थालाई राजनीतिक व्यक्तित्व र सेलिब्रेटीद्वारा व्यक्त सामग्री एवं विचार त्यसैगरी राजनीतिक विज्ञापनको खण्डनबाट बच्न आग्रह गरेको थियो। तथ्य-जाँचकर्ताले राजनीतिक नेताका दाबीको सत्यता परीक्षण गर्न र आफ्नै वेबसाइट तथा सामाजिक सञ्जालमार्फत निष्कर्ष साझा गर्न सक्छन्। तथापि, तथ्य-जाँच गरिएको सामग्री मेटाका प्लेटफर्ममा देखिएकै थियो र सेन्सरसिपको अधीनमा पर्दैनथे। कोभिड-१९ महामारीले फेसबुकमा स्वतन्त्र तथ्य-जाँचको महत्त्वलाई उजागर गरेको थियो, जसले भाइरस र खोपबारेको गलत सूचना तथा भ्रामक जानकारी रोक्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। यसबाहेक मेटाको तथ्य-जाँच कार्यक्रम अन्य सामाजिक सञ्जाल प्लेटफर्ममा गलत सूचनाविरुद्धको विश्वव्यापी प्रयासको आधारशिला बन्यो, जसले विश्वभरका ९० वटा मान्यता प्राप्त तथ्य-जाँच संस्थालाई आर्थिक सहयोग गरेको थियो।

स्वतन्त्र तेस्रो पक्षद्वारा तथ्य-जाँचलाई 'कम्युनिटी नोट्स' मोडेलसँग साट्नुले अनलाइन गलत सूचना र भ्रामक जानकारीविरुद्धको लडाइँलाई समस्यामा पार्न सक्छ। उदाहरणका लागि गत वर्ष, वासिंटन पोस्ट र अमेरिकन सेन्टर फर काउन्टरिङ डिजिटल हेटका प्रतिवेदनले देखाएअनुसार एक्सको कम्युनिटी नोट्स सुविधा सो मञ्चमा झुट र मिथ्या सूचनाको बहावलाई रोक्न असफल भइरहेका छन्।

मेटाको वित्तीय समर्थनविना स्वतन्त्र तथ्य-जाँचकर्तालाई अन्य संस्थाले तथ्य-जाँचलाई आफ्नै उद्देश्यका लागि हतियारका रूपमा प्रयोग गर्ने प्रयास रोक्नमा कठिनाइ हुन सक्छ। उदाहरणका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हालै 'रुसी मूल्य'का आधारमा एक सरकारी तथ्य-जाँच नेटवर्कको स्थापना घोषणा गरेका छन्, जसलाई अन्तर्राष्ट्रिय तथ्य-जाँच नेटवर्कले स्विकारेको छैन। यसले स्वतन्त्र तेस्रो पक्षद्वारा तथ्य-जाँचको थप आवश्यकताको माग गर्छ, तर मेटा यसमा असहमत देखिएको छ।

(वाट क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीका डिजिटल मिडियाबारेका विद्यावारिधि अनुसन्धाता, रेडलिंगर डिजिटल मिडियाका उपप्राध्यापक र निनो मेलबर्न विश्वविद्यालयमा पत्रकारिताका लेक्चरर हुन्)

द कन्भर्सेसनबाट

कोलम्बियामा विमान दुर्घटना, १० जनाको मृत्यु

बोगोटा/ उत्तरपश्चिमी कोलम्बियामा एउटा विमान दुर्घटना हुँदा कम्तीमा १० जनाको मृत्यु भएको छ। प्यासिफिका ट्राभलद्वारा सञ्चालित उक्त विमान जुराडोबाट मेडेलिन जाँदै गर्दा एन्टिओक्वियाको उत्तरपश्चिम कोलम्बियाली विभागको उराओको ग्रामीण क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो। विमानमा चालक दलका दुई सदस्य र आठ यात्रु सवार थिए।

एन्टिओक्वियाको जोखिम व्यवस्थापन विभागका निर्देशक कार्लोस रियोस पुएर्टाले भने, 'दुर्भाग्यवश, त्यहाँ कोही पनि बाँचेका छैनन्। प्रतिकूल मौसमी अवस्थाले रिकभरी प्रक्रियालाई जटिल बनाएको छ।' प्यासिफिक ट्राभलले विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। 'हामी सधैँ तिनीहरूको साथमा रहनेछौँ। यस दुःखद घटनाबाट उत्पन्न हुने हरेक आवश्यकतालाई पूरा गर्नेछौँ,' प्यासिफिक ट्राभलले भनेको छ। दुर्घटनाको कारणबारे प्यासिफिक ट्राभलले अनुसन्धान सुरु गरेको छ। यसैबीच, गत डिसेम्बर २९ मा थाइल्यान्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको जेजु एयरको बोइङ ७३७-८०० मा दुर्घटनाअघि नै ब्ल्याक बक्सको रेकर्डिङ रोकिएको खुलासा भएको छ। मुआन विमानस्थलमा अवतरण गर्दा सिमेन्टको पर्खालमा ठोक्किएर दुर्घटनाग्रस्त हुँदा विमानमा सवार १७९ जनाको मृत्यु भएको थियो भने दुईजनालाई जीवित उद्धार गरिएको थियो। यो दक्षिण कोरियाली भूमिमा अहिलेसम्मकै सबैभन्दा खराब हवाई दुर्घटना थियो।

'सिभिआर र एफडिआर दुवैले दुर्घटनाभन्दा चार मिनेट पहिलेको अवधिमा रेकर्ड नगरिएको देखाएको छ,' यातायात मन्त्रालयले भनेको छ। प्रारम्भिक अनुसन्धानले विमान अवतरणमा मद्दत गर्ने वा 'ब्लाइन्ड ल्यान्डिङ'मा प्रयोग हुने रेडियो ट्रान्समिटर (लोकलाइजर) दुर्घटनाको गम्भीरता बढाउनका लागि दोषी ठहऱ्याइएको छ। क्षतिग्रस्त फ्लाइट डाटा रेकर्डरलाई प्रयोगशालामा विश्लेषणका लागि संयुक्त राज्य अमेरिका पठाइएको थियो।

इतिहासमा आज



सन् २०१० : हाइटीमा विनाशकारी भूकम्प। सात म्याग्निच्युडको सो भूकम्पका कारण राजधानी पोर्ट अउ प्रिन्स ध्वस्त भएको थियो। भूकम्पका कारण दुई लाखजनाको मृत्यु हुनुका साथै १० लाख मानिस विस्थापित भएका थिए। भूकम्पपछि भत्किएका संरचना निर्माणका लागि हेइटीले दातृ राष्ट्रलाई करोडौँ डलर सहयोग गरेका थिए।

सन् १८७९ : बेलायत र हाल दक्षिण अफ्रिकामा पर्ने जुलल्यान्डबिच युद्ध सुरु। ब्रिटिस फौजले छिमेकी रिपब्लिक अफ नाटलबाट आक्रमण सुरु गरेको थियो।

सन् १९०८ : पेरिसको इफेल टावरबाट पहिलोपटक लामो दूरीको रेडियो सन्देश प्रसारण भएको थियो। ली डी फरेस्टले गरेको सो प्रसारणलाई ५० भन्दा बढी श्रोताले सुनेका थिए।

सन् १९३८ : अस्ट्रियाले स्पेनमा गठित फ्रान्को सरकारलाई स्वीकृति प्रदान गऱ्यो।

सन् १९७३ : यासिर अराफात प्यालेस्टिनी लिबेरेसन अर्गनाइजेसन (पिएलओ)मा पुनः निर्वाचित भए।

सन् १९९१ : खाडी संकटका क्रममा अमेरिकी कंग्रेसले राष्ट्रपतिलाई इराकमाथि सैन्य कारबाही गर्ने अधिकार प्रत्यायोजन गऱ्यो।

विशेष आर्थिक क्षेत्र प्राधिकरण
त्रिपुरेश्वर, काठमाण्डौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति:- २०८१/०९/२८

उपरोक्त सम्बन्धमा यस प्राधिकरणको मिति २०८१/०७/०९ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरू मध्ये देहायबमोजिमको बोलपत्रको कबोल अंक न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकाले तपसिलको बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि. नं.	कार्यको विवरण	बोलपत्रदाताको नाम/ठेगाना	कबोल अंक रु. (भ्याट र P.S. समेत)
१	Construction of Infrastructures inside Expansion area of Simara SEZ Block A, Bara. (MoICS/SEZA/WORKS/03-081/82)	Shama Construction Pvt. Ltd., Parsha.	3,44,92,126.12

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी,बालुवा उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८१/०५/२८)

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाउँपालिका क्षेत्र भित्रबाट बग्ने कर्णाली नदीको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन र विक्री सम्बन्धी ठेक्का न्यूनतम ठेक्का अंकमा नघट्ने गरी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ। यो बोलपत्र PPMO को वेबसाईटः- **www.bolpatra.gov.np/egp** मा हेर्न र डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि **जानकी गाउँपालिकाको कार्यालय, दुर्गौली, कैलालीको** सूचना पाटी वा वेबसाईटः- **www.janakimunkailali.gov.np** मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Government of Gandaki Province
Ministry of Health
Province Public Health Laboratory
Gandaki Province
Pokhara, Nepal

Invitation for Electronic Bids
Procurement of Histopathology Equipments and Procurement of Laborataotry Equipments
IFB No. PPHL/G/NCB-1/2081-82, PPHL/G/NCB-2/2081-82

Date of publication: **12 Jan, 2025**

1. Government of Gandaki Province has allocated the fund and intends to apply part of the funds to cover eligible payments under the Contract **Procurement of Histopathology Equipments and Procurement of Laborataotry Equipments.** Bidding is open to all eligible Bidders from all countries. The Province Public Health Laboratory invites ***electronic*** bids from eligible bidders for the Procurement of Histopathology Equipments under National competitive bidding – Single Stage Single Envelope procedures.
2. *The bidder may submit the bid for single or more packages/lots as mentioned below and offer **discounts/ cross discounts. Evaluation will be done for each package, with contracts** awarded based on the award combination that is of least cost to the Purchaser*

Packages	Items name	Bid Security amount in NPR	Bid doc fee NRS	Bid security Validity Date
PPHL/G/NCB-1.1/2081-82	Microtome	45500	3000	
PPHL/G/NCB-1.2/2081-82	Tissue Processor	16500	3000	
PPHL/G/NCB-1.3/2081-82	Hot Air Oven	750	3000	
PPHL/G/NCB-1.4/2081-82	Floating Bath	775	3000	11 June, 2025
PPHL/G/NCB-2.1/2081-82	Fully Automated ELISA	90000	3000	
PPHL/G/NCB-2.2/2081-82	Biochemistry Analyzer	5550	3000	
PPHL/G/NCB-2.3/2081-82	Blood Culture System	47000	3000	

3. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province public Health Laboratory Kaski Pokhara, on GOV office time and www.bolpatra.gov.np/egp

Director General

Belauri Municipality
Office Of the Municipal Executive
Belauri, Kanchanpur
Sudurpaschim Province, Nepal

Invitation for Bids
Invitation for Bids No.: BELMUN/NCB/R/081/082-03
Date of publication: 12-01-2025

1. ***Belauri Municipality***invites electronic bids from Nepalese eligible bidders for the***Construction of black top road from Amrit Distillery to Sugarmill road (Chainage 0+000 to 0+750)*** National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. *12221669 (Exclusive of VAT & Contingencies)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost(Rs3000) of bidding document in theProject's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank
   Name of Office : ***Belauri Municipality***
   Office Code no. : 801077604
   Office Account no. : 4390100301010002
   Rajaswa (revenue) Shirshakno. : BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO websiteon ***11-02-202513:00.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***11-02-2025 14:00.*** at the office of ***Belauri Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs.*3600000 .Nrs***which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

Invitation for Bids
Nepal Red Cross Society
National Headquarter
Kalimati, Kathmandu

Ist of Publication: 23 December 2024
Re - tender 2nd Publication 12 January 2025

Invitation of Technical and Financial (double envelope system) Bid

Nepal Red Cross Society, National Head Quarter, Kalimati, Kathmandu invites sealed tender from registered Company or firm for "Construction of Health Post (Birthing Center) Building" at Bahaunthan-2, Bheri Municipality, Jajarkot.

A complete set of Tender Documents may be purchased from the office Nepal Red Cross Society, National Headquarters, Procurement Division, Kalimati, and Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration, VAT registration and Tax clearance certificate, and upon payment of a non-refundable fee of NRs. 4000.00 until 18 January 2025.

Sealed bids must be submitted to the office Nepal Red Cross Society, National Headquarters, Procurement Management Division Kalimati, Kathmandu by hand on or before 5:00 p.m. on 18 January 2025. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11:30 p.m. on 19January 2025 at NRCS, Nhqs. Kalimati, Kathmandu.

The bidder(s) must deposit 2.5 % (two and a half percent) including VAT of 13%, of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Nepal limited, Baneshwor or Demand Draft payable in favour of the said account at the submission of bids or bank guarantee issued by A class commercial bank with the validity period of 120 days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement.

The unsealed tenders and the tenders after the submission deadline will not be accepted. The bidders are responsible to submit the tenders on time and in the manner required in the tender documents. NRCS bears no responsibility for the costs and the delay for submission of the tender.

The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.

Nepal Red Cross Society
National Head Quarters
Red Cross Marga, Kalimati,
Kathmandu - Nepal
Phone: 5370167 / 5370650

Kalika Municipality
Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

INVITATION FOR SEALED QUOTATION BIDS

Contract Identification No: 04/Goods/SQ/KM/081/082
First date of publication: - 2081/09/28 (12th January, 2025)

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

S. N.	Contract No.	Description of Work	Bid Validity/Bid Bond Validity Period	Bid Security Amount (NRs.)	Price of Bid Document (NRs.)
1	04/Goods/SQ/ KM/081/082	Supply and Delivery of Vet. Medicine and Veterinary Feed Suppliment Items	**75 days from the day of bid opening (Upto 2081-12-31 B.S, 13th April, 2025 A.D)**	41,000/-	1,000.00

Account details for purchasing bidding document and bid security deposit
Name of the Bank : Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office : Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no. :11304010000013 (For Purchase Bidding Document),
A/C Name : Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no. :11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date : Before 12 PM on 2081-10- 15 (28th January, 2025)
Bids Opening Date : At 13:00 PM on 2081-10- 15 (28th January, 2025)
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.

Chief Administrative Officer

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २८ पुस ०८८१

नेपाल-भारत व्यापार र लगानी सहजीकरणमा सहमति

नयाँ पत्रिका



नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबिएफ)को दोस्रो बैठकले दुवै देशको व्यापारमा देखिएका समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ। दुई देशबिचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले काठमाडौंमा भएको बैठकमा नेपाल र भारतका प्रतिनिधि सहभागी थिए।

संयुक्त बैठकमा जलविद्युत् र नवीकरणीय ऊर्जा, सौर्य, वायुलगायतका परियोजनामा सहकार्य गर्दै स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने, सडक, रेल र हवाई सम्पर्क सुदृढ गर्दै सीमापार व्यापार सहज बनाउनेलगायतका विषयमा सहमति भएको छ। बैठकमा भएका सहमतिका विषयलाई शनिबार नै नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ। भारतीय वाणिज्य सचिव सुनील बर्थवाल र नेपालका वाणिज्य सचिव गोविन्दबहादुर कार्कीलाई मञ्चका अध्यक्ष भवानी राणा र सन्थिल कुमारले सो सहमति हस्तान्तरण गरेका हुन्। मञ्चको बैठकपछि आयोजित (जेबिएफ) सदस्य तथा दुवै देशका सरकारी निकायबिचको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारत नेपालको सबैभन्दा ठुलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबिएफको मिटिङमा भएका सहमतिलाई दुवै पक्षले कार्यान्वयनमा लैजानुपर्ने बताए। उनले दुवै देशबिच आयात-निर्यातमा देखिएका समस्याको समाधान सहज ढंगले हुने गरी काम गर्नुपर्ने धारणा राखे।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले मञ्चको बैठकबाट प्रस्तुत भएका विषयहरूको व्यावहारिक कार्यान्वयन आवश्यक रहेको बताए। भारतका वाणिज्य सचिव सुनील बर्थवाललेे जेबिएफमा उठेका एजेन्डा कार्यान्वयनका लागि आफ्नो पक्षबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

उद्योग, वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले जेबिएफ बैठकमा भएका सहमति कार्यान्वयनका लागि दुवै पक्षले पहल गर्नुपर्ने बताए। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दुई देशबिचका आर्थिक मुद्दाहरूमा यो बैठक महत्त्वपूर्ण रहेको बताउँदै यहाँ उठेका विषयमा सहजीकरणका लागि आफ्नो तर्फबाट पहल गर्ने बताए।

सो अवसरमा मञ्चका (नेपाल) अध्यक्ष भवानी राणाले नेपाल-भारतबिच लगानी र व्यापारको व्यापक सम्भावना रहेको र त्यसबाट लाभ लिन आवश्यक सहजीकरण हुनुपर्ने बताइन्। यस्तै, भारतीय पक्षबाट एन सुनील कुमारले नेपाल भारतबिच सडक, रेल र हवाई कनेक्टिभिटीमा सुधार भइरहेकाले आउने दिनमा थप सहजता थपिने बताए। मञ्चको अर्को बैठक भारतको नयाँदिल्लीमा आयोजना गरिने सहमति भएको छ।

जलवायु परिवर्तनका मुद्दा मिलेर समाधान गर्नुपर्छ : अर्थमन्त्री



काठमाडौं/ जलवायु परिवर्तनको असर पूर्वाधारदेखि व्यापारसम्मै परेको भन्दै यसको न्यूनीकरणमा सबैले सहकार्य गर्नुपर्ने सरोकारवालाले बताएका छन्।

काठमाडौंमा शनिबार आयोजित 'दक्षिण एसियामा जलवायु परिवर्तन र व्यापारमा दिगोपना विषयक' सम्मेलनका वक्ताहरूले जलवायु परिवर्तनको जोखिम कम गर्न सबैले सहकार्य गर्नुपर्नेमा जोड दिएका हुन्। विश्व व्यापार संगठन (डब्लुटियो) र काठमाडौं विश्वविद्यालयले आयोजना गरेको सम्मेलनको उद्घाटन गर्दै उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जलवायु परिवर्तन र व्यापारमा दिगोपनाका मुद्दा कुनै मुलुक विशेषको भन्दा पनि विश्वव्यापी साझा मुद्दा रहेकाले सबै मुलुकहरू मिलेर समाधान गर्नेतर्फ लाग्नुपर्ने बताए।

'जलवायु परिवर्तनबाट नेपाललाई परेको प्रभावको तुलनामा जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य रहेको छ, तर यसको प्रभाव सामाजिक एवं पूर्वाधार विकासका क्षेत्रमा समेत स्पष्ट देखिएको छ,' उनले भने, 'त्यसैले कम जोखिमयुक्त व्यापार पूर्वाधार विकास गर्न र उत्पादन केन्द्रहरूको समेत विकेन्द्रीकरण गरी आपूर्ति शृंखलामा समेत विविधीकरण गर्न आवश्यक छ।'

सम्मेलनमा काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार डा. अच्युत वाग्लेले निजी क्षेत्रमैत्री दिगो आर्थिक विकासको आवश्यक रहेकाले यसले भविष्यको दिगो विकासका लागि टेवा पुग्ने बताए। 'हामी नवीकरणीय ऊर्जा व्यापार र हरित अर्थतन्त्रको कुरा गरिरहेका छौं,' उनले भने, 'अहिले जलवायु परिवर्तन र विश्वव्यापी प्रवृत्ति रहेकाले दक्षिण एसियाको व्यापारलाई न्यायोचित र सन्तुलित तरिकारले प्रवर्द्धन गर्नुपर्छ।'

सम्मेलनमा रिसर्च सेन्टर फर इन्टरनेसनल ट्रेड ल एन्ड आरबिटेसन इस्टबुल विलगी युनिभर्सिटीका निर्देशक डा. एन पिनर आर्टिनरले जलवायु परिवर्तन र वातावरणीय दिगोपनलाई ध्यानमा राखेर नेपाललेे व्यापारलाई अघि बढाउनुपर्ने बताए। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव देवराज जोशीले व्यापार र जलवायु परिवर्तनका क्षेत्रमा रहेका समस्या सम्बोधन गरी दिगो व्यापारमा अगाडि बढ्नुपर्ने बताए।

■ माथिल्लो कर्णालीमा जिएमआरलाई दिएको म्याद ४ माघमा सकिँदै

भारतका दुई एजेन्सी र नेपालका नौ बैंकबाट लगानी जुटाउने तयारी

● **भारतको इरेडा र पिएफसीले पठाए १०४-१०४ अर्बसम्म ऋण दिने आशयपत्र, नेपाली बैंकहरूबाट पनि ४० अर्बको प्रतिबद्धता**

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नौ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् परियोजना बनाउन भारतीय कम्पनी ग्रान्धी मालिकार्जुन राव (जिएमआर)ले नेपालका नौ बैंक र भारतका दुई एजेन्सीसँग संयुक्त वित्तीय व्यवस्थापन सम्झौता (फाइनान्सियल क्लोजर) गर्ने तयारी गरेको छ। कम्पनीलाई परियोजनाको वित्तीय व्यवस्थापन गर्न दिएको म्याद यही ४ माघमा सकिँदै छ। अन्तिम म्याद नजिकिँदै गर्दा कम्पनीले वित्तीय व्यवस्थापनको तयारी तीव्र गतिमा अघि बढाएको हो।

स्रोतका अनुसार भारतको पावर फाइनान्स कर्पोरेसन (पिएफसी) र इन्डियन रिन्युअल इनर्जी डेभलपमेन्ट एजेन्सी (इरेडा)ले परियोजनामा ऋण लगानी गर्ने सम्झौता गर्ने तयारी गरेको छ। यी दुवै भारत सरकारको स्वामित्व भएका ऊर्जा क्षेत्रमा लगानी गर्ने कम्पनी हुन्। त्यसमा इरेडा आफैं 'जिएमआर अपर कर्णाली हाइड्रोपावर लिमिटेड'मा ५ प्रतिशत सेयर भएको हिस्सेदार हो। लामो समयसम्म लगानी जुटाउन नसकेपछि जिएमआरले गत भदौमा इरेडालाई ५ प्रतिशत र भारतकै सरकारी स्वामित्व भएको सतलज जलविद्युत् निगम (एसजेभिएन) कम्पनीलाई ३४ प्रतिशत सेयर बिक्री गरेको थियो। त्यसपछि उनीहरूसँगकै सहकार्यमा जिएमआरले परियोजनाका वित्तीय व्यवस्थापन गर्ने अवस्थामा पुगेको बताइएको छ।

स्रोतका अनुसार इरेडाले १२ नोभेम्बरमा ६५ अर्ब भारु (नेपाली रुपैयाँमा १०४ अर्ब)सम्म ऋण दिने कम्पनीलाई आशयपत्र (एलओआई) दिइसकेको छ। यसैगरी, पिएफसीले सोही रकमबराबरकै ऋण दिने गरी कम्पनीलाई ३१ डिसेम्बरमा आशयपत्र पठाइसकेको छ। तोकिएको सर्त पूरा भएमा सोबराबरको ऋण लगानी गर्ने आशय उनीहरूले गरेका छन्।

वित्तीय व्यवस्थापनमा नेपालका नौ बैंकलाई साझेदार बनाइँदै छ। त्यसमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले नेतृत्व गर्नेछ। स्रोतका अनुसार उक्त परियोजना ऋण लगानी गर्न नेपाली बैंकहरूबाट ४० अर्ब रुपैयाँसम्मको प्रतिबद्धता आएको छ। अबको केही दिनमै यस सम्बन्धमा अन्तिम टुंगो लाग्ने बताइएको छ। परियोजनाको लागत अनुमान ९१ अर्ब ४५ करोड भारु (एक खर्ब ४६ अर्ब ३२ करोड नेपाली रुपैयाँ) छ। त्यसको ७० प्रतिशत रकम ऋणमार्फत जुटाउनुपर्नेछ। एक खर्ब दुई अर्ब रुपैयाँ हाराहारीमा ऋण सम्झौता हुनेछ।

अछामको कर्णाली नदीमा बन्ने यो परियोजनालाई जिएमआरले 'जिएमआर अपर कर्णाली हाइड्रोपावर लिमिटेड' नामक कम्पनी स्थापना गरेर अघि बढाएको छ। परियोजना विकास सम्झौताअनुसार जिएमआरले कम्पनीको २७ प्रतिशत सेयर नेपाल विद्युत् प्राधिकरणलाई निःशुल्क सेयर दिइसकेको छ। बाँकी ७३ प्रतिशत सेयर भने जिएमआरसँगै थियो। त्यसमा जिएमआरले ५ प्रतिशत सेयर इरेडा र ३४ प्रतिशत एजेभिएनलाई दिएर ३४ प्रतिशत आफूलाई राखेको छ।



लगानी बोर्डका प्रवक्ता **प्रद्युम्नप्रसाद उपाध्य** भन्छन्-



जिएमआरले ४ माघभित्र वित्तीय व्यवस्थापन सम्झौता गरेका प्रमाण बोर्डमा पेस गर्नुपर्नेछ। त्यो भएन भने सर्वोच्चको फैसलाअनुसार कम्पनीबाट आयोजना फिर्ता लिइनेछ। यद्यपि, कम्पनीले वित्तीय व्यवस्थापनका लागि तयारी गरिरहेको जानकारी आएको छ। समय थोरै भए पनि सकारात्मक नतिजा आउनेमा आशावादी छौं।



खुला प्रतिस्पर्धाबाट ०६४ मै परियोजना हात पारेको जिएमआरले पटक-पटक म्याद थप गर्दा पनि वित्तीय व्यवस्थापन गर्न सकेको छैन। त्यसक्रममा पछिल्लोपटक अध्ययन समिति नै बनाएर ३१ असार ०७९ को मन्त्रिपरिषद्ले अन्तिम मौकास्वरूप दुई वर्ष अर्थात् असार ०८१ सम्मको समय थप गरेको थियो। तर, म्याद थपविरुद्ध रिट परेपछि सर्वोच्च अदालतले १८ कात्तिक ०७९ मा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो। त्यसपछि कम्पनीले थप काम गर्न सकेन। पछि २४ वैशाख ०८० मा भने सर्वोच्चले रिट खारेज गरेको थियो। त्यसको पूर्ण पाठ भने २२ असार ०८० मा आएको थियो। पूर्ण पाठमार्फत पनि सर्वोच्चले अन्तरिम आदेशका कारण व्यतीत भएको समयबराबर म्याद थप गरेर सकिएपछि पुनः म्याद नदिन फैसला गरेको थियो।

३१ असार ०८१ मा म्याद सकिए पनि सर्वोच्चको अन्तरिम आदेशका कारण व्यतीत भएको समय (१८ कात्तिक ०७९ देखि २४ वैशाख ०८१ सम्म) बापत एक सय ८६ दिन म्याद थप गरिएको थियो, त्योअनुसारको म्याद आगामी ४ माघमा सकिँदै छ। पछिल्लो म्यादमा कम्पनीले बजार व्यवस्थापन र वित्तीय व्यवस्थापन सम्झौता गर्नुपर्ने थियो। कम्पनीले यसअघि नै बंगलादेशमा विद्युत् बिक्री गर्ने गरी आशयपत्र पाइसकेको छ। जिएमआरले यस आयोजनाको पाँच सय मेगावाट विद्युत् बंगलादेशमा निर्यात गर्नेछ। बाँकी चार सय मेगावाट विद्युत्मध्ये एक सय आठ मेगावाट नेपाललाई निःशुल्क दिनेछ। पिडिएअनुसार जिएमआरले नेपाललाई १२ प्रतिशत विद्युत् निःशुल्क दिनुपर्नेछ। त्यसपछि बाँकी हुने दुई सय ९२ मेगावाट विद्युत् भने भारतमा निर्यात गरिनेछ। त्योअनुसार कम्पनीले अब परियोजनाको वित्तीय व्यवस्थापन सम्झौता मात्रै गर्नुपर्नेछ। तर, कम्पनीले फैसलाको पूर्ण पाठ आएको मितिअनुसार थप दुई महिना समय पाउनुपर्ने माग पनि गरेको छ। २४ वैशाख ०८० मा रिट खारेज भए पनि दुई महिनापछि अर्थात् २२ असार ०८० मा फैसलाको पूर्ण पाठ आएको थियो। त्योअनुसार थप दुई महिना समय पाउनुपर्ने माग पनि कम्पनीले गरेको छ।

तर, लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यले जिएमआरलाई दिएको म्याद ४ माघमा सकिने बताए। 'कम्पनीले ४ माघभित्र वित्तीय व्यवस्थापन सम्झौता गरेका प्रमाण बोर्डमा पेस गर्नुपर्नेछ। त्यो भएन भने सर्वोच्चको फैसलाअनुसार पनि कम्पनीबाट आयोजना फिर्ता लिइनेछ,' उनले भने, 'यद्यपि, कम्पनीले वित्तीय व्यवस्थापनका लागि तयारी गरिरहेको जानकारी आएको छ। समय थोरै भए पनि सकारात्मक नतिजा आउनेमा आशावादी छौं।'

जिएमआरले माघ ०६४ मा प्रतिस्पर्धामार्फत यो आयोजना हात पारेको थियो। त्यसपछि सरकारले वैशाख ०६५ आयोजनाको सर्वेक्षण लाइसेन्स दिएको थियो भने असोज ०७१ मा परियोजना विकास सम्झौता (पिडिए) गरिएको थियो। कम्पनीले यो आयोजना बनाउन नेपालमा जिएमआर अपर कर्णाली हाइड्रोपावर लिमिटेड नामक कम्पनी स्थापना गरेको थियो। परियोजनाको संशोधित लागत एक खर्ब ५७ अर्ब रुपैयाँ रहेको छ। त्यसमा कम्पनीले ३० प्रतिशत स्वपुँजीका रूपमा सेयर लगानी गर्नेछ।

ऊर्जा मार्गचित्रलाई इप्पानको स्वागत

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' स्वागत गरेको छ। १६ पुसमा मन्त्रिपरिषद्बाट स्वीकृत मार्गचित्रबाट २०९२ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्नेलगायतका लक्ष्यलाई स्वागतयोग्य भएको इप्पानले जानकारी दिएको छ।

इप्पान अध्यक्ष गणेश कार्कीले साढे २८ हजार मेगावाट विद्युत् उत्पादनको जिम्मा निजी क्षेत्रले लिन सक्ने बताए। 'मार्गचित्रमार्फत सरकारले ११ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। तर, यसका लागि सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ,' उनले भने, 'मार्गचित्रको सफल कार्यान्वयन गर्न कार्ययोजनामा भएअनुसार काम गर्नुपर्छ।'

यो मार्गचित्र कार्यान्वयन भएमा निर्माण आयोजना अवधिमा सरकारले भ्याटबापत मात्रै तीन खर्ब ७५ अर्ब, रोयल्टीबापत वार्षिक दुई अर्ब ५० करोड रुपैयाँ र राजस्वबापत ८८ अर्ब प्राप्त गर्नेछ।

नागभूषण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

नार्गाजुन-१, रानीवन, काठमाडौं
फोन नं.: ०१-५९२२३६७

कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

तपशिलमा उल्लेखित तपाई सदस्यहरुले यस संस्थाबाट लिएको ऋणको भुक्तानी मिति समाप्त भैकन तिर्नु बुझाउनु पर्ने साँवा व्याज नतिरी कर्जा सम्बन्धि शर्त बन्देज उल्लघन गर्नु भएको तथा कर्जा चुक्ता गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरी कर्जा तिर्न कुनै चासो नदेखाएको हुनाले तपाई ऋणीको नाममा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सावा, व्याज, हर्जाना यस संस्थामा आई बुझाउनु हुन अनुरोध छ। अन्यथा संस्थामा रहेको बचत रकम जफत गरि बाँकी रकम जमानी बस्ने व्यक्ति, ऋणीको एकाघर परिवार समेतको नाममा रहेको जायजेथा, घरघराना, चल अचल सम्पतीबाट कानुन बमोजिम असुल उपर गर्न सम्पती रोक्का गरी संस्थाको लिनुपर्ने रकम असुलीका लागि तपाईलाई कालो सूचिमा राख्दै सहकारी ऐन, संस्थाको विनियम तथा निती बमोजिम असुली कारवाहि प्रक्रिया अघि बढाउने व्यहोरा ऋणी सदस्य तथा धन जमानीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

क्र.सं.	ऋणीको तीन पुस्ते विवरण	क्र.सं.	ऋणीको तीन पुस्ते विवरण
१	नाम:- अमिर थापा क्षेत्री ना.प्र.न.:- ४४१००७३३६ जारी मिति:- गोरखा, २०६६/०४/११ बुबाको नाम:- साधुराम थापा बाजेको नाम:-भिमजंग थापा ठेगाना:- भिमशेन थापा गा.पा. बोलाङ्ग-८	६	नाम:- शुष्मा थापा ना.प्र.न.:- ४२१०६२-६-८२ जारी मिति:-२०६८/०५/२७(स्याङजा) पतिको नाम:- गंगा बहादुर क्षेत्री बुबाको नाम:- रेशम बहादुर थापा बाजेको नाम:- उजुर सिंह थापा ठेगाना:- पुतली बजार-६ स्याङजा
२	नाम:- बद्री प्रसाद तिमल्सिना ना.प्र.न.:- १४५३ धादिङ्ग बुबाको नाम:- गंगा प्रसाद तिमल्सिना बाजेको नाम:- खिल प्रसाद तिमल्सिना ठेगाना:- खरी-७ धादिङ्ग, हाल धादिङ्ग पुछार बजार तिमल्सिना तेल मिल	७	नाम:- बिक्रम तामाङ्ग ना.प्र.न.:- ३०-०१-०७३-०६०५५ जारी मिति:-२०७३/०४/०४ बुबाको नाम:- चक्र बहादुर तामाङ्ग बाजेको नाम:- कृष्ण बहादुर तामाङ्ग ठेगाना:- पाँचखाल-६
३	नाम:- गंगा बहादुर क्षेत्री ना.प्र.न.:- ६३१५८ जारी मिति:-२०५८/०२/०४(स्याङजा) बुबाको नाम:- यम बहादुर क्षेत्री बाजेको नाम:- कर्ण बहादुर क्षेत्री ठेगाना:- अर्जुन चौपारी-३, स्याङजा	८	नाम:- रिना मगर बराम ना.प्र.न.:- ४४१०४२/६६ जारी मिति:-२०७०/११/११ (गोरखा) बुबाको नाम:- रण बहादुर बराम पतिको नाम:- जगत बहादुर बराम ठेगाना:- मसेल-३, गोरखा
४	नाम:- पुष्पा थापा ना.प्र.न.:- ७३५५ जारी मिति:-२०५८/०२/१७(काठमाडौं) पतिको नाम:- राजन प्रसाद चौलागाई ससुराको नाम:- अर्जुन प्रसाद चौलागाई ठेगाना:- हाल नार्गाजुन-१ रानीवन	९	नाम: मिना कुमारी भुजेल ना.प्र.नं.: २४०३९ जारी मिति: २०५४/०१/१७, तनहुँ बाजेको नाम: मानविर भुजेल बाबुको नाम: टेक ब. भुजेल ठेगाना: राइपुर-२, तनहुँ
५	नाम:- सुजन पौडेल ना.प्र.न.:- ४४१०१०/३८१ बुबाको नाम:- शिव प्रसाद पौडेल बाजेको नाम:- ईश्वरी प्रसाद पौडेल ठेगाना:- फुजेल-७, गोरखा	उक्त ऋणीहरुको धन जमानी बस्नुहुने सदस्याहरु समेत सहकारीको नियम कानुन बमोजिम कारवाहीको भागिदार बन्ने जानकारी पनि गराइन्छ।	

Invitation for Bids

Proposal for Outsourcing Document Storage Function

Published date: January 12, 2025
Deadline for Submission: - January 26, 2025

Citizens Bank International Limited invites sealed Bids for **Outsourcing Document Storage Function** as per the terms and conditions outlined below: -

1. Tender Documents can be procured during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Durbar Marg, Kathmandu upon payment of NPR 1,000.00 (Nepalese Rupees One Thousand only), at A/c no. 99901290040101 nonrefundable, latest by 11:00 hours on January 26, 2025.
2. Sealed Tenders should be submitted to Head Office of the Bank latest by 17:00 hours on January 26, 2025. Sealed tenders will be opened on 11:00 hours on January 27, 2025 at Head Office of the Bank at Narayanhiti Path, Durbar Marg, Kathmandu in presence of respective bidders (s) or in presence of its authorized representative. However, non-presence of the bidder(s) or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids. Qualification document (Technical proposal) will be evaluated first and date, time and place for opening of another sealed Bids (Financial Proposal) of qualified bidder will be notified and will be opened in the presence of qualified bidders/authorized representatives who choose to attend. The bid documents of financial offer of the unqualified bidder shall be returned to the respective bidders in sealed (unopened) condition.
3. If the last date of purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. The bidders meeting the following conditions will only qualify to participate in the bid: -
   a) Should have experience of providing similar service to at least one commercial bank/corporate house of Nepal.
   b) Should provide the latest audited financial statements and latest tax clearance certificate or tax clearance certificate of 2079/80.
   c) Document movement tracking should be carried out through software.
   d) Storage Facility should not be located more than 50km from the Narayanhitipath, Head Office of the Bank.
   e) Regular document retrieval period should not exceed 48 hours with rush retrieval not exceeding 12 hours.
   f) Storage Facility should be purposefully built on bidder's own or leased properties (land and building).
   g) Must take full responsibility of documents after handover to the service provider.
   h) The storage facility should be equipped with:
      - Security personal and CCTV Surveillance System
      - Fire Fighting Facility
      - Climate Control for ensuring Longevity
      - Pest Control Facility
6. Bids must be accompanied by bid security of NPR 200,000.00 either in the form of earnest money (refundable) deposited in cash at the Head Office of the Bank or in the form of the Bank Guarantee (Bid Bond) issued in favor of the Bank having validity of 90 days from the last date of bid submission.
7. All other information are mentioned in the bid documents.

The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

www.ctznbank.com

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मन बहादुर श्रेष्ठको नाति, गंगा बहादुर श्रेष्ठको छोरा लुम्बिनी प्रदेश बाके जिल्ला नेपालगंज उप महानगरपालिका वडा नं. १२ मा बस्ने रतन बहादुरले यस शाखामा बचत खाता नं. १९५१५२४०३००८३४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/०७ मा निज खाताबाला रतन बहादुर को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने पुष्पा देवीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ११९** बमोजिम निज मृतक रतन बहादुर को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERED BANK FOR A TRANSFORMING NEPAL
नेपालगंज शाखा कार्यालय
फोन : ०८१-४१५१२५

प्रस्ताव आह्वान

(प्रकाशन मिति : २०८१/०९/२८)

महिला, कानून र विकास मञ्च (FWLD) ले लैङ्गिक हिंसा सम्बोधनको लागि स्थानीय नीति सुधार साथै जनचेतना सम्बन्धी कार्यक्रम गर्नका निमित्त लुम्बिनी र मधेश प्रदेशमा आधारित गैर-नाफामूलक गैरसरकारी संस्थाहरु (प्राथमिकता समुदाय आधारित संस्थाहरु)बाट प्रस्ताव आह्वान गरेको छ।

प्रस्ताव बुझाउने अन्तिम मिति तथा समय:
२०८१/१०/०८ (२१ जनवरी २०२५) साँझ ५ बजे भित्र

प्रस्ताव बुझाउने ई-मेल: info@fwld.org

विस्तृत जानकारीको लागि:
https://fwld.org/news/fwlds-policy-reformation-and-awareness-to-yield-address-of-sgbv-prayas-grant-request-for-proposals/

FWLD
महिला, कानुन र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली, काठमाडौं, नेपाल
फोन नं.: ५३३३५२४, ५३३३५३५

स्काइवाक टावरले आइपिओ जारी गर्ने

काठमाडौं/ काठमाडौंको कमलादीमा स्काइवाक टावर सञ्चालन गर्दै आएको वन्डर्स नेपाल प्रालिले आइपिओ जारी गर्ने भएको छ। शुक्रबार बसेको कम्पनीको सातौं वार्षिक साधारणसभाले कम्पनीलाई पब्लिक लिमिटेडमा परिवर्तन गरी आइपिओ जारी गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको हो।



प्रवेन्द्र पोखरेलको अध्यक्षतामा कमलादीमा बसेको वार्षिक सधारणसभाले आर्थिक वर्ष ०८०/८१ को वित्तीय विवरण पारित गर्नुका साथै कम्पनीको आगामी व्यावसायिक कार्ययोजनासमेत सर्वसम्मत रूपमा पारित गरेको छ। साधारणसभामा कम्पनीका प्रबन्ध सञ्चालक पदमप्रसाद न्यौपानले भावी कार्यायोजनाबारे प्रस्ट पारेका थिए।

कम्पनीले सञ्चालक समितिको पुनर्गठन गरी अध्यक्षमा तेजबहादुर सिंह र प्रबन्ध निर्देशकमा विष्णुहरि पाण्डेलाई मनोनयन गरेको छ। नवनियुक्त प्रबन्ध निर्देशक पाण्डेले स्काइवाक टावरको जिम्मेवारी बहन गर्नुलाई एक नयाँ अवसरका रूपमा लिएको बताए।

'स्काइवाक टावरमा ३६० डिग्री भ्यु देखिने गरी रेस्टुरेन्ट र क्लब निर्माण भइसकेको र शीघ्र सञ्चालनमा ल्याउनेछौं,' पाण्डेले भने, 'अब सिटी बन्जी जम्पका साथै डोम प्रोजेक्टलगायत थप साहसिक गतिविधि विस्तार गरी सेवाको दायरा फराकिलो बनाउँदै लैजाने अठोट छ। स्काइवाक टावरलाई काठमाडौंकै मुख्य पर्यटकीय स्थलका रूपमा स्थापित गर्दै लैजाने प्रतिबद्धता पनि जनाए।

सिन्धु विकास बैंकका सिइओले सम्हाले पदभार



काठमाडौं/ सिन्धु विकास बैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सुरेश देवकोटाले शुक्रबारदेखि पदभार सम्हालेका छन्। बैंकको सञ्चालक समितिले देवकोटालाई चार वर्षका लागि कार्यकारी प्रमुखमा नियुक्त गरेको हो। बैंकमा आयोजित पदभार ग्रहण कार्यक्रममा बोल्दै देवकोटाले संस्थागत सुशासन र नियामकीय अनुपालना आफ्नो पहिलो प्राथमिकता रहेको बताए। अहिलेको विषम परिस्थितिलाई चिर्दै आगामी दिनमा बैंकलाई एक सबल, सक्षम र उदाहरणीय बैंक बनाउने योजना रहेको पनि बताए। करिब दुई दशक लामो बैंकिङ क्षेत्रको कार्यानुभव रहेका देवकोटाले नेपाल बैंकबाट करिअर सुरु गरेका थिए भने लामो समय नेपाल बंगलादेश बैंकमा बिताएका थिए।

ज्योति क्यापिटलको नगद लाभांश वितरण प्रस्ताव पारित

काठमाडौं/ ज्योति क्यापिटलको दोस्रो वार्षिक साधारणसभाबाट सेयरधनीलाई दिने नगद लाभांश पारित भएको छ। सभाले आर्थिक वर्ष ०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गरेको छ।

सभाले सेयरधनीलाई चुक्ता पुँजीको ३.१६ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्तावसमेत पारित गरेको छ। त्यस्तै, चालू आवका लागि लेखा परीक्षक नियुक्ति गरी निजको पारिश्रमिक पनि निर्धारण गरेको छ। त्यस्तै, सभाले सञ्चालक समितिबाट नियुक्त भएका दुईजना स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन पनि गरेको छ।

आरबिबी सेक्युरिटिजको साधारणसभा



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकको पूर्ण स्वामित्वमा सञ्चालित सहायक कम्पनी आरबिबी सेक्युरिटिज कम्पनीको दोस्रो वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको अध्यक्षतामा साधारणसभाले आव ०८०/८१ को कम्पनीको वार्षिक प्रतिवेदन प्रस्ताव पारित गरेको छ।

साधारणसभामा प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हाल सहरी क्षेत्रमा मात्र सीमित रहेको ब्रोकर सेवालाई ग्रामीण क्षेत्रमा समेत विस्तार गर्ने दीर्घकालीन सोचअनुरूप रणनीति तयार गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र ग्रामीण क्षेत्रमा रहेका जनताले पनि ब्रोकर सेवा लिन सकिने वातावरण बनाउनुपर्ने बताए।

आरबिबी सेक्युरिटिज कम्पनीका प्रमुख कार्यकारी अधिकृत बेनी श्रेष्ठको हाल २० करोड चुक्ता पुँजी रहेको छ।

नेपाल खुला विश्वविद्यालय
केन्द्रीय कार्यालय
मानभवन, ललितपुर

नेपाल खुला विश्वविद्यालय स्था: २०७३

नयाँ भर्ना आवेदन आव्हान सम्बन्धी सूचना

(वेवसाईटमा प्रथम पटक प्रकाशित मितिः २०८१।०९।२६ गते)

नेपाल खुला विश्वविद्यालय विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय अन्तर्गत विश्वविद्यालयको शैक्षिक पात्रो (Academic Calendar), अनुसार वि.सं.२०८१ हिउँदे सत्रको स्नातकोत्तर तहमा सेमेष्टर प्रणाली अर्न्तगत तपशिल अनुसारको विषयमा नयाँ भर्ना आवेदन आव्हान सम्बन्धी सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। भर्ना आवेदकहरूले विश्वविद्यालयको वेवसाइट मा रहेको Student panel मार्फत Online भर्ना आवेदन फारम मिति २०८१/०९/२६ गते देखि मिति २०८१/१०/१८ गते सम्ममा भरिसक्नु पर्नेछ । **साथै भर्ना सम्बन्धी विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाईट www.nou.edu.np मा हेर्नुहुन पनि सूचित गरिन्छ ।**

१. **Master in Information Technology (MIT):** २ वर्षे कार्यक्रम (सेमेष्टर प्रणाली)
Specialization: 1) Data Science 2) Cyber Security
२. **सिट संख्याः** ५० जना **आवेदन शुल्कः** रु.१,०००।-
न्यूनतम शैक्षिक योग्यता : सूचना तथा प्रविधि बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण वा कुनै पनि बिषयमा स्नातक उत्तीर्ण गरी मान्यता प्राप्त विश्वविद्यालयबाट PGDIT (post graduate diploma in information technology) उपाधी वा सो सरह उत्तीर्ण हुनुपर्ने छ।

सम्पर्क फोन नम्बरः ९८५१२०५५१०, ०१-५४२४३०९

ङादी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.ngpl.com.np

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

श्री ङादी ग्रुप पावर लिमिटेडको मिति २०८१/०८/१७ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,८५,१२,७९२.२२५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **मिति २०८१/०९/२३ गतेका दिन देखि २०८१/१०/१४ गतेसम्म** गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस हकप्रद शेयर निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१/०९/०५ गतेको "नयाँपत्रिका"** दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्न हुन समेत अनुरोध गरिन्छ।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु
१.	श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।
२.	श्री सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयहरुः विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बेशीसहर, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत।
३.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अधिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री ङादी ग्रुप पावर लिमिटेडको वेभसाइटः www.ngpl.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइटः www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन्।

साथै, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड, ङादी ग्रुप पावर लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np बाट डाउनलोड गरी पढन् सकिनेछ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं, फोन नं. ०१-५९७०७४७ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

Lumbini Province Government

Water Supply and Sanitation Office
Arghakhanchi

Invitation for Bid (IFB)

(First date of publication: Paush 28, 2081 (12 th January, 2025)

Water Supply and Sanitation Office Arghakhanchi invites open competitive bidding from eligible bidders/suppliers for the procurement of following goods under National Competitive Bidding (NCB).

S. No.	Contract Identification No.	Description	Estimate Amount NRs. (Without VAT)	Price of Bid Document	Bid Validity Period	Bid Security / Bid Bond
1	04/WSSDOP/ NCB/G/081-82	Supply and delivery of HDPE pipe(PE-100)	42,42,106.50	NRS.3000	90 days	1,20,000.00
2	05/WSSDOP/ NCB/G/081-82	Supply and delivery of GI Pipes,fittings , Tools & Seamless Pipes	64,85,837.00	NRS.3000	90 days	1,85,000.00

Eligible bidders may obtain further information from Water supply and Sanitation Office, Arghakhanchi (**Tel: 077420110**)

(email: wsso.arghakhanchi@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Office Chief

Infrastructure Development Office
Khalanga, Jajarkot, Nepal

Letter of Intent (LoI)

Date of Publication:2081/09/28(12 January, 2025)

This is notify (as per Section 27(2) of public procurement Act 2063) to all concerned bidders that, we are going to award following contract as per IFB 04/IDO/JKT/081/082 published on Naya Patrika National Daily Newspaper Date on 2081/08/20 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

Name of Project/Contract ID NO.	Substantially responsive Lowest evaluated bidders	Accepted Bid Amount Including VAT & PS (Nrs)
Upgrading of Suyada Pathihalna Majkot Sadak, Chhedagad-2 (IDO/JKT/W/NCB/25/(Re)081/082)	SP K.B Nirman Sewa, Chhedagad Municipality-4, Jajarkot	18,39,167.33
Bukakhola Dekhi Mathi Nayakabada Badadhunga Hudai Gotgaun Jodne Sadak Barekot-05, Jajarkot (IDO/JKT/W/NCB/31/081-082)	Raman Nirman Sewa, Khalanga-7, Jajarkot	31,36,809.8
Construction of Maithe Perari Dekhi Badal Road Barekot-08, Jajarkot (IDO/JKT/W/NCB/32/081-082)	Simrik Engineering Associates and Construction Pvt.Ltd	21,18,047.5
Construction of Lamdubala Maite Bagar Sadak Barekot-08, Jajarkot(IDO/JKT/W/NCB/33/081/082)	Raman Nirman Sewa, Khalanga-7, Jajarkot	20,34,116.75
Upgrading of Sadhabisauna jahargaun hanisakla Sadak Kushe-05, Jajarkot (IDO/JKT/W/NCB/34/081/082)	Karnali Nilam Nirman Sewa, Kushe R.M-5, Jajarkot	33,99,884.75
Upgrading of Sadhabisauna Jahargaun Hanisalla Sadak Kushe & Barekot Jajarkot (IDO/JKT/W/NCB/35/081/082)	K.B Nirman Sewa, Khalanga-7, Jajarkot	23,29,266.50
Construction of Wada karyalay Dekhi Shirpa Khola Hudai Tamtasigar Jodne Sadak Junichande -06, Jajarkot (IDO/JKT/W/NCB/36/081/082)	Subina Construction, Barekot-6, Jajarkot	24,87,601.49
Upgrading of Bhelale Baisegada dhalla sadak (IDO/JKT/W/NCB/37/081/082)	Satkar Construction,Jajarkot	38,87,210.88
Upgrading of Santichautara Dekhi Kalegaun Sadak (IDO/JKT/W/NCB/38/081/082)	Pasupati Construction and Suppliers, Bheri-3, Jajarkot	20,33,123.2
Construction of Rawat Gaun Dekhi Tata Laipokhara Simli Khola Sadak, Bheri-10, Jajarkot (IDO/JKT/W/NCB/39/081/082)	Danfe Builders, Khalanga-2, Jajarkot	20,38,128.69
Upgrading of Bhurchaur Sauli Punma Sadak, Bheri-10, Jajarkot (IDO/JKT/W/NCB/40/081/082)	Shant Nirman Sewa, Chhadegad-12, Jajarkot	16,74,803.87
Upgrading of Jilla sabha Hal muni dekhi pipal dada hudai Thaaple sadak (IDO/JKT/W/NCB/41/081/082)	Shiv Sakti Nirman Sewa, Latikoili-8, Surkhet	27,29,496.58

CHANDRAGIRI HILLS LIMITED
Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

पन्ध्रौं वार्षिक साधारणसभाको अभिलेख (माइन्युट)

कम्पनी ऐन २०६३ को दफा ७५(३) को व्यवस्थाबमोजिमको सार्वजनिक सूचना

चन्द्रागिरि हिल्स लिमिटेड काठमाडौंको मिति २०८१/०८/१० गते बसेको ७१औं सञ्चालक समितिको बैठकको निर्णयअनुसार आज मिति २०८१ साल पुस ३ गते बुधवार (तदनुसार १८ डिसेम्बर २०२४) का दिन बोलाइएको कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेसनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री हेमराज ढकालज्यूको सभापतित्वमा दिनको ११:०० बजे सुरु भई १:३० बजेसम्म देहायबमोजिमका प्रस्तावहरूउपर छलफल गरी निम्नानुसार निर्णय गरी सुसम्पन्न भयो।

१. **सभाको सभापतित्व :** कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभाको सभापतित्व गरिदिनुहुनका लागि कम्पनी सचिवज्यूबाट अनुरोध गरेबमोजिम सञ्चालक समितिका अध्यक्ष श्री हेमराज ढकालज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो। त्यसपछि सञ्चालक सदस्यज्यूहरू, सेयर सदस्यज्यूहरू र उपस्थित अन्य सम्पूर्ण सबैलाई आशनग्रहण गराउने कार्यक्रम सम्पन्न भयो। तत्पश्चात् अध्यक्षज्यूको निर्देशनअनुसार कम्पनी सचिवले सभाको कार्यक्रमलाई अगाडि बढाउनुभयो।

२. **सभाको सूचना :** कम्पनीको मिति २०८१/०८/१० गते बसेको सञ्चालक समितिको बैठकले पन्ध्रौं वार्षिक साधारणसभा बोलाउनका लागि आजको मिति तोक्ने निर्णय गरेपश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्थाबमोजिम कम्पनीको १५औं साधारणसभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरू र सेयर दाखिल खारेज दर्ता किताब बन्द रहनेसम्बन्धी सूचना दुईपटक क्रमशः मिति २०८१ मंसिर ११ गते मंगलबार र मंसिर २५ गते मंगलबार गरी दुईपटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना निकालिएको थियो।
त्यसैगरी यसरी प्रकाशन गरिएको सूचनासहित कम्पनीको आ.व. ०८०/०८१ को लेखा परीक्षण सम्पन्न भएको वासलात, आय-व्यय हिसाब र नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन विवरण कम्पनीको वेबसाइट www.chandragirihills.com मा समेत सेयरधनी महानुभावहरूको अधिकतम जानकारीका लागि उपलब्ध गराइएको छ।

३. **उपस्थिति :**
सेयरधनीहरूको उपस्थिति संख्या : गणपूरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)

विवरण	जम्मा सेयर संख्या	उपस्थित सेयरधनी: स्वयं	उपस्थित सेयरधनी: प्रतिनिधिमार्फत	उपस्थित सेयरधनी: स्वयं	उपस्थित सेयरधनी: प्रतिनिधिमार्फत	जम्मा सेयरधनी संख्या (स्वयं तथा प्रतिनिधि)	जम्मा सेयर संख्या (स्वयं तथा प्रतिनिधिमार्फत)
सेयरधनी संख्या	१,५३,४०,९१०	८२०	३	७६,६९,४३७.००	३५,७४,०६०.००	८२३	११२४३४९७.००
कुल सेयर संख्या	१,५३,४०,९१०	८२०	३	७६,६९,४३७.००	३५,७४,०६०.००	८२३	११२४३४९७.००
						कुल प्रतिशत (%)	७३.२९%

४. **सभाको वैधानिकता :** कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीअनुसार बोलाइएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारणसभाको गणपूरक संख्या बाँडफाँट भएको कुल सेयर संख्याको ५० प्रतिशतभन्दा बढी सेयरधनीको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरूमध्ये कम्तीमा ५ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकाले कम्पनीको १५औं वार्षिक साधारणसभामा राखिएको सेयरधनीको हाजिरी पुस्तिकामा हाजिर जनाउने सेयरधनीको संख्या सोभन्दा बढी भएकाले कम्पनी सचिवले साधारणसभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानुनअनुसार सभा वैधानिक भएको जानकारी गराउनुभयो।

५. **सभाको विषयसूची :**
क) **सामान्य प्रस्ताव**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गर्ने।
२) लेखा परीक्षकको प्रतिवेदनसहितको २०८१ साल असार मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०८०/०८१ को आय-व्यय हिसाब र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखा परीक्षण कार्यका लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
ख) **विशेष प्रस्ताव**
१) सञ्चालक समिति सदस्यको नियुक्ति अनुमोदन सम्बन्धमा।
२) प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संशोधन गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

६. **वार्षिक प्रतिवेदन प्रस्तुति :** सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हेमराज ढकालज्यूले पन्ध्रौं वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात् उहाँबाट कम्पनीको हालसम्म भए-गरेका कार्य प्रगति, समस्या तथा समस्या समाधानका लागि चालिएका कदमका विषयमा जानकारी गराउनुभयो।

७. **वार्षिक प्रतिवेदनउपर छलफल :** अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति एवं आयोजनाबारे जानकारी दिइसकेपछि उपस्थित सेयरधनीहरूको तर्फबाट प्रस्तुतीकरणको दौरानमा उठेका विषयवस्तुहरूमाथि छलफलमा सहभागिता जनाइयो। उपस्थित सेयरधनी महानुभावहरूमध्ये सभामा आई शुभकामना दिनेहरूमा क्रमशः श्री जगन्नाथ आचार्य, श्री इन्द्रप्रसाद लामिछाने, श्री गोविन्दबहादुर केसी, सुश्री निरुपमा गुप्ता, श्री उद्धवप्रसाद घिमिरे, श्री चन्द्रनारायण श्रेष्ठ, श्री सुदीप श्रेष्ठ, श्री गुणराज भट्ट, श्री विशेष अमात्य, श्री श्रीहरि थापा, श्री ध्रुवराज न्यौपाने, श्री कृष्णप्रसाद खड्गीलगायतले कम्पनीको १५औं वार्षिक साधारणसभाको शुभकामना दिनुका साथै आगामी दिनमा कम्पनीलाई लगानीबापतको लाभांश वितरणतर्फ अग्रसर गराउन जोड दिनुभयो। यसका साथै उहाँहरूबाट चन्द्रागिरि हिल्सलाई साधारणसभाको बैठक आफ्नै परिसरमा आयोजना गरी सेयरधनीहरूलाई निःशुल्क केबलकार सेवा तथा जलपानको आतिथ्यता प्रदान गरेकोमा धन्यवाद ज्ञापनसमेत गर्नुभयो। श्री जगन्नाथ आचार्यबाट कम्पनीको पुँजी वृद्धिको योजना तथा राइट सेयर निष्कासन गरी दीर्घकालीन ऋण रकमको भुक्तानीको योजनाको बारेमा चासो राख्नुभयो। यसका साथै कम्पनीको प्रगतिप्रति बधाई दिँदै, संस्थागत सुशासन, कर्मचारीहरूको इमानदारिता, तालिम आदिको मूल्यांकनका लागि सजग गराउँदै आगामी वर्षमा प्रतिफलसहितको साधारणसभाका लागि शुभकामना दिनुभयो। श्री इन्द्रप्रसाद लामिछानेबाट साधारणसभाको आयोजना प्रथम त्रैमासिकभित्र गरिसक्न अनुरोध गर्दै कम्पनीबाट पर्यटन क्षेत्रमा गरेको योगदानका लागि कृतज्ञ भई प्रतिफलसहितको आगामी साधारणसभाका लागि शुभकामना व्यक्त गर्नुभयो। श्री गोविन्दबहादुर केसीबाट काठमाडौं उपत्यकाको पहिलो एकीकृत आयोजनाका रूपमा रहेको चन्द्रागिरि हिल्सबाट समग्र क्षेत्रको प्रचारप्रसारमा नै योगदान पुऱ्याएकोमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा थप सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। यसैगरी सुश्री निरुपमा गुप्ताबाट कम्पनीको सकारात्मक तथ्यांकहरूको विश्लेषण गर्दै आगामी वर्षहरूको रणनीतिका बारेमा चासो राख्नुभयो। श्री चन्द्रनारायण श्रेष्ठबाट कम्पनीको दीर्घकालीन ऋण कर्जालाई घटाई वित्तीय खर्च नियन्त्रणका लागि राइट सेयरको निष्कासन, कम ब्याजदरको ऋणपत्रहरूको निष्कासन आदिलगायत योजनाहरूका विषयमा ध्यानाकर्षण गराउनुहुँदै सफलताको कामना गर्नुभयो। श्री उद्दवप्रसाद घिमिरेबाट चन्द्रागिरिको राम्रो पक्ष ब्रान्डको पहिचान भएको र यस्ता अन्य एकीकृत परियोजनासमेतको लगानीका लागि कम्पनीको सम्पत्तिको वृद्धिका बारेमा सुझाव दिनुभयो। श्री सुदीप श्रेष्ठबाट केबलकार सेवालाई चुस्त राखी समय-समयमा आउने केबलकार सेवा अवरुद्धका समाचारका बारेमा जिज्ञासा राख्नुभयो। श्री गुणराज भट्टबाट चन्द्रागिरि हिल्सको धार्मिक, ऐतिहासिक गरिमाको वर्णन गर्दै उज्वल भविष्यको कामना गर्नुभयो। यसका साथै उहाँबाट यसप्रकारको परियोजनाको निर्माण गरी समग्र चन्द्रागिरि क्षेत्रको महिमा तथा मुलुककै पहिचानको धरोहरका परिकल्पनाकार तथा योजनाकारमा कृतज्ञता प्रकट गर्नुभयो। श्री विशेष अमात्यबाट चन्द्रागिरिको सेयरमा लगानी तथा प्रतिफलका लागि कम्पनीको भावी योजना तथा लगानीका रणनीति, लाभांश वितरण, दीर्घकालीन ऋणको भुक्तानी, स्थिर तथा फ्लोटिङ ब्याजदर आदिका बारेमा चासो राख्नुभयो। श्री श्रीहरि थापाबाट कम्पनीको सामाजिक उत्तरदायित्वमार्फत भइरहेको योगदानलाई केही थप गरी समग्र चन्द्रागिरि डाँडाको हरियाली, प्राकृतिक सम्पदाको संरक्षणका लागि जोड दिनुभयो। यसका साथै उहाँबाट कम्पनीबाट आय वृद्धिका लागि छुटसहितका योजनाका विषयमा समेत सुझाव प्रदान गर्नुभयो। श्री ध्रुवराज न्यौपानेबाट चन्द्रागिरिको परिकल्पना तथा योजनाका लागि धन्यवाद ज्ञापन गर्दै कम्पनीको आय-आर्जनका लागि विभिन्न योजनाहरूको निर्माण भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो। श्री कृष्णप्रसाद खड्गीबाट विगतदेखि नै स्थानीयस्तरबाट दिँदै आएको सहयोग तथा साथ आगामी दिनहरूमा समेत रहने विचार व्यक्त गर्दै विगतका सामाजिक उत्तरदायित्वको प्रतिबद्धताहरूको कार्यान्वयन थप व्यवस्थित हुने अपेक्षा व्यक्त गर्नुभयो।
सेयरधनीहरूबाट उठाइएका विषयहरूको बारेमा अध्यक्षज्यूबाट जवाफ दिने कार्य गर्नुभयो। उहाँबाट आउने दिनहरूमा यस्तै खालका नयाँ परियोजनाहरू निर्माणका लागि सकारात्मक तरिकाले लिने र नयाँ लगानी भित्र्याई अगाडि बढाउने विश्वास दिलाउनुभयो। उहाँबाट कम्पनीले रिसोर्ट परिसरमा निर्माण गर्न लागेको नयाँ ब्यांक्वेट हल तथा केबलकारको विस्तारको योजनाका बारेमा समेत जानकारी गराउनुभयो। साथै उहाँबाट आगामी दिनहरूमा अझै मिहिनेत गरेर व्यवसाय विस्तारका लागि बजार प्रवर्द्धनमा विशेष ध्यान पुऱ्याउन व्यवस्थापनलाई अनुरोध गर्दै आगामी दिनहरूमा चुस्त-दुरुस्त ढङ्गले अगाडि बढाउन र आगामी साधारणसभामा प्रतिफल वितरणको योजना प्रस्ताव गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँबाट सेयरधनीहरूबाट उठाइएको दीर्घकालीन कर्जाको भुक्तानीका लागि राइट सेयर निष्कासनका बारेमा आएको जिज्ञासाका विषयमा कम्पनीबाट हाल केही छलफल नभएकाले सो योजनाका बारेमा आगामी दिनमा रणनीति बनेमा साधारणसभामा छलफलका रूपमा प्रस्ताव गर्ने जानकारी गराउनुभयो। यसका साथै चन्द्रागिरि केबलकार सेवाका उपकरणहरू विश्वकै उत्कृष्ट कम्पनीको भएको तथा सेवा शतप्रतिशत सुरक्षित रहेकाले समय-समयमा विद्युत् सेवा अवरुद्ध भएको अवस्था वा केही प्राविधिक अवरुद्धमा केबलकार बन्द भएको विषय सामाजिक सञ्जालहरूमा अतिरञ्जित रूपमा व्याख्या गरिएको व्यहोरासमेत जानकारी गराउनुभयो। सेयरधनीहरूका लागि चन्द्रागिरि भ्रमणलाई थप प्रोहत्सान गर्न तथा चन्द्रागिरिमा आ-आफ्ना धार्मिक, समाजिक तथा पारिवारिक कार्यक्रमहरू, समारोहहरूको आयोजना गर्न आह्वान गर्नुभयो र सम्पूर्ण सेयरधनीहरूलाई केबलकार टिकटमा एक वर्षका लागि २५ प्रतिशत छुट दिने घोषणासमेत गर्नुभयो। अन्त्यमा अध्यक्षज्यूबाट सम्पूर्ण सेयरधनीहरूबाट कम्पनीका बारेमा दिनुभएका राय-सल्लाह, सुझाव तथा अनुरोधहरूका लागि सहृदय धन्यवाद ज्ञापन गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिमा उहाँहरूको साथ, सहयोगको उच्च मूल्यांकन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

८. **निर्णयहरू :** माथिका समसामयिक विषयहरूमा उपस्थित सेयरधनी महानुभावहरूले सहभागिता जनाउने काम सम्पन्न भएपछि छलफलका क्रममा सेयरधनीहरूबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा अध्यक्षज्यूबाट प्रतिबद्धता व्यक्त भएपछि विधिवत् रूपमा वार्षिक साधारणसभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरूउपर छलफल भई निम्नानुसार निर्णय गरियो :
क) **सामान्य प्रस्ताव :**
१) प्रस्ताव नं. १, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो।
२) प्रस्ताव नं. २, लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१ साल असार मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व.२०८०/०८१ को आय-व्यय हिसाब र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरू स्वीकृत गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।
३) प्रस्ताव नं. ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लेखा परीक्षण कार्यका लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषयउपर छलफल हुँदा यस कम्पनीको आ.व. २०८१/०८२ को लेखा परीक्षण कार्यका लागि लेखा परीक्षकका रूपमा पि.वाई.सी.एन्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखा परीक्षकका रूपमा नियुक्ति गर्ने र निजको पारिश्रमिकबापत रु.४,५०,००० (चार लाख पचास हजार मात्र भ्याटबाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।
ख) **विशेष प्रस्ताव :**
१) सञ्चालक समिति सदस्यको नियुक्ति अनुमोदन सम्बन्धमा।
मिति २०८१ साल मंसिर १० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार रिक्त रहेको सञ्चालक सदस्य पदमा बाँकी कार्यकालका लागि श्री नवराज नेपाललाई नियुक्त गरिएको निर्णयलाई यस सभाबाट अनुमोदन गरियो।
२) प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संशोधन गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
उल्लिखित प्रस्तावको विषयमा नियामक निकायहरूको ऐन-नियम कार्यान्वयनका लागि प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संशोधन गर्नुपर्ने अवस्थामा सञ्चालक समितिलाई संशोधनका लागि अख्तियारी दिने निर्णय गरियो।

श्री झलकराज शर्मा
(कम्पनी सचिव)

श्री हेमराज ढकाल
(अध्यक्ष)

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ राष्ट्रिय महिला लिग

रश्मि सर्वाधिक गोलकर्ताको एक्ली प्रतिस्पर्धी

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय महिला लिगको दोस्रो चरणमा सहभागी टिमले चार खेल खेल्दा स्ट्राइकर रश्मिकुमारी घिसिङ उच्च गोलकर्ताको दौडमा एकल प्रतिस्पर्धी भएकी छिन्। विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबकी रश्मिले दुवै चरणमा २५ गोल गरिन्। पहिलो चरणमा रश्मिले १८ र दोस्रो चरणमा चार खेल खेल्दा ७ गोल गरेकी छिन्। दोस्रो चरणमा एपिएपले चार खेल खेल्दा अपराजित यात्रा कायम राखेको छ। जसमा २३ गोल गर्दा मात्र दुई गोल व्यहोऱ्यो। दोस्रो स्थानको आर्मी र तेस्रो पुलिसको समान ७ अंक छ।

चौथो स्थानको बागमतीले ३ अंक जोड्दा वालिङ खाता खोल्न सकेको छैन। पहिलो चरणमा १० टोली सहभागी हुँदा पुछारमा रहेको सुदूरपश्चिम प्रदेशसँगै कर्णाली प्रदेश, चन्द्रपुर नगरपालिका, संकटा क्लब र बागमती बाहिरिएका थिए। तर, कोशी प्रदेशले आर्थिक कारण देखाउँदै अन्तिममा नाम फिर्ता लिएपछि पहिलो चरणमा छैटौं भएको बागमतीले अन्तिम चरण खेल्ने अवसर पाएको हो।

दोस्रो चरणमा अब हरेक टोलीले समान चार खेल खेल्नेछन्। यसपछि प्लेअफ चार टोलीले स्थान बनाउनेछन्। पहिलो चरणमा विभागीय टोली र सुदूरपश्चिमबाहेक अन्य टोलीले विदेशी खेलाडी अनुबन्ध गरेका थिए। दोस्रो चरण भने कुनै पनि खेलाडीले विदेशी खेलाडी अनुबन्ध गरेका छैनन्।



रश्मिकुमारी घिसिङ (एपिएफ क्लब)

गोल– २५

पहिलो र दोस्रो चरणमा एपिएफ क्लबले १३ खेल खेल्दा अपराजित यात्रा कायम राखेको छ। पहिलो चरणमा ९ र दोस्रो चरणमा चारै खेलमा जित निकाल्यो। रश्मिले पहिलो चरणमा ९ खेल खेल्दा १८ गोल गरिन्। २२ वर्षीया खेलाडीले दोस्रो चरणमा पनि ४ खेलमा ७ गोल गर्दै आफ्नो लय कायम राखेकी हुन्। रश्मिले पहिलो चरणमा कोशी, सुदूरपश्चिम तथा बागमती युवा क्लब र दोस्रो चरणमा पुनः बागमती र वालिडविरुद्ध ह्याट्रिक गरेकी छिन्। मुख्य स्ट्राइकर सावित्रा भण्डारी फ्रेन्च लिग खेल्न पुगेपछि प्रशिक्षक जीवेशकुमार पाण्डेले रश्मिलाई मुख्य स्ट्राइकरको जिम्मेवारी दिएका छन्। ०७८ सालमा त्रिभुवन आर्मीबाट खेलेकी रश्मि एपिएफमा आफूलाई स्थापित गर्न सफल भइन्। त्यसअघि रश्मिले रौतहटबाट खेल्ने गरेकी थिइन्।

चन्द्रा भण्डारी (त्रिभुवन आर्मी क्लब)

गोल– ८

आर्मीबाट पहिलोपटक राष्ट्रिय लिग खेलिरहेकी चन्द्रा भण्डारीको प्रदर्शन सानदार रहेको छ। धनगढीबाट नेपाली फुटबलमा उदाएकी चन्द्राले आर्मीबाट १३ खेल खेल्दा ११ गोल गरेकी छिन्। लिगमा डेब्यु गर्दा आठ गोल गरिन्। चन्द्राले लिगभर तीन ह्याट्रिक पूरा गरेकी छिन्। दोस्रो चरणमा उनले वालिडविरुद्ध ह्याट्रिक पूरा गरेकी हुन्। पहिलो चरणमा भने ८ गोल गरिन्। लगातारको प्रदर्शनसँगै उनी राष्ट्रिय टोलीबाट डेब्यु गर्नसमेत सफल भइन्। पहिलो चरणमा पनि चन्द्राले वालिडविरुद्ध ४३, ५४ र ७४औं र चन्द्रपुरविरुद्ध २, ४० र ८४औं मिनेटमा गोल गर्दै ह्याट्रिक गर्न सफल भएकी छिन्। त्यसैले पनि उनी टिमको प्लेइङ ११ मा निरन्तर छिन्। चन्द्राले ०७८ को लिगमा धनगढी उपमहानगरपालिकाबाट खेल्दा सात खेलमा ८ गोल गरेकी थिइन्।



विमला चौधरी (त्रिभुवन आर्मी क्लब)

गोल– १३



त्रिभुवन आर्मी तथा राष्ट्रिय टिमकी सदस्य विमल चौधरी रश्मिपछि सर्वाधिक गोलकर्ताको दौडमा दोस्रो स्थानमा छिन्। पहिलो चरणमा ७ गोल गरेकी कैलालीकी विमलाले दोस्रो चरणमा ६ गोल गरिसकेकी छिन्। चार खेल खेल्ने क्रममा वालिडविरुद्ध एक्लै चार गोल गरिन्। एक गोल वालिडविरुद्ध गरिन्। कम बोल्ने लजालु स्वभावकी विमलाले पहिलो चरणमा ९ खेल खेल्दै ७ गोल गरेकी थिइन्। २७ वर्षीय खेलाडीको सानदार प्रदर्शनले आर्मी दोस्रो चरणमा पनि दोस्रो स्थानमा छ। पहिलो चरणमा पनि आर्मी दोस्रो स्थानमै थियो। विंगर विमलाले यसअघि शारदानगरमा भएको लिगमा ७ खेल खेल्दै ३ गोल गरेकी थिइन्।

दीपा शाही (त्रिभुवन आर्मी क्लब)

गोल– ८

राष्ट्रिय टोलीकी सदस्य दीपाले त्रिभुवन आर्मीबाट खेल्दा पहिलो चरणमै आठ गोल गरेकी हुन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला च्याम्पियनसिप खेल्दा घाइते भएपछि दोस्रो चरण खेल्न पाइनन्। घुँडाको एसियल गएपछि हाल उनी रिकभरी गर्दै छिन्। पहिलो चरणमा उनले ९ खेल खेल्दा ८ गोल गरेकी हुन्। उनकै उत्कृष्ट प्रदर्शनमा आर्मी दोस्रो स्थानमा पनि रह्यो। हुम्लाकी १९ वर्षीया दीपाले पहिलो चरणमा सुदूरपश्चिम प्रदेशविरुद्ध १४-१ को जितमा एक्लै पाँच गोल गरेकी थिइन्। चन्द्रपुर नगरपालिकाविरुद्ध दुई तथा कर्णालीविरुद्ध एक गोल गरिन्। दीपाले अघिल्लो सिजन भारतीय आइलिग टोली किक स्टार्सबाट खेलेकी थिइन्।





अमिषा कार्की (त्रिभुवन आर्मी क्लब)

गोल– ८

आर्मीले पहिलो चरणमा दोस्रो स्थान प्राप्त गर्दा स्ट्राइकर अमिषा कार्कीको प्रदर्शन उच्च रह्यो। दोस्रो चरणमा पनि यही लय रहने उनको अनुमान थियो। तर, लिगअघि उनी नेपाली सेनाको सहायक सेनानीमा नाम निकाल्न सफल भइन्। दोस्रो चरण सुरु हुँनै लाग्दा सेनाले तालिममा बोलाएपछि पूरै प्रतियोगिता गुमाउने निश्चित थियो। तर, सेनाका क्याप्टेनसमेत रहेका प्रशिक्षक कृष्णसिंह ठगुन्नाले चौथो खेलमा एपिएफविरुद्ध अमिषालाई तालिमबाटै झिकेर एन्फा कम्प्लेक्समा उतारे। यद्यपि, एपिएफविरुद्ध लगातार अमिषाले दबाब सिर्जना गरे पनि गोलविहीन रहिन्। दोस्रोपटक आर्मीबाट लिग खेलेकी अमिषाले पहिलो चरणमा चन्द्रपुरविरुद्धको जितमा ह्याट्रिक गरेकी थिइन्। पूर्व क्लब वालिडविरुद्ध पनि दुई गोल गरेकी छिन्। यसअघि शारदानगरमा ७ खेल खेल्दा अमिषाले ४ गोल गरेकी थिइन्।

खेल संक्षेप

नेपाल, नेदरल्यान्ड्स र थाइल्यान्ड सम्मिलित सिरिज हुने

काठमाडौं/ नेपाल राष्ट्रिय महिला क्रिकेट टिमले नेदरल्यान्ड्स र थाइल्यान्ड सम्मिलित त्रिदेशीय सिरिज खेल्ने भएको छ। नेपाल क्रिकेट संघ नेपाल (क्यान)ले सूचना जारी गर्दै प्रतियोगिता माघ १७ देखि २५ सम्म हुने जनाएको छ। फाइनलसहित दसैं खेल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानामा हुनेछ। पहिलो खेल नेपाल र नेदरल्यान्ड्सबिच हुनेछ। तालिकाको शीर्ष दुई टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। क्यानले यो सिरिजबाट खेलाडीले अनुभव हासिल गर्ने आशा गरेको छ। 'यस ऐतिहासिक सिरिजले हाम्रा महिला क्रिकेट खेलाडीहरूलाई थप प्रेरणा तथा उत्साह थप्नुका साथै नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीलाई थाइल्यान्ड र नेदरल्यान्ड्सका दुई टोलीसँग प्रतिस्पर्धा गर्दै थप अनुभव हासिल गर्ने अवसरसमेत प्राप्त गर्ने विश्वास लिएका छौं।'

पुष्पसदन चेस सुरु

काठमाडौं/ पुष्पसदन अन्तर्राष्ट्रिय विद्यालय चेस च्याम्पियनसिप शनिबारबाट सुरु भएको छ। कीर्तिपुरस्थित पुष्पसदन आवासीय माध्यमिक विद्यालयद्वारा आयोजित प्रतियोगितामा भारतका नौजना विद्यार्थीसहित देशभरका दुई सय ५० जना विद्यार्थीले प्रतिस्पर्धा गरिरहेका छन्। तीनदिने प्रतियोगितामा यू-११, यू-१३ र यू-१५ छात्र तथा छात्रा, तीन अलग-अलग समूहमा प्रतिस्पर्धा भइरहेको प्रतियोगिता संयोजक केशव श्रेष्ठले जानकारी दिए। उनका अनुसार पहिलो दिनको दोस्रो राउन्ड समाप्तिसँगै पुष्पसदन आवासीय माध्यमिक विद्यालय, अन्नपूर्ण माबि, त्रियोग हाई स्कुल, स्वस्तिश्री गुरुकुललगायत विद्यार्थीले राम्रो खेल प्रदर्शन गरेका छन्। आइतबार तेस्रो, चौथो र पाँचौं राउन्ड खेल हुनेछ भने खेल बिहान १० बजे सुरु हुनेछ। बुद्धिचाल प्रतियोगितालाई अन्तर्राष्ट्रियस्तरसम्म लैजाने उद्देश्यले छिमेकी राष्ट्रका केही इच्छुक विद्यालयलाई समेत आमन्त्रण गरिएको थियो। जसमा सिक्किमबाट ३५ जना खेलाडीको सहभागिता रहेको छ।

सदभावलाई बंगलादेशमा उपाधि

काठमाडौं/ नेपालका सदभाव आचार्यले ३८औं बंगलादेश एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि जितेका छन्। बंगलादेशका सफिकुल इस्लाम र मोहम्मद साहबुद्दिनलाई ६ स्ट्रोकले हराउँदै उनले उपाधि जिते। उनी यो उपाधि जित्ने पहिलो नेपाली खेलाडी बनेका छन्। सन १९८८ को दोस्रो संस्करणदेखि नेपालले सहभागिता जनाउँदै आएको थियो। उपाधि जित्ने सदभाव पहिलो नेपाली खेलाडी बने। ढाकास्थित कुर्मितोला गल्फ क्लबमा आज १ अन्डर ओभर ७३ स्कोर बनाएका सदभावले समग्रमा ३ अन्डर ओभर २९१ सहित उपाधि जिते। चारदिने प्रतियोगितामा नेपालसहित बंगलादेश, श्रीलंका, पाकिस्तान, भुटान, दक्षिण कोरिया, जापान र अस्ट्रेलिया गरी आठ देशका कुल १०० जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए

दक्षिण एसियाली स्ट्रिट डिफेन्स सुरु

काठमाडौं/ नेपाल जितकुन्डो मार्सल आर्ट्स संघको आयोजनामा प्रथम दक्षिण एसियाली स्ट्रिट डिफेन्स प्रतियोगिता शनिबारदेखि लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्रमा सुरु भएको छ। पुरुषमा पाँच र महिलामा दुई गरी सात स्पर्धामा प्रतिस्पर्धा भइरहेको आयोजक संघका महासचिव एवं प्रमुख प्रशिक्षक शिवबहादुर थापाले जनाएका छन्। प्रतियोगितामा नेपाल, भारत, बंगलादेश र श्रीलंकाका ७० जना खेलाडी सहभागी छन्। पहिलो दिन पुरुष ५० केजीमुनि विजय थापाले सञ्जय दनुवार तथा नितेश कठायतले केशव पुजारालाई पराजित गरी फाइनलमा प्रवेश गरे। पुरुष ६० केजीमुनि अल्ताब दनुवारले अर्जुन परियार तथा नरेन्द्र दनुवारले अमित थापालाई हराउँदै फाइनलमा स्थान सुरक्षित गरे। पुरुष ६५ केजीमुनि विश्व तामाङले सञ्जित तामाङ तथा सञ्जित माझीले सुशान्त माझीलाई पाखा लगाउँदै फाइनल यात्रा तय गरे।

■ आहा-रारा पोखरा गोल्डकप

१२ टोलीले सहभागी जनाउने पक्का



कास्कीमा रोहितराज पराजुली

मोफसलको बहुप्रतिष्ठित आहा-रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको २४औं संस्करणमा १२ टोली प्रतिस्पर्धा गर्ने टुंगो लागेको छ। प्रतियोगिता २२ माघदेखि ३ फागुनसम्म चल्नेछ। अर्न्तराष्ट्रियस्तरको प्रतियोगितामा सहिद स्मारक ए डिभिजन लिगकाका आठसहित मोफसल, आयोजकसँगै विदेशी गरी १२ टोलीले प्रतिस्पर्धा गर्ने क्लबका पूर्वअध्यक्ष विक्रम थकालीले जानकारी दिए।

१२ टोलीमध्ये एक विदेशीसहित १० टोलको टुंगो लागेको संयोजक थकालीले जानकारी दिए। उनका अनुसार सर्वाधिक सफल नेपाल पुलिस क्लबसँगै श्री स्टार क्लब मच्छिन्द्र फुटबल क्लब, संकटा क्लब, चर्च ब्वाइज युनाइटेड फुटबल क्लब, न्युरोड टिम एनआरटी फुटबल क्लब, त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको एपिएफसँगै आयोजक सहारा क्लब, बेलायतको बिग्रेड ब्वाइज फुटबल क्लब सहभागी हुने निश्चित भइसकेको छ। पुलिससँगै सर्वाधिक ६ पटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लब भने सहभागी हुनेछैन।

भारतीय सेनासँगै चीन र जापानको टिमसँग कुरा भइरहेको उनले जानकारी गराए। प्रतियोगिताको विजेताले १२ लाख र उपविजेताले ६ लाख पाउनेछन्। सर्वोकृष्ट खेलाडीले स्कुटर पुरस्कार पाउँदा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट रक्षक, गोलकिपर, मिडफिल्डर, स्ट्राइगर र प्रशिक्षकले २५ हजार नगद पाउनेछन्। यस्तै, हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजक रहँदा प्रतियोगितालाई जयश्री फुड्सले सहप्रायोजन गर्ने भएको छ। क्लबका अध्यक्ष केशवराज बराल र जयश्री फुड्सका जनरल म्यानेजर अमित अग्रवालले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। जयश्री फुड्सले सहप्रायोजक बनेबापत प्रतियोगिता सञ्चालनका लागि क्लबलाई पाँच लाख नगद दिनेछ।

पुलिस र मनाङ सफल क्लब

प्रतियोगिताको २४औं संस्करणसम्म आइपुग्दा पुलिस मनाङ मर्स्याङ्दी क्लब सबैभन्दा धेरै उपाधि जित्ने सफल भएका छन्। २३औं संस्करण सकिँदा दुवै टोलीले समान ६ पटक उपाधि हात पारेका हुन्। तर, यसपटक मनाङ भने सहभागी हुनेछैन। कुनै समय निकै चर्चित रहेको मनाङ अहिले गुमनाम छ। क्लबभित्रै अस्तित्वमा रहने कि नरहने बहस सुरु भएका छन्। यसै गरी श्री स्टार क्लबले पाँच, संकटा क्लबले दुईपटक उपाधि उचाल्दा आर्मी, एपिएफ, आयोजक सहारा क्लब र पाहुना टोली अफ्रिकन युनाइटेड क्लबले समान एकपटक उपाधिमा उचालेका छन्।

एकेडेमीमा चौथो ब्याचका ३० बालक

विगत २३ वर्षदेखि पोखरामा फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको क्लबले ०५८ सालदेखि फुटबल एकेडेमीसमेत सञ्चालन गरिरहेको छ। कठिन परिस्थिति र विपन्न वर्गका बालकहरू आश्रित पोखरा १७ दोबिल्लास्थित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा हाल चौथो ब्याचका ३० जना बालक रहेका छन्। उनीहरूको आवास, पालनपोषणसँगै शिक्षादीक्षा फुटबल प्रशिक्षणको काम क्लबले गर्दै आएको छ। प्रत्येक वर्ष प्रतियोगिताको सञ्चालनपछि प्राप्त हुने आम्दानी क्लबले एकेडेमी सञ्चालनका लागि खर्च गर्दै आएको क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए।

■ जय ट्रफी एलिट कप

आर्मीका बलर हाबी भएपछि मधेशको कमजोर प्रदर्शन



वीरगन्जमा तिवारी यादव
जनकपुरमा हदिश खुद्दार

विभागीय टोली त्रिभुवन आर्मी क्लबका बलर हाबी हुँदा जय ट्रफी पुरुष दुईदिवसीय एलिट कपको आफ्नो तेस्रो खेलमा मधेश प्रदेश कमजोर भएको छ। वीरगन्जको नारायणी रंगशालामा पहिलो दिन आर्मीका स्पिनर हाबी रहे। खेल सुरु भएको समयदेखि नै मधेश कमजोर रह्यो। एकै दिन मधेश फलोअनमा परेको छ। प्रतियोगिताको पहिलो दिनमा दोस्रोपटक ब्याटिङमा उत्रेको मधेश स्टम्पसँगै विनाविकेट दुई रन बनाएको छ।

खेलमा टस हारेर पहिला ब्याटिङ गरेको आर्मीले ९ विकेट गुमाउँदै २ सय २५ रन बनाएर इनिङ्स छाडेको हो। मधेशविरुद्ध आर्मीका बसिर अहमद र भीम सार्कीले अर्धशतक बनाए। बसिरले ६७ र भीमले ५३ रन बनाएका थिए। ओपनर इमरान सेखले ४२ बनाएका हुन्। मधेशका स्पिनर रञ्जित कुमारले पाँच विकेट हात पारे। उनले १६.३ ओभरमा ४४ खर्चिएका थिए प्रदीप पासवानले २ तथा कप्तान हरिशंकर साह र अभिषेक तिवारी समान १ विकेट लिए।

पहिलो खेलमा जवाफी ब्याटिङमा आएको मधेश प्रदेश १ सय २ रनमा अलआउट हुनपुग्यो। ३५.५ ओभरमा मधेश अलआउट भएको थियो। मधेशका कप्तान हरिशंकरले ३१ रन बनाए भने मयन यादव ११ रन, अभिषेक तिवारी १३ रन र प्रदीप पासवान १० रन बनाएका थिए। आर्मीका साहब आलमले १२ ओभरमा ६ विकेट लिए।

मधेशविरुद्ध आर्मीका बसिर अहमदले ६७ र भीम सार्कीले बनाए ५३ रन

पुलिसविरुद्ध बागमती ९५ रनले पछि

प्रतियोगितामा पहिलो जित निकालेको नेपाल पुलिस क्लबविरुद्ध तेस्रो खेलमा पहिलो दिन सकिँदा बागमती प्रदेश ९५ रनले पछि परेको छ। जनकपुरस्थित रामजानकी मैदानमा दोस्रो इनिङ सुरु गरेको बागमतीले ८ रन बनाउँदा कुनै विकेट गुमाएको छैन। बागमतीका लागि रित गौतम पाँच र ईशान पाण्डे तीन रन बनाएर खेलिरहेका छन्। यसअघि पुलिसले २१५ रन बनाउँदै पहिलो इनिङमा १०२ रनको अग्रता लिएको थियो। पुलिसका लागि अमित श्रेष्ठले ९७ बलमा १० चौका र दुई छक्कासहित सर्वाधिक ७९ रन बनाए। अर्जुन साउदले ८२ बलमा ८ चौका र २ छक्काको मद्दतले ७७ र गुल्सनकुमार झाले १७ रन बनाए। बागमतीका लागि कप्तान सन्दीप लामिछानेले चार, नन्दन यादव र प्रतिश जिसीले समान दुई तथा रिजन ढकालले एक विकेट लिए।

ईशानको ७१ रन

त्यसअघि टस हारेर ब्याटिङ गरेको बागमती पहिलो इनिङमा ११२ रनमै समेटिएको थियो। बागमतीका लागि ईशान पाण्डेले ९४ बलमा १० चौकासहित सर्वाधिक ७१ रनको योगदान गरे। प्रतीक श्रेष्ठले १२ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्नै सकेनन्। पुलिसका स्पिनर ललितनारायण राजवंशीले सार्वधिक चार विकेट लिएका थिए। श्रवण यादवले तीन र कुशल भुर्तेलले दुई विकेट लिएपछि बागमती सस्तैमा समेटिएको थियो।

भैरहवामा राष्ट्रपति रनिङ सिल्ड सुरु

नयाँ पत्रिका

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका (भैरहवा)को आयोजनामा शनिबारदेखि अन्तरविद्यालय नगरस्तरीय चौथो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सुरु भएको छ। प्रतियोगिता सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ स्थित पक्लिहवा माध्यमिक विद्यालयमा, पक्लिहवा कृषि क्याम्पस र वडा नम्बर ५ स्थित भैरहवा नमुना माध्यमिक विद्यालयको खेलमैदानमा भइरहेका छन्। प्रतियोगिताअन्तर्गत तेक्वान्दो, एथलेटिक्स, कबड्डी र भलिबल खेल हुनेछन्। भलिबलतर्फ १९ विद्यालयका छात्रको १६ र छात्राको १६ टिमको सहभागिता रहेको युवा, शिक्षा तथा खेलकुद शाखाका प्रमुख चेतनशील लम्सालले जानकारी दिए। त्यस्तै कबड्डीतर्फ १३ विद्यालयका छात्रहरूको ११ टिम र छात्राहरूको १० टिमको सहभागिता रहेको छ। तेक्वान्दोतर्फ १५ विद्यालयका छात्रतर्फ १० र छात्रातर्फ १२ टिमको सहभागिता छ। एथलेटिक्सतर्फ २० विद्यालयका छात्र तीन सय ८० र छात्रा तीन सय ८० जनाको सहभागिता रहेको छ। प्रतियोगिता अवधिभर ४२ इभेन्टमा खेल हुनेछन्। प्रतियोगितामा २७ विद्यालयका ६ सय ५० छात्र र ६ सय ३९ छात्रा गरी १ हजार २ सय ८९ जना विद्यार्थीको सहभागिता रहनेछ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com